सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १५ ● अंक ३९ ● काठमाडौं, शुक्रबार, माघ २९, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Feb 12, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-

# सर्वाधिक आकर्षक

## पुरुष र महिला





विदुर खतिवडा/शिव मुखिया

वर्षका आकर्षक १० पुरुष तथा महिला व्यक्तित्व को-को हुन् ? भनेर नेपाली पत्रकारितामा अहिलेसम्म खोजि गरिएको पाईएको छैन । साप्ताहिकले पहिलो पटक भ्यालेन्टाइन डेलाई लक्षित गरेर १० आकर्षक पुरुष र महिला खोज्ने जमर्को गरेको छ । सानो समूहमा गरिएको सर्वेक्षणका आधारमा हामीले आकर्षक २२ नाम सार्वजनिक गरेका छौं । सर्वेक्षणमा पुरुषतर्फ एक नम्बरमा दुई जना पर्न सफल भए भने महिलातर्फ १० नम्बरमा दुई जना छनौट भए ।

साप्ताहिकको सर्वेक्षणमा परेका यी नामहरू नेपाली समाजमा आकर्षक छविका कारण चर्चित छन् । रूप, आकर्षक व्यक्तित्व एवं पेसागत प्रतिनिधित्वका आधारमा सर्वेक्षणमा सहभागीहरूले उत्कृष्ट १० व्यक्तिको नाम सिफारिश गरेका थिए । जसमा सबैभन्दा धेरै मत पाउने १० जना आकर्षक १० मा समेटिए ।

सर्वेक्षणका क्रममा महिलाहरूलाई १० आकर्षक पुरुषको नाम दिन आग्रह गरिएको थियो भने पुरुषहरूसँग १० आकर्षक महिलाको नाम मागिएको थियो। सर्वेक्षणका क्रममा आकर्षक पुरुष व्यक्तित्वका रूपमा पहिलो नम्बरमा नायक राजेश हमाल र गगन थापा पर्न सफल भए। दुवैले बराबर मत हासिल गरेका थिए । यस्तै दोस्रो स्थानमा भुषण दाहाल र तेस्रो स्थानमा सुवास नेम्वाङ परेका थिए । आकर्षक व्यक्तित्वको सूचीमा गिरिजाप्रसाद कोइरालालाई पनि राम्रो मत प्राप्त भएको थियो ।

त्यस्तै महिलातर्फ सबैभन्दा धेरै मत सभासद तथा अधिवक्ता सपना मल्ल प्रधानले पाइन् । दोस्रो स्थानमा नायिका झरना बज्राचार्य र तेस्रो स्थानमा स्नेहा राणा पर्न सफल भए । महिला तर्फ अनुराधा कोइरालालाई धेरैले छुटाएनन् । साप्ताहिकले प्रेमदिवसमा आकर्षक छविका पुरुष-महिला अनुहार खोज्नुको अर्को उद्देश्य नेपाली समाजमा पनि आकर्षक व्यक्तित्वका बारेमा खुला बहस छेड्नु हो । प्रारम्भिक चरणको यो सानो सर्वेक्षणलाई आगामी वर्षहरूमा हामीले ठूलो स्वरूपमा विकास गर्दा अझ परिष्कृत परिणाम आउने निश्चित छ । सर्वेक्षणका क्रममा मिडियामा देखिएका धेरै अनुहार आकर्षक १० मा परे । मिडियामा नआएका तर आकर्षक इमेज भएका अन्य व्यक्तित्वहरू पनि छन्, जसलाई बृहत् सर्वेक्षणका क्रममा मात्र समेट्न सकिन्छ।

विस्तृत पृष्ठ २८ देखि

साप्ताहिकको यो अंकमा
प्रणय दिवस विशेष सामग्री समावेश छ










# राशिअनुरूप प्रेमजीवन



**मेष**

मेष राशि सूर्यको प्रतीक हो। रातो-तातो मानिने मेष राशिको प्रेम जीवन अत्यन्त ऊर्जावान् हुन्छ। आफ्ना प्रेमीलाई सन्तुष्टि दिनु यो राशिको एकमात्र ध्येय हुन्छ। यो राशिका मानिसहरू आफ्नो यौनसाथीलाई जुन रूपले सन्तुष्टि दिन्छ त्यस्तै सन्तुष्टि आफ्नो यौनसाथीबाट पनि चाहना गर्छन्। मभन्दा हामीको भावनाले प्रेम गर्ने मेष राशिको स्वभाव हुन्छ।

**वृष**

वृष राशिलाई पृथ्वीको प्रतीक मानिन्छ। प्रेममा शक्तिको प्रयोग गर्ने यो राशिको प्रेमजीवनले समानताको अपेक्षा गर्छ। अत्यन्त विलासिताको चाहना गर्नु यो राशिको स्वभाव हो। हल्का तर मीठो प्रेमको अपेक्षा गर्दै यो राशिका मानिसहरू आफ्नो यौनसाथीबाट सन्तुष्टिको ग्यारेन्टीको अपेक्षा गर्छ। सुस्त गतिमा ठोस रूपले प्रेमको प्रारम्भ गर्ने वृक्ष राशिका मानिसहरू वाहिर देखिने चरित्रको विपरित प्रेम व्यवहार गर्न खप्पिस हुन्छन्।

**मिथुन**

मिथुन राशिलाई बुधको प्रतीक मानिन्छ। प्रेममा अन्त्यहीन समर्पणको चाहना गर्ने यो राशिको प्रेम जीवन हावाको वेग जस्तै तीव्र हुन्छ। प्रेममा निरन्तर आनन्दको अपेक्षा गर्दै यो राशिका मानिसहरू आफ्ना यौनसाथीको अस्वीकृति वा आलस्यताप्रति तत्काल प्रतिक्रिया जनाउादै हिंस्रक स्वभाव प्रदर्शन गर्छन्। आफ्नो यौनसाथीबाट सदैव नयाापनको चाहना गर्ने यो राशिका मानिसहरू आफू पनि तार्किक रूपमा प्रेम गर्न रुचाउाछन्।

**कर्कट**

कर्कट राशिलाई चन्द्रमाको प्रतीक मानिन्छ। प्रेममा शान्ति र शीतलताको खोजीमा रम्ने यो राशिको प्रेमजीवन चक्रवातजस्तो अचानक उत्तेजनामा आउने किसिमको हुन्छ। आफ्नो यौनसाथीलाई अठ्याएर प्रेम अभिव्यक्त गर्ने कर्कट राशिका मानिसहरू छोटो तर मीठो समागममा विश्वास गर्छन्। भावनामा बगेर भन्दा वैचारिक रूपले सहमत भएर प्रेममा रमाउन चाहने कर्कट राशिका मानिसहरू सदैव समर्पित प्रेमीको खोजीमा हुन्छन्।

**सिंह**

सिंह राशिलाई शक्ति र समृद्धिको प्रतीक मानिन्छ। प्रेममा जहिले पनि आफ्ना यौनसाथीमाथि हैकम जमाउने चाहना गर्ने यो राशिको प्रेम जीवन सार्वजनिक हुने अपेक्षाले ओतप्रोत हुन्छ। आफ्नो यौनसाथी प्रति इमान्दार रहने सिंह राशिका मानिसहरू मनैदेखि प्रेम गर्छन र आफ्नो प्रेमी वा प्रेमिकाले आफूलाई मात्र प्रेम गरोस भन्ने चाहना राख्छन्। प्रेममा धोका भन्ने कुरा यो राशिका मानिसहरू कल्पना समेत गर्न चाहदैनन्।

**कन्या**

कन्या राशिलाई सेवा र त्यागको प्रतीक मानिन्छ। प्रेममा आफ्ना यौनसाथीप्रति सदैव सहयोगी र आत्मीयताको भाव राख्ने यो राशिको प्रेम जीवनले संकटको बेला पनि धैर्य तथा संयमको चाहना गर्छ। आफ्नो प्रेम जीवनमा कुनै पनि किसिमको हस्तक्षेपलाई अस्वीकार गर्ने स्वभाव हुने कन्या राशिका मानिसहरू वास्तविक अर्थमा रोमान्टिक हुन्छन्। जति लिनुपर्छ प्रेममा त्यति नै दिनुपर्छ भन्ने मान्यता राख्ने यो राशिका मानिसहरू प्रेमलाई हिसाब किताबको बहीखातासाग तुलना गर्छन्।

**तुला**

तुला राशिलाई सन्तुलन तथा सुखको प्रतीक मानिन्छ। आफ्नो यौनसाथीबाट आफूले जस्तै प्रेमसम्बन्धको अपेक्षा गर्ने तुला राशिका मानिसहरू प्रेमलाई अभिव्यक्त गर्दा चुम्बकीय आकर्षणको पक्षमा हुन्छन्। माया गर्दा माया मात्र हुनुपर्छ, मायामा सम्झौताको कुनै स्थान हुादैन भन्ने मान्यता राख्ने तुला राशिका मानिसहरू आफ्नो यौनसाथी समर्पित र इमान्दार होस् भन्ने चाहना राख्छन्। वास्तवमा भन्ने हो भने मन र मुटुको कुरा यो राशिका मानिसहरूमा जस्ताको तस्तै लागू हुन्छ।

**वृश्चिक**

वृश्चिक राशिलाई बिच्छीको प्रतीक मानिन्छ। आफ्नो यौनसाथीलाई रसपूर्ण प्रेम गरिसकेपछि पीडादायी अनुभूति दिनु यो राशिका मानिसहरूको स्वभाव हुन्छ। प्रेम गर्दा जहिले पनि काल्पनिक र जादुयी स्पर्शको कल्पना गर्ने वृश्चिक राशिका मानिसहरू एक जनासाग प्रेम गर्छन् भने यौनसम्बन्धका बेला अर्को व्यक्तिको कल्पनामा हराउाछन्। वृश्चिक राशिका मानिसहरू प्रेमका मामिलामा चलाख हुन्छन् र धूर्तताको प्रदर्शन गर्न कत्ति पनि हिचकिचाउादैनन्। आवश्यकताभन्दा बढी कामुक हुने भएकाले कतिपय अवस्थामा यो राशिका मानिसको प्रेमजीवन खल्बलिन पुग्छ।

**धनु**

धनु राशिलाई धनुषको प्रतीक मानिन्छ र दार्शनिक प्रेमको स्वभाव प्रदर्शन गर्नु यो राशिका मानिसहरूको विशेषता हो। आफ्नो यौनसाथीभन्दा आफूलाई बढी महत्वपूर्ण मान्ने धनु राशिका मानिसहरू प्रेम र जीवनलाई अलग-अलग पाटोका रूपमा लिन्छन्। जोसाग प्रेम गरियो उसैसाग विवाहलाई आवश्यक नदेख्ने धनु राशिका मानिसहरू एकैपटक दुई वा दुईभन्दा बढी मानिससाग प्रेम गरिरहेका हुन्छन्। यस्तो स्थितिले कहिलेकाहीं धनु राशिका मानिसहरू प्रेमको मामिलामा तनावपूर्ण अवस्थाको सामना गर्न बाध्य हुन्छन्।

**मकर**

मकर राशिलाई गोहीको प्रतीक मानिन्छ, त्यसैले प्रेम गर्ने मामिलामा यो राशिका मानिसहरू स्वार्थी हुन्छन्। आफ्नो यौनसाथीसाग रसपूर्ण सम्बन्धका बाबजुद सदैव असन्तोष व्यक्त गर्नु मकर राशिका मानिसको स्वभाव हुन्छ। परम्परागत सम्बन्धलाई नयाा ढंगले अभिव्यक्त गर्ने चाहना राख्ने मकर राशिका मानिसहरू सदैव प्रेममा आफ्नो जितको अपेक्षा गर्छन्। प्रेममा हामीभन्ने भावनाबाट टाढा मकर राशिका मानिसहरू म भन्ने तत्वबाट प्रेरित हुन्छन्। यसैकारण यो राशिका यौनसाथीहरू सदैव अपमानबोधले ग्रस्त हुन्छन्।

**कुम्भ**

कुम्भ राशिलाई पानीको भााडाको प्रतीक मानिन्छ, त्यसैले यो राशिका मानिसहरू आफ्ना यौनसाथीप्रति सदैव सकारात्मक दृष्टिकोण राख्छन् र यौनसाथीको सन्तुष्टिका लागि आफूलाई समर्पित गर्छन्। कुम्भ राशिका मानिसहरू मानसिक रूपमा पनि आफ्ना प्रेमि वा प्रेमिकाप्रति सदैव समर्पणको भावना देखाउने चाहनाले ओतप्रोत हुन्छन्। यौन सम्बन्धलाई तिर्खाएको अवस्थासाग तुलना गर्ने कुम्भ राशिका मानिसहरू आफ्ना कारणले आफ्नो यौनसाथीले असन्तुष्टिको अनुभव गर्न नपरोस भन्ने कुरामा सचेत हुन्छन्।

**मीन**

मीन राशिलाई माछाको प्रतीक मानिन्छ, त्यसैले यो राशिका मानिसहरू नाटकीय रूपमा प्रेम अभिव्यक्त गर्नुपर्छ भन्ने मान्यता राख्छन्। काल्पनिक संसारमा रमाएर प्रेम गर्नु र आफ्नो प्रेमलाई गोप्यता प्रदान गर्नु मीन राशिका मानिसहरूको स्वभाव हुन्छ, त्यसैले यो राशिका मानिसहरूलाई सपनाको प्रेमीको संज्ञा समेत दिइन्छ। काल्पनिक कुराबाट बढि प्रभावित भएकाले मीन राशिका मानिसहरूको यौनसाथीको जीवन कष्टपूर्ण मानिन्छ। कतिपय अवस्थामा उनीहरूको यौन जीवन असन्तुष्ट र तनावपूर्ण समेत देखिन्छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



**यो साताको पञ्चाङ्ग**

माघ २९ गते : महाशिवरात्रि, डार्बिन दिवस, फागुन १ गते : कुम्भ संक्रान्ति,
२ गते : औंसी, प्रेम दिवस ।

**मेष**

सोचेका कुरामा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। अरूको मन सजिलै जित्न सकिनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। महत्त्वपूर्ण जिम्मेवारी पाइन सक्छ। घरेलु समस्याले सताउने भएकाले सफलताका लागि घरबाहिरै बस्नु उचित हुन्छ।

**मिथुन**

सानो काममा पनि सफलता पाउन मुस्किल देखिन्छ। स्वास्थ्य गडबड रहन सक्छ। विवादको सामना गर्नुपर्नेछ। व्यवसायमा पाइने सफलता कायमै रहे पनि अप्ठ्याराहरू पनि आउनेछन्। बिहीबार मान-सम्मान मिल्ने, काममा सफलता मिल्ने, पराक्रमको गति तीव्र हुने तथा नयाँ काम पाइने योग छ।

**सिंह**

महत्त्वपूर्ण कामलाई सुरुमै सक्नु राम्रो हुन्छ। परिश्रम गर्दा काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। बोल्दा विचार पुर्‍याउनुहोला। सानै प्रयासले पनि ठूलो काममा सफलता प्राप्त होला। प्रेम गर्ने अवसर मिल्नेछ। साताको अन्तमा स्वास्थ्य गडबड रहने, चिन्ता एवं विवादले सताउने योग छ।

**तुला**

घरेलु समस्याले सताउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। कुरा काट्नेहरू सक्रिय रहने भएकाले बोल्दा विचार पुर्‍याउनुहोला। साताको अन्त्यतिर काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ।

**धनु**

रिसको बेग बढ्नुका साथै विवादको सामना गर्नुपर्नेछ। कुरा काट्नेहरू घेरै हुनेछन्। घरेलु समस्याले सताउनेछ। मन-मस्तिष्कमा पीडा हुन सक्छ। आइतबार र सोमबार पराक्रम बढ्ने तथा अधुरा काम पूरा हुने योग छ। धन आर्जन गर्न सकिनेछ। अरूबाट प्रशंसा पाइने योग छ। भाग्यले पनि साथ दिनेछ।

**कुम्भ**

खर्च, विवाद एवं चिन्ता बढ्नेछ। काममा अवरोधको सामना गर्नुपर्ला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। घरेलु समस्याले सताउनेछ। अध्ययनमा अवरोध आउनाले चिन्ता बढ्नेछ। आइतबार र सोमबार मान-सम्मान एवं काममा सफलता मिल्ने तथा व्यवसायमा लाभ हुने योग छ।

**वृष**

निराशा एवं उदासीनता बढ्नेछ। कामको बीचमा अवरोध आउनाले मनोबल घट्न सक्छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। आइतबारदेखि पराक्रम बढ्ने, रोकिएका काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। व्यवसायमा सफलता प्राप्त हुनेछ। रमाइलो यात्रा हुनुका साथै मन प्रसन्न रहनेछ।

**कर्कट**

मन प्रसन्न रहनेछ भने काममा सफलता मिल्नेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइने छ। प्रेम गर्ने अवसर प्राप्त हुनेछ। आइतबारदेखि ग्रह प्रतिकूल बन्दै जानेछ। स्वस्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्।

**कन्या**

काममा अवरोध आउनुका साथै रोग एवं शत्रुले सताउने देखिन्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। कुरा काट्नेहरू सक्रिय हुनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबारदेखि परिश्रम गर्दा काममा सुधार आउनेछ। भेटघाटमा मन रमाउनेछ। पहिलो भेटमै अरूको विश्वास जित्न सकिनेछ।

**वृश्चिक**

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।सुरुमा आफन्तहरूले सहयोग गरे पनि पछि गुनासो गर्नेछन्। प्रतिस्पर्धीहरूसित कडा प्रतिस्पर्धा गर्नुपर्ने भएकाले विचार पुर्‍याउनुहोला। मनमा द्विविधा बढ्न सक्छ, धैर्यधारण गर्नु उचित हुन्छ। लेनदेनमा विवाद बढ्ने भएकाले आर्थिक कारोबारमा सजग रहनुपर्नेछ।

**मकर**

व्यवसायमा सोचेभन्दा बढी नै सफलता प्राप्त हुनेछ। प्रेम गर्ने अवसर पनि मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने योग छ। आफन्तहरूले पनि सहयोग गर्नेछन्। अध्ययनमा सफलता प्राप्त हुनेछ। बौद्धिक सम्मान पाइनेछ। प्रयास गर्दा धन आर्जन गर्न सकिनेछ। आइतबार र सोमबार विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

**मीन**

सुरुमा धन आर्जन हुने योग भए पनि खर्चको तीव्रता कायमै रहेकाले मन अशान्त रहनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। काममा अवरोध सिर्जना गर्नेहरू सक्रिय हुनेछन्। आफन्तहरूको सहयोगले केही काम बन्नेछ। आइतबार र सोमबार अनावश्यक विवादले सताउनेछ।



# मायामा चोट र हिंसा बढ्दो

*किन मायामा यति धेरै चोट हुन्छ सहनै गाह्रो भयो मलाई*

मायामा चोट पाएकाहरूले हिजोआज नेपाल टेलिकमले प्रचलनमा ल्याएको यो गीतलाई नै आफ्नो कलर रिङ ब्याक टोन राख्ने गरेका छन् । आफूले पाएको चोट र व्यथा साथीभाइ र फोन गर्ने शुभचिन्तकलाई व्यक्त गर्न चाहनेहरूले कलर रिङ ब्याक टोनका रूपमा यो गीत राख्ने गरेका हुन् ।

भक्तपुरको एक जोडीमध्ये युवतीको मोबाइल बजेपछि युवकले फोन गर्नेलाई राजनैतिक कार्यकर्ता लगाएर तेरो हातखुट्टा भाँचिदिन्छु भनेर धम्क्याए । पछि बुझ्दा ती युवा प्रेमी-प्रेमिका रहेको र युवतीको पूर्वप्रेमीले फोन गरेर हैरान पारेको हुँदा राजनैतिक गुन्डा लाएर तिनलाई तह लगाउने डर देखाएको बताए ।

त्यसै गरी बाटोमा कलेज ड्रेसमा आइरहेकी एक छात्राका अगाडि एउटा मोटरसाइकल आएर रोकियो । मोटरसाइकलमा आएको युवकले युवतीलाई बाइक पछाडि चढ, घर पुर्‍याइदिन्छु भने, तर युवतीले मानिनन् । आफ्नो कुरा नमानेपछि ती युवकले युवतीलाई झापड हाने । त्यही बेला उनीहरूकै कलेजकी अर्कै युवती आएर मलाई घर पुर्‍याइदेऊ भनेपछि दुवै जना त्यहाँबाट बाइकमा गुडे । ती युवतीले भर्खर जाने केटा आफ्नै कक्षामा पढ्ने बताउँदै, उसले घर पुर्‍याइदिन्छु भनेर अर्कै ठाउँमा लाने गरेको कुरा सुनाइन् । उसको कुरा नमान्ने युवतीलाई कुट्ने उनको दाबी थियो ।

अर्को ठाउँमा भने युवतीले युवकलाई झापड हानेको देखियो । किन पिटेको भनेर सोध्दा युवतीले निर्धक्कका साथ कार्यालयमा आएर काममा डिस्टर्ब गरेकाले झापड हानेको बताइन् । युवकले भने युवतीले

बाँकी पृष्ठ १८ मा

प्रेम मानिसको नैसर्गिक अधिकार हो - ओशो










# प्रेम र विवाह



ओशो

मानिसको जीवनको केन्द्रमा परिवार हुन्छ । एउटा मानिस परिवारका लागि काम गर्छ र बाँच्छ । उसको धेरैजसो समय परिवारको मायामा बित्छ । यो परिवार विवाहको सेरोफेरोमा बाँधिएको हुन्छ । हो, एउटा मानिस विवाहको बन्धनमा बाँधिएको हुन्छ, तर हुनुपर्थ्यो प्रेम, विस्वासमा एवं घनिष्टतामा । एउटा मानिस प्रेममा नबाँधिई विवाहमा बाँधिनु विडम्बना हो । यही हामीले भूल गर्‍यौं । परिवार निर्मित हुनुपर्छ, प्रेमको केन्द्रमा । प्रेमबिना विवाहको अर्थ छैन, तर मानिसहरूलाई लाग्छ, विवाह भएपछि प्रेम आफैं हुन्छ । यो गलत हो । साँचो कुरा के हो भने प्रेम परमात्माको व्यवस्था हो । विवाह मानिसको व्यवस्था हो । हामीले मानिसले गरेको व्यवस्था विवाहलाई महत्त्वपूर्ण मान्यौं, प्रेमलाई सेकेन्डरीमा राख्यौं ।

मानव समाजले ५ हजार वर्षदेखि एउटा युवक र युवतीबीच विवाह गराउँदै आएको र ऊ मान्छ, उनीहरू प्रेम गरिरहेका छन् । जबकि प्रत्येक विवाहित जोडी असन्तुष्टि एवं प्रेमको अभावमा बाँच्न विवश छन् । ५ हजार वर्षदेखिको यो असन्तुष्टिलाई समाजले किन बुझ्दैन ? समाज अन्धो भैसकेको छ । युगल जोडी के चाहन्छन्, ऊ बुझ्नै चाहँदैन । बडेबडे कानुन निर्माण गरेर यसलाई स्थापित गर्ने प्रयास गरिएको छ । जबकि युवाजोडी विवाह होइन, उन्मुक्त प्रेम चाहन्छन् । दुई जनालाई मण्डपमा सात फेरा घुमाएर, ईश्वरका अघि शपथ ख्वाएर प्रेमलाई होइन, विवाहलाई अमर बनाउन चाहन्छन् । कस्तो हाँसउठ्दो सामाजिक चलन ?

प्रेमको जन्म स्वतन्त्रतामा हुन्छ । प्रेमको जन्म स्वतन्त्रताको भूमिमा हुन्छ । कुनै बन्धन नभएको स्थानमा, कुनै कानुन नलाग्ने ठाउँमा र कुनै जबरजस्ती नहुने समाजमा हुन्छ । प्रेम व्यक्तिको आत्मदान हो, बन्धन होइन ।

हामी स्त्री र पुरुषको मनमा, युवक र युवतीको मनमा प्रेमको हत्या गरिदिन्छौं र भन्छौं, विवाहपछि प्रेम उत्पन्न हुन्छ । वास्तवमा विवाहपछि त प्रेमको हत्या हुन्छ । यदि मानौं विवाहपछि प्रेम भयो रे, दुई जोइ-पोई मिलेर बसे रे, तर वास्तविकता के हो भने त्यो प्रेम भएको होइन, समाजले उत्पन्न गरिदिएको हो । समाजले उत्पन्न गरेको परिस्थितिलाई युवाजोडी प्रेम मान्छ र प्रेम निर्वाह गर्न थाल्छ । प्रेम अरूले उब्जाएर उब्जने कुरा हो र ? यति पनि किन नबुझेको ?

जसलाई हामी विवाहबाट उब्जिएको प्रेम मान्छौं, त्यो प्रेम केवल सहवासबाट उत्पन्न भएको मोह हो । त्यहाँ प्रेमको विद्युतीय चमक उठ्दैन । जुन दिन सहवासबाहेक अन्य पारिवारिक दायित्व निर्वाह गर्ने कुरा आउँछ, त्यसपछि खटपट सुरु हुन्छ । प्रेम भए किन त खटपट ? प्रेममा समपर्ण, एक-अर्काको खुसी महत्त्वपूर्ण हुन्छ होइन र ?

आधुनिक भैसकेको भनिएको समाजमा पनि बिनाप्रेम, बिनाआन्तरिक परिचय, हृदयको झंकार नबजी एउटा युवक र एउटी युवतीबीच विवाह गरिदिन्छौं अथवा विवाहको उद्देश्यले उनीहरूबीच परिचय हुन्छ । केही दिन वार्तालाप हुन्छ र उनीहरू मान्छन्, हाम्रो प्रेमविवाह भएको हो । जब कुनै प्रेम विवाहको उद्देश्यबाट हुन्छ भने त्यहाँ कहाँ प्रेम हुन्छ ? यो त सेक्स गर्ने वैधानिक बाटो मात्र खोजिएको हो । जहाँ सेक्सका लागि समाजले वैधानिक बाटो बनाएको छ, त्यहाँ प्रेम जन्मन्छ भन्ने मान्नु कहाँको विद्वत्ता हो ? यो त आँप फलाउने उद्देश्यले रोपिएको बोटमा नरिवल फल्छ भन्ने सोच्नुजस्तै भएन र ?

आज हरेक परिवारमा कलह छ । जसलाई हामी गृहस्थी भन्छौं, त्यो संघर्ष, कलह, द्वेष, ईर्ष्या, शंका र चौबीसै घण्टा तनावमा छ । एउटा व्यक्ति घरबाट बाहिर निस्कँदा मुस्कुराएको देख्नुभयो भने तपाईंलाई लाग्दो हो, यो परिवार सुखी छ, तर त्यो घरभित्र ध्यान दिएर चिहाउनुहोस्, अनि थाहा हुन्छ, त्यहाँ एकातिर कौरव र अर्कातिर पाण्डव खडा छन् ।

प्रेम तृप्तिको चरमबिन्दु हो । परिवारमा किन कलह छ ? किनभने परिवारमा प्रेमको खाँचो छ । प्रेम प्राप्त नभएपछि व्यक्तिले प्रेमको माग गर्छ । प्रेम नभएपछि व्यक्ति तड्पिएर बस्छ । आफूलाई अधुरो-अपुरो महसुस गर्छ । यसरी तड्पिएको व्यक्तिले समाजमा अनाचार उत्पन्न गर्छ । यसकै कारण हो, विवाहित व्यक्ति अर्को युवतीको खोजीमा र विवाहित महिला अर्को प्रेमको खोजीमा निस्कन्छे ।

आजभोलि सहरमा कलगर्लहरू धेरै छन् । यसको कारण के होला ? यसको कारण विवाह हो । हिजोसम्म कलगर्लहरू थिए, अब सभ्य भनिएका देशहरूमा कलब्वायहरू पनि देखिन थालेका छन् । यसलाई परम्परागत भाषामा पुरुष वेश्या भन्न सकिन्छ । परिवारमा जुन प्रेम पाउनुपर्थ्यो, त्यो नपाएपछि मानिस बाहिर प्रेम खोज्दै हिँड्छ, फलस्वरूप ऊ पुरुष वेश्या वा महिला वेश्यासँग पुग्छ । किनभने अरूका श्रीमान् वा श्रीमतीसँग चाहे जतिसुकै चोखो प्रेम होस्, त्यो प्रेममा शंका उत्पन्न गरिदिएको छ समाजले । फलस्वरूप प्रेम खोज्नेहरू भौंतारिएर अरूले गलत भनेको बाटोमा लागेका छन् । म यसलाई किन गलत भनौं ? समाजले मानिसको स्वभावविपरीत विवाहको रीत बनाउने अनि प्रेम खोज्न बाहिर निस्किएको व्यक्तिलाई दुर्व्यसन भन्ने ? गलत त विवाहको बन्धन हो । खुला प्रेम गर्न नदिएर विवाहको नाममा व्यक्तिलाई बाँधिदिएपछि एक दिन त उसले स्वतन्त्र हुने प्रयास गर्‍यो नैं । यसमा के आश्चर्य भयो र ?

जीवनमा प्रेम भएन भने मस्तिष्क रुग्ण हुन्छ, चिन्ता बढ्छ, मानिस रक्सी पिउँछ, अनेक दुर्व्यसनमा फस्छ । मानिसहरू ठान्छन्, व्यक्ति बिग्रिएर जाँड-रक्सी र दुर्व्यसनमा फस्छ । यो सत्य होइन, सत्य के हो भने पारिवारिक नियमलाई विद्रोह गर्न उसले रक्सी पिउन थालेको हो । दुर्व्यसन प्रारम्भ गरेको हो । आधुनिक युगका मानसिक चिकित्सकहरू भन्छन्, 'चार मानिसमध्ये एक मानिस पागलको अवस्थामा हुन्छ ।' मेरो विचारमा बाँकी रहेका तीन जना पनि कहीं न कहीं एब्नर्मल नै हुन्छन् । हामी सबैजसो एउटै रोगले पीडित छौं, तर त्यो कुन रोग हो, हामीलाई थाहा छैन । हामी हेर्दा स्वास्थ्य देखिन्छौं, तर भित्र कता-कता दुखेको महसुस गर्छौं । किनभने हामी प्रेमपीडामा छौं । हामीले चाहेको प्रेम पाएका छैनौं । यही प्रेम खोज्दै कोही कलगर्लतर्फ जान्छन्, कोही मन्दिरतर्फ । जहाँ गए पनि मानिसले चाहेको प्रेम नै हो, आनन्द नै हो । त्यति मात्र होइन, एउटा मानिस प्रेम खोज्दै राजनीतितर्फ जान्छ भने अर्को मानिस प्रेम खोज्दै सिनेमा हलतिर जान्छ । कोही रक्सीभट्टीतर्फ जान्छ ।

मेरो दृष्टिमा जहाँबाट जीवन प्रारम्भ भएको छ, त्यहाँ केही न केही गडबडी छ । हामीले मानिसमा प्रेमको ठाउँमा विवाह थोपरिदिएका छौं । विवाहले एकातिर त्यो जोडीलाई जबरजस्ती प्रेम गर्न बाध्य पारिदियो । अर्कातिर विवाहले बाँकी युवती वा युवासँग प्रेम गर्न बन्देज लगाइदियो । विवाहित पुरुष तथा महिलाले अरूसँग प्रेम गर्नुहुँदैन भन्ने अर्को लक्ष्मणरेखा खिचियो । यसले प्रेम उब्जनुअघि नै मर्न थाल्यो । जहाँ प्रेम उब्जने वातावरण हुँदैन, त्यहाँ शान्ति, अमन, चैन, अध्यात्मिकता उब्जन्छ भन्नु अर्को मुर्खता हो ।



आजको संसारमा प्रेम गौण हुँदै गएको छ। हामी प्रेमभन्दा टाढा उभिएका छौं। प्रेमका कुरामा आँखा चिम्लिएका छौं। न त आमा बालकसँग प्रेमका कुरा गर्छिन्, न त पति आफ्नी पत्नीसँग प्रेममा इमान्दार छन्। आफ्ना सन्तानलाई उनीहरूले प्रेमजीवन जिउने आधार हो भनेर सिकाएका छैनन्। न त उनीहरूले जबसम्म कुनै युवतीसँग प्रेम हुँदैन, तबसम्म विवाह नगर्नू भनेर सिकाउँछन्।

मेरो नजरमा प्रेम विवाहमुक्त हुनुपर्छ, नियममुक्त हुनुपर्छ । कानुनभन्दा बाहिर हुनुपर्छ । मेरो विचारमा एक स्त्री र पुरुष परिपूर्ण प्रेमको आधारमा समाहित हुनुपर्छ । यसरी समाहित भएको प्रेममा उनीहरूको सम्भोग हुनुपर्छ । यो मिलनमा उनीहरूको शरीर मात्र मिल्दैन, उनीहरूको मन पनि मिल्छ । किनभने यो अरूले मिलाइदिएको होइन । यसमा उनीहरूको आत्मा पनि मिल्छ, किनभने यो अरूले मिलाइदिएको होइन । स्वतन्त्र मिलनमा उनीहरू एउटा लयपूर्ण संगीतमा डुब्छन् । उनीहरू त्यसमै बिलीन हुन्छन् । यो मिलन समयहीन, बन्धनहीन, कामनाहीन, कर्तव्यहीन हुनुपर्छ । यो क्षणमा संसारमा केही बाँकी रहँदैन, केवल ईश्वर शेष रहन्छन् । हो, यही क्षणमा एउटा बच्चाले गर्भधारण गर्‍यो भने त्यो बच्चाले परमात्मा प्राप्त गर्न सक्छ । किनभने उसको जन्म प्रेममा हुन्छ । कसैले जुराइदिएको, मिलाइदिएको, परिस्थिति बनाइदिएको होइन । ऊ स्वतः स्वाभाविक अवस्थामा गर्भमा आएको हो ।

अर्कातर्फ जुन परिवारमा आमा-बुबा केवल वासनाका लागि प्रेम गर्छन्, तर अरू बेला द्वेष, घृणा र स-साना कुरामा झगडा गरिहन्छन् । यस्ता व्यक्तिहरूको मिलनमा कहीं न कहीं विजातीय तत्त्वहरू घुमिरहेका हुन्छन् । यस्तो मिलनमा शरीर त मिल्छ, तर आत्मा र प्राण मिल्दैन । उनीहरूको मिलनबाट जुन बच्चा जन्मन्छ, त्यसमा आमा-बुबाको सबै गलत छवि असमयमै देखिन थाल्छ । ती सबै रिस, घृणा, कलह उसको जीवनमै आउँछ । अब यो मानिस यति खराब किन भयो भनेर आश्चर्य नमान्नुहोस् । त्यो मानिस जसले जीवनमा गलत मात्र गर्छ, त्यसको जन्ममै खोट छ । ऊ जन्मने वीर्य दोषी छ, डिम्ब दोषी छ । हिटलरले जर्मनीमा ६० लाख यहुदीको हत्या गर्‍यो । स्टालिनले रूसमा ४० लाख मानिस मार्‍यो । यिनीहरूको जन्ममा नै कुनै न कुनै गडबडी थियो, नत्र एउटा मानिसमा लाखौं मानिस मार्ने लहड कसरी सवार भयो । प्रेम, करुणा, दयाजस्ता भाव कहाँ बिलाएर गए ? वासनायुक्त समागम भयंकर परिणाम निम्त्याउने हुनसक्छ । त्यसको विपरीत प्रेममय समागमले ईश्वर जन्मन्छ ।

बरु विवाहमा नबाँधिएका स्त्री र पुरुष परिपूर्ण प्रेम र आनन्दमा मिल्छन् भने त्यो मिलन एक आध्यात्मिक व्यवहार हुन्छ । त्यो प्रेम यति सफा र पवित्र हुन्छ, त्यहाँ शारीरिक सम्बन्ध स्थापित भए पनि त्यो यौनसँग सम्बन्धित हुँदैन । त्यो मिलन कामुक होइन, शारीरिक होइन । त्यो अनौठो मिलन हो । यो एउटा योगी समाधिमा पुग्दा प्राप्त हुने शून्यजस्तै हुन्छ । ती युगल जोडीको सम्बन्धले युगौंदेखि बिछोडिएका दुई आत्माको मिलन गराइरहेको हुन्छ । समाजले यो प्रेमलाई जतिसुकै अवैधानिक मानोस् वा पाप मानोस्, ईश्वरको संसारमा त्यो पाप हुँदैन, बरु पवित्र अध्यात्मिक क्रियाकलाप बन्छ । यही क्रियाकलापबाट महिलाको पेटमा एउटा जीवन प्रारम्भ हुन्छ । एउटा असल मानिस जन्मन यौनमा पवित्र प्रेम हुनु आवश्यक छ । समाजको नियमले विवाहपछिको यौनलाई मात्र मान्यता दिन्छ, नत्र यो पाप ठहरिन्छ तर ईश्वरको नियममा प्रेमयुक्त सम्बन्ध पवित्र हुन्छ । यदि पाप हुँदो हो त नयाँ मुना त्यो पेटमा कसरी हुर्कन सम्भव छ ?

जसले प्रेम गर्छ, उसले ईश्वरलाई पाउँछ । एउटा प्रेमी-प्रेमिकाका लागि ईश्वर हो । प्रेमले हेरिने सबै कुरा ईश्वर हुन् । समाजले निश्चित व्यक्तिलाई मात्र प्रेमले हेर भन्न मिल्दैन । कसलाई प्रेमले हेर्ने, कसलाई प्रेम गर्ने, त्यो व्यक्तिको आन्तरिक दृष्टिको कुरा हो । कुनै शास्त्रले सम्झाएर यो कुरा कसैले सम्झनेवाला छैनन् । प्रेमीको प्रेम वा प्रेमिकाको प्रेम एक थोपा ईश्वर हो । यदि कसैले यो प्रेमलाई अपवित्र भन्छ भने उसले ईश्वरको अस्तित्वलाई नै अस्वीकार गरेको मान्नुपर्छ । प्रेमको एक थोपा निन्दित भयो भने सम्पूर्ण ईश्वर निन्दित भयो ।

साँचो प्रेम विवाहभित्र पनि हुनसक्छ, तर त्यस्तो अवस्था निकै कम हुन्छ । यदि एउटा विवाहभित्र साँचो माया, पवित्र माया, बन्धनमुक्त माया छ भने त्यो प्रेममा ईश्वरीय तत्वको बास हुन्छ । त्यहाँ हुने क्रियाकलाप ईश्वरमय छन् । यस्तो बेलामा जब पत्नीले आफ्नो पतिलाई प्रेम गर्छे, आफ्नो जीवनसाथीलाई प्रेम गर्छे, तब उसलाई आफ्नो बच्चा पतिको पुनर्जन्मझैं लाग्छ । फेरि त्यही निर्दोष आँखा, जुन उसको पतिमा लुकेको थियो, प्रकट भएको महसुस हुन्छ । बच्चालाई गरिएको प्रेम पतिलाई गरिएको प्रेमको प्रतिध्वनि हो । यदि कुनै महिला आफ्नो बच्चालाई माया गर्छे तर पतिलाई सराप्छे वा पतिसँग सुखी छैन भने त्यो यौन समागम र त्यो शिशुमा केही डिफेक्ट छ । राम्रोसँग ध्यान दिनुभयो भने यस्ता घटना जताततै पाउनुहुनेछ । त्यसैले विवाह जरुरी छैन, प्रेम जरुरी छ ।

आजको संसारमा प्रेम गौण हुँदै गएको छ । हामी प्रेमभन्दा टाढा उभिएका छौं । प्रेमका कुरामा आँखा चिम्लिएका छौं । न त आमा बालकसँग प्रेमका कुरा गर्छिन्, न त पति आफ्नी पत्नीसँग प्रेममा इमान्दार छन् । आफ्ना सन्तानलाई उनीहरूले प्रेमजीवन जिउने आधार हो भनेर सिकाएका छैनन् । न त उनीहरूले जबसम्म कुनै युवतीसँग प्रेम हुँदैन, तबसम्म विवाह नगर्नू भनेर सिकाउँछन् । प्रेमको रूप कस्तो हुन्छ, आमा-बुबाले त बुझेका हुँदैनन् भने छोरा-छोरीलाई विचाराहरूले कसरी सिकाउन् ? यसरी एउटा बालक प्रेम के हो भन्ने कुरा नबुझी नै जवान हुन्छ । जवान मानिसमा प्रेमभन्दा यौन आवेग बढी हुनु स्वाभाविक हो । जब कुनै विपरीतलिङ्गी अगाडि देखिन्छ, यौनआवेग जन्मन्छ । युवा-युवती त्यसैलाई प्रेम सम्झन्छन् । त्यसपछि जे हुन्छ, गलत हुन्छ । किनभने त्यहाँ प्रेम कम यौनआवेग बढी हुन्छ ।

आजसम्म मानिसको समाज प्रेमको केन्द्रमा निर्मित छैन । त्यसैले मानिस दुःखी छ । विवाहले मानिसलाई दुःखी बनाएको हो । पारिवारिक नीतिका कारण मानिस बिग्रन बाध्य भएको हो । यदि समाजमा अमन-चयन कायम राख्ने हो भने प्रेमलाई केन्द्रमा राख्नुपर्छ । जहाँ प्रेम हुँदैन, त्यो कुरा गर्न मानिसलाई बाध्य बनाइनु हुँदैन । प्रेम संसारको शाश्वत नियम हो । प्रेमबिना ईश्वर पनि अधुरा छन् भने मानिस त प्रेम पाउनै जन्मिएको हो । मानिसलाई प्रेमबाट वञ्चित नबनाऊ, उसलाई प्रेम गर्न देऊ ।

# जवानीको प्रेम

## रंगीन कागजमा बेरिएको आकर्षक वस्तु हो

नेपालका थोरै मानसिक रोग विशेषज्ञहरूमध्ये एक डा. विश्वबन्धु शर्मा तीन दशकदेखि यो क्षेत्रमा सक्रिय छन्। शर्मा रोमान्टिक छन्। स्याङ्जाको दुर्गम गाउँमा जन्मिएका शर्माले दोहोरी र रोधीको अनुभव लिएका छन्। नेपालमा भित्रिएको भ्यालेन्टाइन डेलाई तिनै दोहोरी र रोधीको परिष्कृत रुप मान्ने डा. शर्मालाई केही समययता भ्यालेन्टाइन डेमा हुने क्रियाकलाप रमाइलो लाग्न थालेको छ। एक श्रीमतीका श्रीमान् र दुई छोरीका पिता शर्मा प्रेमलाई शाश्वत नियम मान्छन्। १२ वर्ष मानसिक अस्पताल पाटनमा बिताएका शर्मा २०४८ साल यता निजी चिकित्सामा व्यस्त छन्। भ्यालेन्टाइन डेको उपलक्ष्यमा साप्ताहिकले प्रेमको मानसिक आरोह-अवरोहका विषयमा कुरा गर्दा असाध्यै व्यस्त डा. शर्मा रमाइलो रुपमा प्रस्तुत भए।

**भ्यालेन्टाइन डे आएको छ, कस्तो लागिरहेको छ ?**

साधारण खानेकुरा पनि आकर्षक थालमा पस्कियो भने भोक जागेर आउँछ। प्रेम जस्तो आकर्षक कुरालाई रंगीन बनाएर प्रस्तुत गरिने भएकाले पनि भ्यालेन्टाइन डे सबैको आकर्षणमा परेको छ। अहिलेका युवाहरूलाई प्रेमका लागि आतुर देख्दा म आफ्नो जवानी सम्झदैछु।

**प्रेम हुन जवानी नै सम्झनुपर्छ र ?**

उमेर ढल्कँदै जाँदा प्रेम अझ बढी आवश्यक हुन्छ। यद्यपि प्रेमको कुरा गर्दा जवानी अघिल्तिर आइहाल्छ। किनभने जवानीको प्रेम रंगीन कागजमा बेरिएको आकर्षक वस्तु हो।

**अहिलेका युवाहरूको प्रेम पहिलेभन्दा आकर्षक भएको हो ? किनभने त्यसबेला भ्यालेन्टाइनजस्ता आकर्षक पर्व थिएनन् ?**

आजको भ्यालेन्टाइन हिजोको रोधी, दोहोरी तथा गाउँघरमा मनाइने चाडपर्वकै आकर्षक रूप हो। युवालाई प्रेमको बहाना चाहिन्छ। हिजो रोधी वा दोहोरी आकर्षक बहाना थिए। दोहोरीमा हराउनु र प्रेम गर्न पाउनु समाज स्वीकृत क्रियाकलाप थिए। आज यो भ्यालेन्टाइनका रूपमा परिवर्तन भएको छ। मेरो विचारमा प्रेम हिजो पनि आकर्षक थियो, आज पनि आकर्षक छ। समय परिवर्तन हुँदै जाँदा मानिस र समाजका व्यवहार पनि परिवर्तन हुँदै जान्छन्। मानिसले परिवर्तन खोजिरहन्छ। यही कारणले भ्यालेन्टाइन डे लोकप्रिय हुँदै गएको हो। आर्थिक क्रियाकलापका कारण भ्यालेन्टाइन रोधी वा दोहोरीभन्दी रंगीन बनेको छ।

**चर्चित मनोचिकित्सक एवं प्रवुद्ध नागरिकको आँखाबाट हेर्दा आजको प्रेम कस्तो देख्नुहुन्छ ?**

आज प्रेम हुने वस्तु होइन, गरिने वस्तु भएको छ। 'प्रेम आफैं हुन्छ' भन्ने मान्यता परिवर्तन भएर प्रेम गरिने वस्तुमा परिवर्तन भएको छ। हुर्कंदो युवाका लागि गर्लफ्रेन्ड वा ब्वाइफ्रेन्ड प्रेस्टिजको कुरा भएको छ। यदि तिमीसँग प्रेमी छैन भने तिमी अयोग्य छौ। फलस्वरूप प्रेम हुनुअघि नै प्रेम गर्न थालिन्छ। जब प्रेम 'गरिने बस्तु' बन्छ, तब त्यो कमजोर हुन्छ।

**तैपनि प्रेमको रूप त उही नै छ, होइन र ?**

हिजोको प्रेम आजभन्दा केही गम्भीर हो कि भन्ने लाग्छ। त्यसबेला प्रेममा सेक्स अनिवार्य मानिदैनथ्यो। अहिले प्रेममा सेक्स अनिवार्यजस्तै भएको छ। अझ स्पष्ट भन्ने हो भने सेक्सका लागि प्रेम गरिन्छ। प्रेम र सेक्सबीच भिन्नता महसुस हुन छाडेको छ। हिजोको प्रेममा सेक्स यति अपरिहार्य थिएन।

**युगल जोडीबीच सेक्स सामान्य हो भन्नेहरूलाई के भन्नुहुन्छ ?**

यो सबै वातावरणले बिगारेको हो। सिनेमा, पत्रपत्रिका, वातावरण सबैले सेक्स र यौनलाई जोडिदिए। समाजले जुन फड्को मारेको छ, त्यो फड्कोसँगै मानिसको धारणामा पनि परिवर्तन आएको छ। आज युगल जोडी रेस्टुराँ, लङ ड्राइभिङ अनि सिनेमा हेर्न जान्छन्। त्यसले सेक्सको भावना विकसित गर्छ। त्यसबेला प्रेमको भावना फक्रनै पाएको हुँदैन।

बाँकी पृष्ठ १८ मा



तस्बिर : नवराज बाग्ले

डा. विश्वबन्धु शर्मा, मानसिक रोग विशेषज्ञ

फेसियल होम
अब चावहिलमा महिला तथा पुरुषहरुको लागी चाइनिज हर्वलद्धारा
★ अन्तराष्ट्रिय मान्यता प्राप्त उच्च स्तरीय हर्वल क्रिम तथा औषधिद्धारा फेसियल तथा उपचार
★ चाँया डण्डिफोर, पोतो, दाग धब्बा, मखिया आदिको ग्यारेन्टीका साथ उपचार
★ अनुहारको चाउरीपना हटाउका साथै कोठी पनि निकालिन्छ ।
★ व्यूटिपार्लर सम्बन्धी सम्पूर्ण काम गर्नुका साथै तालिम पनि दिइन्छ ।
कोरियन हेयर स्ट्रेट ग्यारेन्टीका साथ
चार्मिङ्ग स्कीन केयर एण्ड फेसियल होम With व्युटि पार्लर ।
चावहिल गणेशस्थान जाने बाटो चारु मेडीकल भित्र अथवा तरकारी बजार भित्र
४४९५१५१, ९८४१९१४४३४, ९८४१८३७९११

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अब केही दिन मात्र बाँकी
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
४/४ महिना मै IA/ICom Pass!! (TU)
अंग्रजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400 9851021071
चावहिल:4460091, 2290690
नयाँ बानेश्वर:4484634, 2160822
पोखरा:9846147694



वैधानिक प्रावधान: धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ ।

# केमेस्ट्री राजेश-कोमलको



तस्बिर : राजिव श्रेष्ठ

## राजेश हमाल र कोमल वलीबीच विवाह हुने भए ?

हा हा हा......दुवै जना म्याचोर्डको विवाह हुने भएछ भनेर खुसी हुन्छु, किनभने अहिलेसम्म हेर्दा उहाँहरू दुवै जना विवाहमा कन्फिडेन्स हुनुहुन्न । बेलाबखतको भेटमा राजेश दाइले मलाई विवाहको अनुभव सुनाउन भन्नुहुन्छ । दुवै जनालाई म राम्रोसँग चिन्छु, त्यसैले सरसर्ती हेर्दा जोडी मिल्छ, तर व्यावहारिक दृष्टिकोणले उहाँहरू दुवै जना एक-अर्काको च्वाइस हुन सक्नुहुन्न जस्तो लाग्छ । अचम्म लागे पनि उहाँहरूको विवाहको खबर सुने सकारात्मक हुनेछु ।

**रामकृष्ण ढकाल**

सानोमा विवाह गर्नेलाई बालविवाह, उमेर पुगेपछि विवाह गर्ने सामान्य विवाह भनेजस्तै उहाँहरूको विवाह भयो भने त्यसलाई म प्रौढ विवाहको संज्ञा दिन्छु । म दुवै जनासँग नजिक छु, त्यस आधारमा भन्नुपर्दा यो विवाह हुनै सक्दैन, भए मेरा लागि आश्चर्य हुनेछ ।

**दिलीप रायमाझी**

ओहो, यो विवाह भयो भने सबैभन्दा दुःखी म हुन्छु । किनभने यी दुई व्यक्तिमा आकाश जमिनको फरक छ । राजेश हमाल अनसोसियल व्यक्ति हुन्, उनी आफूलाईं हाइप्रोफाइलको मान्छन् । तर कोमल दिदी सानोदेखि ठूलोसम्म सबैसँग राम्रो व्यवहार गर्ने व्यक्ति हुन्, त्यसकारण कोमल दिदीजस्तो मानिसका निम्ति राजेश हमाल उपयुक्त हुनै सक्दैनन् ।

**रेखा थापा**

म त यो विवाहलाई काकाबाबु र काकीआमाको विवाह भन्छु, यस्तो विवाह हेर्न पाइयो भनेर दंग हुन्छु । कोमल वलीका तर्फबाट भन्नुपर्दा भगवान्ले पुकारा सुन्दा रहेछन्, उहाँले पोइला जान पाम भनेको पुरा हुने भयो । राजेश हमालजीको तर्फबाट भन्नुपर्दा ५५ वर्षपुग्दा पनि मानिसले हिम्मत हार्नुहुँदो रहेनछ, विवाह हुने रहेछ ।

**दीपकराज गीरी**

हा..हा..हा..., रमाइलो प्रश्न, दुवै जना विवाह नगरेका मानिसहरू, प्राकृतिक कुरालाई अँगाल्नु राम्रो हो । कोमल वलीको विवाह हुनु भनेको विवाह नभएका नायिकाहरूको बाटो खुल्नु हो, जस्तो कि म, कोमल दिदीलाई बधाई छ । त्यस्तै राजेश हमालका प्रशसंक पनि खुसी हुनेछन् । विवाहका गीत गाइरह्यो भने विवाह हुने रहेछ भन्ने कोमल दिदिले पुष्टि गर्नुभयो । यो विवाहमा सबैभन्दा खुसी मै हुन्छु ।

**दीपाश्री निरौला**



● **विदुर खतिवडा**

विवाह नगर्ने ? 'हा हा हा... फेरि पनि त्यही प्रश्न ?' नायक राजेश हमालले उन्मुक्त हाँसो पछि भने- 'एउटा लोकगीत छ नि 'देखेको जस्तो पाइँदैन हजुर लेखेको मात्र पाइन्छ...' मेरो विवाहका बारेमा भावीले लेखेका छन् कि छैनन्, म आफैं दोसाँधमा छु ।' हमालले थपे- 'जसले मेरो स्क्रिप्ट लेखे सायद उनले नै विवाहको बुँदा राख्न बिर्सिए कि ?'

गायिका कोमल वलीसँग पनि त्यही प्रश्न गरियो– विवाह नगर्ने ? 'कसले भन्यो नगर्ने भनेर, म त विवाहको पक्षपाती नै हुँ तर दुई-चार जनाले विवाह नगर्दैमा सृष्टि बन्दै हुने होइन क्यारे ।' 'संसारमा सबै सम्भावना कायमै रहन्छन्, राम्री नै छु क्यारे, कसैले त पत्याउला नि ?' उनले आफ्नै लोकगीतको सहारा लिँदै थपिन्- 'मेरो त बिहे भा'छैन, कसले मलाई लाने हो था' छैन, अहिलेसम्म कोही पनि माग्न आ'छैन ।'

हजारौं युवायुवती एक हुने विवाहको यो सिजनमा पनि यी दुई सेलिब्रेटीको खुसीको समाचार सुन्न पाइएन । यस अर्थमा कतै दुई सेलिब्रेटी विवाहलाई खुला चुनौती दिइरहेका त छैनन् ?

'विवाहको च्याप्टरलाई टोटल्ली क्लोज गरिसकेको अवस्था भने होइन,' राजेश भन्छन्- 'मैले मानव-अधिकारवादी कृष्ण पहाडीजीजस्तो विवाह गर्दिनँ भनेर घोषणा गरिसकेको छैन ।' कोमल पनि राजेशजस्तै कूटनैतिक उत्तरको सहारा लिँदै भन्छिन्- 'मैले त आफ्नो खाता खुला छोडिदिएको छु, योग्य व्यक्तिको अभाव मात्र हो, चाँडै त्यसको पनि परिपूर्ति होला ।'

युवकहरूले ढिलो उमेरसम्म विवाह नगर्दा राजेश हमालजस्तै विवाह नगरी बस्न लागेको हो कि क्या हो ? भनेर प्रश्न उठेजस्तै ढिलो उमेरसम्म विवाह नगर्ने युवतीले पनि कोमल वलीको उदाहरण सुन्दै उनी जस्तै अविवाहित बस्न लागेको हो ? भनेर झटारो खानुपर्ने बाध्यता बढ्दै गएको छ । चल्तीका यी दुई सेलिब्रेटी विवाह योग्य उमेर नाघिसक्दा पनि अविवाहित नै रहनुले नेपाली समाजमा उनीहरू अविवाहितहरू प्रतिनिधि पात्र बनेका छन् ।

विवाह के हो ? राजेशले भने- 'परम्परा एवं संस्कृतिका नाममा निरन्तरता दिँदै आएको एउटा कार्यक्रम हो, जसले दुई विपरितलिंगीलाई जिम्मेवार बनाउँछ ।' उनका अनुसार विवाह एउटा प्याकेज हो, जसलाई सृष्टिका लागि आवश्यक मानिन्छ, त्यस्तै एक आपसको पार्टनरसिप पनि, पार्टनरसिपमा प्रेम पनि जोडिन्छ, यसबाहेक आत्मीय यौनसम्बन्धका निम्ति सम्बन्धको खुलासा ।

विवाह के हो भन्ने प्रश्नमा कोमल वली गम्भीर बनिन् । उनले भनिन्- 'विवाहका बारेमा विवाह गर्नेहरूले धेरै बुझेका होलान् तर मेरो सामान्य बुझाइमा दुई आत्माको औपचारिक सम्मिलन हो विवाह, जहाँ भौतिक शरीर आवश्यक हुन्छ । अनि अहिलेसम्म किन विवाह नगरेको त ? कोमलले भनिन्- 'अनुकुलता नमिलेकाले ।'

विवाह अनिवार्य छ ? कोमल भन्छिन्- 'एक पक्षबाट हेर्दा विवाह अनिवार्य कुरा हो, त्यसका केही कारण छन्, पहिलो यसले सृष्टि र समाजलाई व्यवस्थित बनाउँछ । दोस्रो अव्यवस्थित यौनसम्बन्धलाई व्यवस्थित बनाइदिन्छ, तर विवाहलाई अर्को पक्षबाट हेर्दा यो ऐच्छिक विषय हो, मन लाग्नेले गरे हुन्छ, मन नलाग्ने नगरे पनि हुन्छ । योगी वा विशेष लक्ष्य लिनेहरू विवाह आवश्यक मान्दैनन् उनीहरूको धारणामा विवाहले लक्ष्यलाई बाधा पुऱ्याउँछ । विवाह गरेपछि परिवार-बालबच्चा हेर्ने झन्झट बेहोर्न तयार हुनुपर्ने भएकाले सोचेर अघि बढ्नुपर्छ ।'

'मैले धेरै दर्शन अध्ययन गर्ने क्रममा मानवजीवनमा विवाहको महत्त्व रहेको पाएकी छु,' कोमलले भनिन्- 'त्यस आधारमा जीवनलाई

बाँकी पृष्ठ ७ मा


५ औं क्रिष्टल बार्षिकोत्सव

बचत योजना

२% विशेष बचत खाता
७.५% साधारण बचत खाता
६.२५% क्रिष्टल शेयर बचत खाता
८.५% क्रिष्टल शेयरधनी बचत खाता
८%-९% क्रिष्टल बचत खाता*

कर्जा लगानी योजना

१४-१६ प्रतिशत

कृषि व्यवसाय कर्जा
शेयर धितो कर्जा
उद्योग व्यवसाय कर्जा
हायर पर्चेज कर्जा
व्यापारिक कर्जा
भवन निर्माण कर्जा
अन्य कर्जा

• राष्ट्रिय बचत पत्र र विकास ऋण १० प्रतिशत
• मुद्दती रसिद धितो कर्जा थप २ प्रतिशत

प्रत्येक २ लाखको मुद्दती खाता न्यूनतम १ वर्ष १ ग्राम सुनको सिक्का

यो योजना २०६६ साल चैत्र मसान्तसम्म लागु हुनेछ ।

* शर्तहरू लागु हुनेछ ।

१ वर्षे मुद्दती खाता त्रैमासिक ९.०० प्रतिशत अवधि समाप्त ९.२५ प्रतिशत
२ वर्षे मुद्दती खाता त्रैमासिक ९.५० प्रतिशत अवधि समाप्त ९.७५ प्रतिशत

Crystal Finance Limited (Bittiya Sanstha)
क्रिष्टल फाइनान्स लिमिटेड (वित्तिय संस्था)
China Town Shopping Center, Churchil Complex, Bagh Durbar, Kathmandu, Nepal.
P. O. Box: 19390, Tel.: 4218269, 4218270, 4218271, Fax: 00977-1-4219058
E-mail: crystal@htp.com.np, Website: www.crystalfinance.com.np



नेपाल सरकारबाट मान्यता प्राप्त होटल तालिम

केवल ५ तारे होटलका प्रशिक्षकद्वारा प्रशिक्षण गराईने कुक, वेटर, बारम्यान, हाउसकिपिङ्ग साथै जापानिज र अंग्रेजी भाषाका कक्षाहरू,
- होटलमा तालिम सिक्नेहरूका लागि ल्याङ्ग्वेज सिस्टेमा
- तुरुन्तै विदेश जानेहरूका लागी स्पेशल कोर्ष
- गुणस्तरमा हाम्रो प्रतिबद्धता
- प्राक्टीकल मात्रै भन्नुहोस् हामी दिनेछौं ।

त्रिवेणी होटल मेनेजमेन्ट ट्रेनिङ्ग सेन्टर प्रा. लि.
मैतिदेवी ☎ ४४१६५१८, ९८४९४६६६१४



+2/SLC ९ महिना मै

- ९ महिना मै +२ पास गर्न चाहानुहुन्छ ?
- ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
- Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
- SLC/+2 मा ५ विषय पढे पुग्ने ।
- जागिरे/गृहिणीहरूले घरमै बसी पढ्न सक्ने ।
- TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त ।
- Nepali/English भाषामा परीक्षा दिन सकिने ।

अन्तिम भर्ना विशेष छुटमा

पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077



होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको

✧Cook
✧Waiter
✧Bartender
✧Housekeeping
✧Front Office
✧Coffee Making
✧Bakery
✧Caregiver
✧Hotel Mgmt.
✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation)
✧Abacus, Amadeus, Galileo, e-ticketing
✧Travel Operation
✧Tour & Travel Mgmt.
✧Abroad Study- UK, USA, Australia, Japan
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
Language: English & Japanese
बिदेश जानेहरुको लागि विशेष कोर्ष

Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)



कस्मेटिक सर्जरी

- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशनपछिको दागहरू हटाउन
- शरीरमा आगोले पोलेर भएको समस्याको लागि
- नाक, कान, आँखासम्बन्धी कस्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धी कस्मेटिक सर्जरी

नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हात्तिवन, हरिसिद्वि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

## केमेस्ट्री
## राजेश-कोमलको



पृष्ठ ६ बाट जारी

सन्तुलित राख्न विवाह आवश्यक हो कि जस्तो पनि लाग्छ।'

राजेश भन्छन्- 'यो संसारमा अनिवार्य त केही पनि छैन। परम्परा, रीतिरिवाज वा संस्कृतिले विवाहलाई निरन्तरता दिनुपर्छ भन्छ, तर विवाह किन पनि अनिवार्य छैन भने दसैंमा नेपाली हिन्दूहरूले जमरा राख्नु अनिवार्य मान्छन् भने भारतीय हिन्दूले यो परम्परालाई मान्दैनन्। केही व्यक्तिको सोचमा विवाह अनिवार्य नहुन सक्छ। किन त ? कतिपय व्यक्ति आफ्नो व्यक्तिगत अवधारणाअनुसार चल्ने प्रयासमा हुन्छन्। संस्कृति परम्परालाई पछ्याउन आवश्यक मानिँदैन, संस्कृतिमा प्रश्न उठाउन पाइने कि नपाइने ?'

जीवन चलाउन जीवनसाथी चाहिन्छ कि चाहिँदैन ? राजेश भन्छन्- 'व्यक्तिपिच्छे फरक भनिसकें नि, जीवन पार्टनरसिपमा चल्नुपर्छ भने मायाको आवश्यकता महसुस गर्नेहरूले गर्छन् होला, नगर्नेले गर्दैनन्।' राजेशका अनुसार 'मानवीय प्रकृति सबैमा लागू भए पनि केही व्यक्तिमा लागू नहुन सक्छ। रामबहादुर बमजन यसको राम्रो उदाहरण हुन्। कफी खान पानी, दूध, चिनी जुटाउनुपर्छ, विवाह पनि त्यस्तै हो। विवाह गर्दा विभिन्न बुँदा प्रयोगमा आउँछन्, तर कुनै एक बुँदा प्रयोग गर्न विवाह आवश्यक हुँदैन, यो तपाईंलाई दूध खान मन लागेको छ भने कफी किन खाने भनेजस्तै हो। यस अर्थमा भन्न सकिन्छ- विवाह नगर्दा पनि माया, यौन तृप्ति वा घृणा के हो भन्ने कुरा थाहा पाउन सकिन्छ।

कोमल भन्छिन्- 'व्यक्तिमा निर्भर रहने सत्य हो, अनुशासित जीवनयापनका लागि वा व्यवस्थित जीवन निर्वाह गर्न चाहनेहरूले एउटै छानामुनि रहेर हार्दिक प्रेमका साथ जीवन चलाउन जीवनसाथी आवश्यक मान्न सक्छन्, तर संसारमा ध्रुवसत्य यही नै हो भन्ने छैन, जेरीभित्र चिनी रहेकै हुनाले जेरीको महत्त्व बढेको हो भनेर पनि बुझ्न सकिन्छ। फलफूल त बेमौसमी पनि हुन्छन्, तर मौसम अनुसारको फल खाँदा जति स्वाद आउछ, त्यो बेमौसमी फल खाँदा आउँदैन, जीवनसाथीको स्वरूप पनि त्यस्तै हो।'

विवाहपछिको आत्मिक सम्बन्धलाई कसरी व्याख्या गर्ने ? राजेशले भने- 'विवाहपछि भंयकर दिगो प्रेम नै हुन्छ भन्ने म मान्दिनँ। कल्पनामा आत्मीय प्रेमलाई अनुभूति गरे पनि त्यसलाई कसैले व्यवहारमा लागू गर्न सक्दैन। मानिस चुरोट र रक्सी नियमित सेवन गर्ने क्रममा ती चीजबाट टाढा हुन चाहँदैन। यसको अर्थ उनीहरू चुरोट-रक्सीलाई प्रेम गर्छन भन्ने होइन, चुरोट र रक्सीलाई घृणा गरे पनि उनीहरूको सामीप्यमा रहनुपर्ने बाध्यता हुन्छ।'

कोमल भन्छिन्- 'रक्सीको स्वाद थाहा पाउन त्यसको सेवन अनिवार्य हुन्छ, आवरणमा कडा





मिजास देखिनेहरू आत्मिक सम्बन्धमा प्रिय बन्न सक्छन् भने भलाद्मी देखिनेहरू कठोर स्वभावका पनि हुन्छन्। विवाहपछिको आत्मिक सम्बन्ध अत्यन्तै प्रगाढ हुन्छ, व्यावहारिकतामा आधारित हुन्छ। सम्बन्धले नै सबै कुरा निर्धारण गर्छ, यौनका लागि पनि सम्बन्ध राम्रो हुनुपर्छ, आत्मिक सम्बन्धले नै दम्पतीबीचको सम्बन्ध प्रिय बन्छ।'

'विवाहपछि सँगै बस्दै जाँदा यो मेरो हो भन्ने भावना प्रगाढ हुन्छ। एउटा पुरुष र महिलासाथै रहन थालेपछि एक-अर्काप्रति आकर्षित हुनुपर्छ भन्ने भावनामा अघि बढ्छन्।' राजेश भन्छन्- 'बौद्धिकता, कानुन, सामाजिक बन्धनजस्ता कुराको कारणले वैवाहिक जोडी छुटिएर बस्ने कल्पना गर्न पनि डराउँछन्। मैले मेरो लोग्ने वा स्वास्नीबाहेक अरूलाई हेर्न पनि हुँदैन भन्ने भावनालाई उनीहरू बलियो बनाउँछन्। समाजले उनीहरूलाई बाँधे पनि उनीहरूको मनलाई स्वयं जीवनसाथीले पनि बाँध्न नसक्दा उनीहरूको मन उडिरहेको हुन्छ, यस आधारमा हेर्दा विवाह ढोंग हो कि होइन ?'

'विवाह सशरीर गरिने भएकाले एक-अर्काबीच उत्कट आकर्षण आवश्यक हुन्छ।' कोमल भन्छिन्- 'त्यस्तै मन पनि मिल्नुपर्‍यो, दुवै हृदयले एक-अर्कालाई स्वीकार गरेपछि सम्बन्ध सुमधुर हुन्छ। एक अर्काका राम्रा वा नराम्रा पक्षलाई स्वीकार गर्ने क्षमता भयो भने सम्बन्ध आफैं राम्रो हुन्छ।'

# एक-अर्कामा राजेश र कोमल



वलीजीलाई चिन्नुहुन्छ ? 'कोमल वलीलाई नचिने गोली लाग्ला नि त,' राजेश हमालले भने- 'कतारको एक कार्यक्रमको सिलसिलामा सात दिनसम्म एकसाथ रहेपछि उहाँको व्यक्तित्वबाट परिचित हुने मौका पाएको थिए।' तपाईं नि ? कोमल वलीले भनिन्-'वाउ राजेश हमाललाई नचिन्ने त्यो पनि मैले ? चिन्छु नि विदेशको एउटा कार्यक्रममा हामी सँगसँगै थियौं।'

कसरी चिन्नुहुन्छ नि ? वलीले भनिन्- 'म उहाँलाई एउटा प्रतिभावान नायकका रूपमा चिन्छु, जसरी एउटा प्रतिभाले अर्को प्रतिभालाई चिन्छ त्यसरी नै चिन्छु। अनि वलिजीलाई तपाईं कसरी चिन्नुहुन्छ नि ? राजेशले भने, 'म उहाँलाई कुशल इन्टरटेनरका रूपमा चिन्छु।'

राजेशजीले विवाह प्रस्ताव राख्नुभयो भने ? कोमल बोलिन्, 'यो त विचारणीय प्रश्न भयो, राजेशजीको मात्र होइन, कुनै पनि पुरुषले त्यसरी प्रस्ताव नै राखिसकेपछि मैले त विचार गर्नैपर्छ, हाम्रो समाजमा अधिकांश युवतीलाई विवाहको प्रस्ताव आउँदा लागू हुने कुरा हो यो।' अनि तपाईं नि ? 'एउटा कुशल गायिकाले विवाहको प्रस्ताव राख्दा नाक खुम्च्याएर छ्या भन्दिनँ, म त्यसलाई सहज कम्प्लिमेन्टका रूपमा लिन्छु,' राजेशले भने।

तपाईं वलिजीप्रति आकर्षित हुनुहुन्छ ? अवश्य, कलाकारिताका दृष्टिकोणले क्षमतावान गायिका, त्यसमा पनि आकर्षक स्वरूप भएकी युवतीसँग को आकर्षित नहोला ? यहि प्रश्नमा कोमलले भनिन्- 'राजेश हमालजत्तिको हेन्डसमसँग को आकर्षित नहोला र ? म त उहाँको फ्यान नै हुँ।'

'हरेकको आफ्नै व्यक्तित्व छ, वलीजीको पनि आकर्षक व्यक्तित्व छ, तर जहाँसम्म विवाहको कुरा छ, हामी एक-अर्काका उम्मेदवार होइनौं।' राजेशले भने- 'मैले प्रस्ताव राखे पनि वा उहाँले प्रस्ताव राखे पनि त्यो प्रस्ताव आखिरमा फेल खान्छ। सहकर्मी कलाकारका नाताले म पनि उहाँको ग्रेट फ्यान हो।' 'नेपालीहरूको मन-मस्तिष्कमा हिरोको इमेज बनाएका राजेश हमाल मेरा लागि पनि प्रिय त भैहाले, त्यसैले एक-अर्काले विवाह प्रस्ताव राख्दा नहुने भन्ने त छैन,' कोमलले भनिन्- 'तर अहिलेसम्म सम्भावना देख्दिनँ। भविश्यले कुन मोड लिन्छ भन्ने कुरा अहिले थाहा भएन।'

कोमल राजेशलाई भावुक चिन्तकका रूपमा चिन्छिन्। उनलाई भावुक चिन्तक मन पर्ने भएकाले पनि राजेशको व्यक्तित्वमा उनी एक प्रकारको आकर्षण देख्छिन्। विवाह भयो भने तपाईंहरूको जीवनशैली कस्तो होला ? 'त्यो समयले नै निर्धारण गर्ने कुरा हो, तर विवाहपूर्व र पश्चात्को जीवनशैली दुई जनामा निर्भर रहन्छ।' कोमलले भनिन्। राजेश भन्छन्- 'उहाँले विवाहका लागि रोज्ने सन्दर्भमा रहनसहन, परिस्थिति र समान सोच भएको व्यक्ति ममा पाउन सक्नुहुन्न। त्यस्तै मैले पनि अपेक्षा गरेको जीवनसाथीको व्यवहार उहाँबाट पाउन सक्दिनँ कि ?'

विवाहको सन्दर्भमा जोडी अमेल हुँदा पनि लगनगाँठो त कसिएकै उदाहरण प्रशस्त पाइन्छन् नि ? राजेशले भने- 'हो, कतै केटा अग्लो हुँदा केटी एकदमै होची र केटा कालो हुँदा केटी एकदमै गोरी भेटिन्छन्। बाहिरी आवरण मिल्नुपर्छ भन्ने म पनि मान्दिनँ, भात र दाल मिल्न सक्छ, दूध र चिया मिल्न सक्छ तर दाल र चिया मिल्दैन, हाम्रो सम्बन्ध पनि त्यस्तै हो। दुईवटा संयोजनबाट एउटा सुखद परिणामको अपेक्षा गर्न सकिन्छ, उनले भने– 'तर हाम्रो कम्बिनेसन गुड केमेष्ट्री बन्न सक्दैन।'

हो, यो सत्य हो अनि स्वभाविक पनि। अमेल विवाहमा कसैको जीवन सुखद नहुन सक्छ। आइडियल चीज एकदम कम हुन्छ, त्यसैले आइडियल जोडी जतासुकै भेट्न सकिँदैन तर बेमेलभित्रै मेल पक्ष खोजिन्छ। कति जोडी बेमेल होला, बेमेल हुँदैमा आत्महत्या गरेका त छैनन् नि, हामी यस्तो बेमेल ब्रह्माण्डमा छौं, कम्प्लिट मेल खोज्नु भनेको हाम्रो मुर्खता र भ्रम हो। उदाहरण ८८४८ मिटरमा सगरमाथा छ भने शून्य लेभलमा समुद्रमा छ। हाम्रो पृथ्वी नै बेमेलमा चलिरहेको छ। जतासुकै मेल खोज्नेहरू कि हार्छन्, कि सन्यासी बन्छन्, कि फ्रस्टेड भएर जीवनबाट पलायन हुन्छन्।

राजेश हमालको राम्रो र नराम्रो पक्ष के हो जस्तो लाग्छ ? भन्ने प्रश्नमा कोमलले भनिन्- 'मलाई उहाँको व्यक्तिगत जीवनका बारेमा धेरै जानकारी छैन, त्यसैले नराम्रो पक्षका बारेमा कसरी भनूँ ? म त उहाँलाई हरेक दृष्टिकोणले सक्षम व्यक्तिका रूपमा हेर्छु।' कोमल वलीको राम्रो पक्ष ? राजेश भन्छन्- 'उहाँप्रति जति आक्षेप लाग्ने गरेका छन्, त्यसले उहाँको व्यक्तित्वलाई त्यतिकै बढाएको मैले महसुस गरेको छु।' अनि नराम्रो पक्ष नि, उनले भने- 'जति चिनेको छु, त्यस आधारमा मैले उहाँमा कुनै नकारात्मक पक्ष पाएको छैन।'

कुनै दिन राजेश हमाल र कोमल वलीको विवाहको खबर सुनियो भने ? राजेशले वाक्य पूरा नहुँदै भने- 'त्यो कुनै पत्रकार वा पत्रिकाको खेल हो भनेर बुझे हुन्छ।' उनले फेरि थपे- 'कसैले हाम्रो विवाहको परिकल्पना गर्न सक्छ, तर यो जुनीमा भने हाम्रो विवाहको सम्भावना छैन।' कोमलले भनिन्- 'अहिलेसम्म यो विल्कुलै कपोलकल्पित कुरा हो, तर प्रश्न गर्नुभो, उत्तर दिनैपर्ने भएको छ, आमव्यक्तिकै जस्तो होला, भन्नुको तात्पर्य विवाह गरेका अन्य व्यक्तिको जस्तो हुन्छ, त्यस्तै हुन्छ।'

वलीजीको विवाहका सम्बन्धमा तपाईंको प्रतिक्रिया ? राजेशले भने– म पनि लाखौं नेपाली नागरिक झैं उहाँको विवाहको पर्खाइमा छु, वलजीले कहिले र कुन व्यक्तिलाई रोज्नुहुन्छ भनेर। यस्तै पर्खाइमा कोमल पनि छिन्। कोमलले भनिन्- 'मलाई त राजेशजीकी श्रीमतीले उहाँलाई बुझ्न सकून् जस्तो लाग्छ। उहाँको सिर्जनामा सहयोग गर्ने सहयोगी व्यक्ति हुन्। त्यसका साथै उहाँसँग मिल्ने प्रतिभावान तथा शिक्षित पनि हुनु आवश्यक छ।'

विवाह नगरी बसेका दुवै प्रतिनिधि पात्र विवाहको प्रसंगमा एउटै निष्कर्ष निकाल्छन्– 'विवाहको पर्खाइमा बसेका हामी दुई यात्री एक अर्काका प्रेरणाका स्रोत हुन सक्छौं, त्यस आधारमा हामी सहयात्री बन्न सक्छौं।'

+2/ SLC फेल ? No चिन्ता !!!
नेपाल सरकार शिक्षा कार्यालयवाट मान्यता प्राप्त शैक्षिक संस्था
Math/Science नपढि, Test नदिई S.L.C. पास, कक्षा ११ नपढि १ वर्षमा नै सजिलै +2 पास गर्न सकिने NIOS Board मा अन्तिम भर्ना !!
प्राईभेट Test/ SLC नयाँ भर्ना खुल्यो।
➢कक्षा ७, ८, ९ फेल भए पनि SLC दिन पाईने। ➢Math/ Science नपढि कुनै पाँच विषय पढे पुग्ने। ➢HSEB/ TU, नेपाल सरकार र विश्वभरि मान्यता प्राप्त। ➢जागिरे तथा गृहिणीले स्वअध्ययन गरेर नेपाली भाषामा पनि परीक्षा दिन सकिने। ➢पास गर्न अत्यन्त सजिलो।
सिमित सिट मात्र बाँकी सिघ्र सम्पर्क राख्नुहोला।
पिस भिजन ओपन स्कूल
सोह्रखुट्टे (ओरालो मोड)
फोन नं.: ०१-६९१३२८६

PEACE VISION
सोह्रखुट्टेमा विशेष छुटमा सिकौं
COMPUTER
➢ Basic Course ➢Graphics Designing ➢ A/C Package ➢Web Designing
LANGUAGE
➢ENGLISH ➢JAPANESE ➢ HEBREW
TUITION
दक्ष र अनुभवि स्कुल तथा क्यम्पस कै Teachers वाट कक्षाहरू सञ्चालन भईरहेको छ। SLC/ +2/PCL & Bachelor Level's (Math, Science, English, A/C, B. Math, Physics, Chemestry etc.)
☎ 01-6913286 Sorhakhutte

+2/SLC एक बर्षमै पास
Math/Science नपढि Test नदिई SLC पास, कक्षा ११ नपढि १ वर्षमा +2 पास गर्न सकिने NIOS Board मा अन्तिम भर्ना लिईदैछ।
➩ कक्षा ७, ८, ९, फेल भए पनि SLC दिन पाईने।
➩ TU, KU तथा विश्व भरि मान्यता।
➩ SLC पास गरेको १ वर्ष Gap भए +2 पढ्न पाईने।
➩ जागिरे तथा गृहणीले घरमै पढेर पनि परिक्षा दिन सकिने।
➩ नेपाली भाषामा पनि परिक्षा दिन सकिने।
२०६७ प्राईभेट Test/ SLC मा नयाँ भर्ना खुल्यो।
कोसेट इन्टरनेशनल ओपन स्कूल
लाजिम्पाट (प्रहरी विट संगै), फोन: ४१६०७३६,९८४१२६४५१४

LIVE & WORK
FRANCE, GERMANY, DENMARK, BELGIAM
यूरोपका यी मुलुक (देश) हरूमा Aupair अथवा Culture Exchange Program अन्तर्गत Childcare Job गर्न ईच्छुक तथा १८ वर्ष देखि २७ वर्षसम्मका यूवती / महिलाहरूको लागि सुवर्ण अवसर। यस Program अन्तर्गत Europe जाने महिलाहरूले सम्बन्धित देशको भाषा तथा सस्कृतिमा अभिरूचि राख्नुपर्नेछ।
बिस्तृत जानकारीको लागि यथासिघ्र सम्पर्क राख्नुहोला।
GOLDEN ERA
Education & Career Dev. (P) Ltd.
New Baneshwor Bhind BICC Kathmandu
Tel: 4460286, 2043035
E-mail : info@goldeneracareer.com

# चर्चित अविवाहिता !

*आज माघ महिनाको अन्तिम दिन । सामान्यतया माघ-फागुन महिनालाई विवाहको सिजन मान्ने चलन छ । आजदेखि माघ बिदा हुँदैछ, फागुनमा यसपटक विवाहको लगन नै छैन । वर्ष २०६७ प्रारम्भ नभै विवाहको लगन प्रारम्भ हुँदैन । यही सेरोफेरोमा साप्ताहिकको यो भ्यालेन्टाइन विशेष अंकमा हामीले केही चर्चित अविवाहित सेलिब्रेटीलाई समेट्ने प्रयास गरेका छौं ।*



## दीपाश्री निरौला

लोकप्रिय टेलिश्रृंखला 'तीतो सत्य' मार्फत लोकप्रिय भएकी दीपाश्री निरौला एकताका चलचित्र नायिकाका रूपमा समेत व्यस्त थिइन् । चलचित्रमा नायिकाका रूपमा कार्यरत छँदा उनी स्लिम थिइन्, अहिले अलि मोटाएकी छिन् । अभिनय क्षेत्रमा विगत १५ वर्षदेखि सक्रिय दीपाश्री पछिल्लो पाँच वर्षयता दर्शकको रोजाइमा परेकी हुन् । ३० वर्ष नाघिसक्दा समेत उनले विवाहका बारेमा सोच्न भ्याएकी छैनन् ।

## नन्दिता केसी

राम्रो अभिनय गर्ने सुन्दर नायिकाका रूपमा परिचित नन्दिता केसी पनि अविवाहित हुन् । त्यसो त उनलाई चलचित्र क्षेत्रमा राम्रो व्यवहार तथा आनीबानी भएकी नायिकाका रूपमा समेत चिनिन्छ । विवाहका बारेमा उनी अहिले आफूलाई कच्चा मान्छिन् । नन्दिता भन्छिन्- 'विवाह गर्ने त उमेर नै भएको छैन नि ।' नन्दिता आफ्नो उमेर पनि सार्वजनिक गर्न चाहँदिनन् ।

## माम्पी घोष

पवनकलीको उपनामले दर्शकमाझ लोकप्रिय माम्पी घोष पनि अविवाहित छिन् । अग्लो शरीरकी माम्पीलाई कान्तिपुर टेलिभिजनको रमाइलो कार्यक्रम पवनकलीले दर्शकमाझ परिचित गराएको हो । सांस्कृतिक कार्यक्रमका क्रममा देशभरि डुलिरहने माम्पी रेडियो अडियोकी आरजे पनि हुन् ।

## रेजिना उप्रेती

नायिका रेजिना उप्रेती त्यस्ता कम नायिकामा पर्छिन् जो सुन्दर भैकन पनि अविवाहित छिन् । पछिल्लो समयमा चलचित्र अभिनयमा अत्यन्त व्यस्त धादिङकी रेजिनाले चलचित्रको कामबाट फुर्सद नपाएकाले विवाहका बारेमा सोच्न भ्याएकी छैनन् । यद्यपि उनका रोमान्टिक गतिविधि बेलाबेलामा सार्वजनिक भैरहन्छन् ।

## मनीषा कोइराला

नेपाली चेली मनीषा कोइरालालाई बलिउडले विश्वभरि नै चिनाएको छ । थुप्रै हिन्दी चलचित्रमा अभिनय गरेकी मनीषा उमेरले ३५ कटिसक्दा समेत अविवाहित नै छिन् । पछिल्लो समयमा नेपाली चलचित्रमा अभिनय गर्न थालेकी मनीषाका थुप्रै रोमान्टिक कथा चर्चित छन् ।

## सुगारिका केसी

पूर्व मिसनेपाल सुगारिका केसी पनि अविवाहित सेलिब्रेटीको सूचीमा छिन् । चार वर्षअघि मिस नेपालको मुकुट पहिरिएपछि ग्ल्यामरको क्षेत्रमा व्यस्त सुगारिका मोडलिङ, उद्घोषण, समाजसेवाजस्ता विधामा सक्रिय छिन् । विवाहको उमेर पुगिसक्दासमेत अविवाहित सुगारिका लगन जुरेपछि विवाह हुने कुरामा ढुक्क छिन् ।



## उषा पौडेल

जनकपुरकी उषा पौडेलले चलचित्रमा अभिनय गर्न थालेको एक दशक पुग्न लाग्यो । सुन्दर नायिकाको छवि बनाएकी उषा नृत्यमा पनि पारंगत छिन् । केही महिनाअघि समकालीन नायिका ऋचा घिमिरेको वैवाहिक समारोहमा आफूले पनि चाँडै भोज ख्वाउने घोषणा गरेकी उषा कहिलेसम्म अविवाहित रहनेहुन्, हेर्न बाँकी नै छ ।

## निरुता सिंह

पछिल्लो समयमा नेपाली चलचित्रमा देखिन छाडेकी निरुता सिंहले दर्जनौं चलचित्रमा विवाहित नारीको भूमिका निर्वाह गरेकी छिन् । वास्तविक जीवनमा भने उनी अविवाहित नै छिन् । बढ्दो उमेरकै कारण चलचित्रबाट टाढिएकी निरुता यतिबेला



मुम्बईमा छिन् । चलचित्रमा अत्यन्त व्यस्त रहेको बेला उनले व्यस्तताका कारण चलचित्रमा विवाह नगरेको बताएकी थिइन् । अहिले फुर्सदमा छिन्, अबचाहिं विवाह गर्छिन् कि ?

## जेनिशा मोक्तान

वर्ष २००९ की मिस नेपाल जेनिशा मोक्तान पनि विगत पाँच वर्षदेखि ग्ल्यामरस क्षेत्रमा रमाइरहेकी छिन् । म्युजिक भिडियो, विज्ञापन हुँदै मिस तामाङको उपाधि जितेकी जेनिशा यसै वर्ष आयोजित मिस नेपालमा विजयी भएकी थिइन् । अग्लो शरीरकी धनी यी सुन्दर मोडल अझै केही वर्ष अविवाहित नै रहनेछिन् ।

## निशा अधिकारी

एउटा सौन्दर्य प्रतियोगितामा विजयी भएपछि ग्ल्यामरस क्षेत्रमा प्रवेश गरेकी निशा अधिकारी मोडल, भिजे हुँदै पछिल्लो समयमा चलचित्रकी नायिका नै बनेकी छिन् । नायिकाका रूपमा लगातार सफलता हासिल गरिरहेकी अविवाहित निशा अझै केही वर्ष अविवाहित नै रहने पक्का छ ।



## कला सुब्बा

मिस नेपाल प्रतियोगितामा मिस ट्यालेन्टको उपाधि जितेपछि ग्ल्यामरस क्षेत्रमा प्रवेश गरेकी कला सुब्बाले मोडल तथा टेलिभिजन कार्यक्रम प्रस्तोताका रूपमा लामो समयसम्म काम गरिन् । त्यसपछि कोरियोग्राफीमा समेत हात हालेकी अविवाहित कला विगत लामो समयदेखि हिट्स एफ.एम.मा आरजेका रूपमा सक्रिय छिन् ।

## प्रीति कौर

प्रीत कौरलाई सांगीतिक क्षेत्रमा सुन्दर गायिकाको उपाधि प्राप्त छ । पप गायिकाका रूपमा सांगीतिक क्षेत्रमा प्रवेश गरेकी



प्रीति प्रायः सबै विधाका गीत-संगीत गाउन निपुण छिन् । अविवाहित प्रीतिले विवाहका लागि उपयुक्त समय आइनसकेको बताएकी छिन् ।

## रिनाशा राई

नृत्य निर्देशन (कोरियोग्राफी) मार्फत आफूलाई स्थापित बनाएकी रिनाशा राई युवापुस्तामाझ लोकप्रिय छिन् । प्रारम्भमा केही रिमिक्स तथा पपगीतमा कोरियोग्राफी गरेर करियर प्रारम्भ गरेकी अविवाहित रिनाशा अहिले नेपाली चलचित्रका गीतमा आकर्षक कोरियोग्राफी गरेर थप चर्चित बनेकी छिन् ।



## संगीना वैद्य

खेलजीवनबाट संन्यास लिइसकेकी तेक्वान्दो खेलाडी संगीना वैद्य पनि अविवाहित छिन् । थुप्रै पटक अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी भएर नेपाललाई पदक दिलाएकी संगीना सुन्दर मात्र छैनन्, युवापुस्तामाझ उत्तिकै लोकप्रिय पनि छिन् । केही समयअघि अन्तर्राष्ट्रिय तेक्वान्दो रेफ्रीको लाइसेन्ससमेत पाएकी संगीना पछिल्लो समयमा घर-परिवारको दबाव आइरहेकाले चाँडै विवाह गर्ने पक्षमा छिन् । भावना बुझ्ने व्यक्तिसँग विवाह गर्ने उनको योजना छ ।

**प्रस्तुति : कृष्ण भट्टराई**

# अविवाहित चर्चित पुरुष



**श्रीकृष्ण श्रेष्ठ**

उमेरले चारदशक बिताएर पनि अविवाहित नायक श्रीकृष्ण श्रेष्ठ यो वर्ष निकैपछि चर्चामा आए । विगत केही वर्षदेखि चलचित्र जगतबाट हराएका श्रेष्ठ यसरी एकाएक चर्चामा आउनुका दुई कारण छन् । पहिलो उनकै निर्माणमा उनी आफैं नायक भएको चलचित्र 'कहाँ भेटिएला ?' सुपरहिट भयो । त्यसपछि उनको उक्त चलचित्रकी नायिका श्वेता खड्कासँगको प्रेमको हल्ला चल्यो । हुनत, यसअघि उनको नाम अन्य नायिकासँग नाम नजोडिएको होइन, वरु अब उनलाई विवाह गर्नुपर्ला भन्ने लागेको पो छ कि ?

**मनोज केसी**

चर्चित रक संगीत समूह १९७४ एडीका गितारिष्ट एवं किबोर्डिस्ट मनोज केसीको मुस्कानमा धेरै युवती मोहित भएका होलान् तर मनोजलाई आजीवन मोहनी लगाउने अहिलेसम्म कोही भेटिएको छैन । उनका प्रेमका केही चर्चा एवं हल्ला नसुनिएका होइनन्, तर ती हल्लाहरू नत वास्तविकतामा परिणत भए नत उनको विवाह नै भयो । यद्यपि उनी प्रेम विवाहको पक्षमा छन् भने स्वजातीय विवाह गर्ने पक्षमा छैनन् । उनको भनाइमा विवाहपछि उनी आफ्नी श्रीमतीप्रति 'बेष्ट फ्रेन्ड'को व्यवहार गर्नेछन् ।

**सुदिन पोखरेल**

चुस्स तर सुहाउँदो दाह्री पालेका सुदिन पोखरेलको दोहोरो पहिचान छ । उनी ज्याप गायन समूह 'द युनिटी' का ज्यापर हुन् भने अर्कातर्फ उनी टेलिभिजनका समाचारवाचक तथा खेलपत्रकार हुन् । गोरा, अग्ला अनि हँसिला यी विराटनगरे ठिटाको गायन तथा समाचार वाचन गर्ने शैलीबाट धेरै युवती भुतुक्कै भए पनि पोखरेल अविवाहित नै छन् । उनले आफ्नी भावी पत्नी 'बोल्ड एन्ड ब्युटिफुल' हुनुपर्ने बताएका छन् भने प्रेम वा मागी जस्तो विवाह भए पनि स्वीकार्य छ भनेका छन् ।

**अभिनव कसजु**

विश्वभर हेरिने लोकप्रिय नेपाली वेबसाइट साइबरसंसार डटकमका सञ्चालक, वेब डिजाइनर तथा ग्ल्यामर फोटोग्राफर अभिनव कसजु विवाह गर्ने कुरामा सहमत छन् । आफ्नो पेसालाई बुझ्ने समझदार जीवनसाथीको खोजीमा रहेको बताउने अभिनव विवाहपछि काम र घरलाई उत्तिकै महत्त्व दिने बताउँछन् । अभिनवभन्दा एक वर्ष कान्छा उनका भाइ दीपंकर कसजु पनि अविवाहित रहेकाले यी दाजुभाइले एउटै लगनमा विवाह गर्नुपर्ने सल्लाह उनीहरूलाई धेरैले दिएका छन् ।

**राजवल्लभ कोइराला**

पोखरेली युवक राजवल्लभ कोइरालाले रेडियो जक्की, म्युजिक भिडियो मोडलिङ गर्दै चलचित्रमा नायक हुने अवसर पाएका हुन् । यो वर्ष चलचित्रकै छायांकनमा व्यस्त राजवल्लभ विवाह गर्नुपर्छ भन्ने पक्षमा रहे पनि त्यसका लागि हतार नभएको बताउँछन् । भर्खरै चलचित्रमा क्यारियर आरम्भ भएकाले उनको विवाह दुई-चार वर्ष नहुन पनि सक्छ ।

**आर्यन सिग्देल**

पछिल्लो पटक नेपाली रजतपटमा उदाएका नायक आर्यन सिग्देललाई 'चकलेटी हिरो' को



उपाधि प्राप्त छ । एकपछि अर्को गरी सेक्सी नायिका रेखा थापाका चलचित्रमा अभिनय गरिरहेका आर्यन अन्य निर्माताका चलचित्रमा पनि व्यस्त छन् । नाइटलाइफ मनपराउने आर्यन विवाह गर्नुपर्छ भन्ने धारणा राख्छन् । विवाहपछि भावी पत्नीका लागि आफूलाई सबैभन्दा मनपर्ने नाइटलाइफ त्याग्ने अठोट उनले गरिसकेका छन् ।

पृष्ठ ९ मा जारी

# अविवाहित चर्चित पुरुष



पृष्ठ ८ बाट जारी

**विनय श्रेष्ठ**

दुई/तीन दर्जन म्युजिक भिडियोमा मोडलिङ गरिसकेका विनय श्रेष्ठलाई चलचित्र 'सानो संसार' बाट अभिनेताका रूपमा चिनियो। हाल चलचित्र 'फस्ट लभ' मा अभिनय गरिरहेका विनयलाई धेरैले रमाइलो र हाँसिरहने व्यक्तित्वका रूपमा पनि चिन्छन्। टेलिभिजन लाइभ सो 'प्ले इट अन' का सञ्चालक विनय युवतीहरूले विवाहका लागि रुचाउने योग्य वर हुन सक्छन्।

**सुजिल कर्माचार्य**

'द सिजन्स' समूहका गायकका रूपमा चर्चा कमाएका हेटौंडाका यी युवक हँसिलो व्यवहार र गायन शैलीका कारण धेरै युवतीको मनको राजकुमार बनेका छन्। पछिल्लो पटक 'भूमो' एल्बमबाट ख्याति कमाएका सुजिलले केही वर्षअघि गायक अनिल सिंहको गीत 'डुब्न देऊ' मा नायिका झरना बज्राचार्यसँग अभिनय पनि गरे। सिभिल इन्जिनियर भएर पनि गायन तथा संगीतमा रमेका यी गायक भविष्यमा प्रेम विवाह गर्ने बताउँछन्।

**नवीन सुब्बा**

नवीन सुब्बा भन्ने बित्तिकै उनको नाम चलचित्र 'नुमाफुङ' र हाल प्रसारण भैरहेको टेलिश्रृंखला 'दलन' को सम्झनासँगै आउँछ। आठ वर्षपछि अर्को चलचित्र 'गुडबाइ काठमाडौं' को निर्देशनमा व्यस्त नवीन सुब्बा आफूलाई 'इलिजिबल ब्याचलर' भनिने उमेर पनि काटिसकेको बताउँछन्। 'विवाहमा रुची नै नभएको होइन' भन्ने नवीनका अनुसार विवाह गर्नका लागि सामाजिक र पारिवारिक दबाब पनि आइरहेकै छ। यद्यपि उनी विवाह हुन्छ कि हुँदैन अथवा कहिले हुन्छ ? भन्ने प्रश्नको जवाफ आफैलाई थाहा नभएको बताउँछन्।

**दीपक विष्ट**

तेक्वान्दोका राष्ट्रिय खेलाडी दिपक विष्टको शारिरिक उचाइँ जति अग्लो छ, त्योभन्दा उनले खेलजीवनबाटै पाएको ख्याति अझ चुलिएको छ। ३३ वर्षीय यी खेलाडीले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरूमा निकै पटक विजेताको पगरी गुथेका छन्। यसै साता ढाकामा पनि उनले स्वर्ण पदक जितेर देशको नाम चम्काएका छन्। विवाहयोग्य चर्चित पुरुषको सूचीमा उनी यसकारण पनि पर्छन् कि दीपकको व्यक्तित्व प्रभावशाली छ।

**नवीन के भट्टराई**

गायक नवीन के भट्टराई राजेश हमालपछि 'विवाह किन गरेनन् ?' भनेर चासो राखिने चर्चित व्यक्तिमा पर्छन्। नवीन विगत पाँच वर्षदेखि आफ्ना लागि योग्य वधुको खोजीमा छन्। अब मागी विवाह नै गर्ने लक्ष्य लिएका नवीनको केही समयभित्र विवाह भयो भने अचम्म मान्नुपर्दैन अथवा अझै दुई-चार वर्ष विवाह भएन भने पनि अचम्म मानिहाल्नुपर्ने अवस्था छैन।











**राजु लामा**

मंगोलियन हार्ट समूहका गायक राजु लामा मुस्कुराउँदा गालामा पर्ने डिम्पलले महिला प्रशंसकहरू भुतुक्कै हुन्छन्। अझ उनले गाउँदा उनीहरू चिच्याउन बाध्य हुन्छन्। हँसिला व्यक्तित्व गायक राजु लामा विवाहयोग्य भैसकेका छन् तर विवाह गरेका छैनन्। जब कि उनका समकालीन गायकहरू प्रायः सबैको विवाह भैसकेको छ।

**आलोक नेम्वाङ**

पछिल्लो पुस्ताका चलचित्र निर्देशकमा प्रतिभाशाली र नयाँ अवधारणा लिएर आएका निर्देशक आलोक नेम्वाङ्ग म्युजिक भिडियो निर्देशनका कारण निकै लोकप्रिय भए। अमेरिकाबाट चलचित्र निर्माणमा स्नातक गरेका आलोकले निर्देशन गरेको चलचित्र 'सानो संसार' ले निकै चर्चा पाएको थियो भने हाल उनी चलचित्र 'कोही मेरो' को निर्देशन गरिरहेका छन्। आफू नजिक भएका नायिका तथा महिला मोडललाई साथीका रूपमा हेर्ने भएकाले पनि उनको प्रेम प्रसंगका बारेमा खुलस्त कसैलाई थाहा छैन।

**पुष्कर शाह**

'विश्वमा शान्ति फैलिरहोस्' भन्ने कामनाका साथ एघार वर्षअघि आमाले दिएको सय रुपैयाँ बोकेर विश्व साइकल यात्रामा निस्किएका पुष्कर शाहका प्रेमिका अनगिन्ती छन् भन्ने हल्ला पनि चलेको थियो। साइकल यात्राका दौरान विश्वका १ सय ४० देश चहार्ने क्रममा उनले अनेकौं गर्लफ्रेन्ड बनाएको सुन्नमा आए पनि शाहले उक्त कुराको खण्डन गरेका छन्। यही वैशाखमा सगरमाथा चढ्ने तयारीमा जुटेका शाह लक्ष्य प्राप्ति नहुञ्जेल विवाह गर्ने मुडमा देखिँदैनन्।

**राजेशपायल राई**

'बल्ल बल्ल भेट भो दर्शन नमस्ते' गायक राजेशपायल राईले गाएको पछिल्लो सुपरहिट गीत हो। राजेशले आफ्नो जीवन सुहाउँदो जीवनसाथी भेटेका छैनन्। केही वर्षअघि बिरामी परेर थला भएपछि तंग्रिएका राजेशपायल पछिल्लो पटक फेरि जुर्मुराएका छन्। मोटो शरीरबाट स्लिम ज्यान बनाएपछि उनी बैसमा सुन्दर देखिएझैं भएका छन्। उनलाई धेरैले सोध्छन्- 'विवाह कहिले ?' राजेश जवाफ फर्काउँछन्- 'होला नि समय आएपछि।'

प्रस्तुति : सुब्रत आचार्य



# योजना बनाउँदैछन् नायिकाहरू



गत वर्षको 'भ्यालेन्टाइन डे' मा नरमाइलो लागेको थियो अभिनेत्री रञ्जना शर्मालाई । श्रीमान् निर्देशक श्याम भट्टराईसँग विधिवत् रूपमा सम्बन्ध टुटेलगत्तै आएको 'भ्यालेन्टाइन डे'मा खासै चमक-दमक देखाइनन् उनले । रञ्जना भन्छिन्- 'भ्यालेन्टाइन डेका बारेमा थाहा पाएपछिको सबैभन्दा नरमाइलो पोहोर साल नै भएको थियो ।'

त्यसो त उनका श्रीमान् श्यामले पनि नियाउरो अनुहार बनाएरै दिन बिताए । तर, एकपटक एसएमएसचाहिँ पठाउन भ्याएछन्,



त्यो पनि रातको १२ बजेपछि । 'गफगाफ नभए पनि एसएमएस पठाएँ, उसले पनि थ्याङ्कस भनेर उत्तर दिई, मेरो पनि कोही रहेछ भन्ने लाग्यो ।' श्यामले भने ।

दुवैका लागि यो वर्ष 'भ्यालेन्टाइन डे' अर्थात् प्रेमदिवस रमाइलो हुने भएको छ । कुनै चल्तीको क्याफेमा गएर प्रेमदिवस मनाउने तयारीमा रहेका जोडीले के-के गर्ने पूरै योजना बनाउन भ्याएको छैन । जे होस्, खुसी छन् दुवै । भट्टराई दम्पती भन्छन्, 'यसपालि त पोहोरको पनि खापेर मनाउने तयारीमा छौं भव्य रूपमा ।'

तन्नेरी पुस्ताले महत्वका साथ मनाउन थालेको प्रेमदिवसलाई कलाकर्मीले पनि उत्तिकै महत्त्व दिन थालेका छन् । केही चलचित्रमा त प्रेमदिवसको प्रसंगसमेत समेटिन थालेको छ । तन्नेरी पुस्ताले महत्त्व दिएको पर्व भएकाले पनि यो पर्व मनाउनुपरेको धारणा व्यक्त गरिन्, अर्की अभिनेत्री रेजिना उप्रेतीले ।

सुटिङको सिलसिलामा मुस्ताङ पुगेकी रेजिना प्रेमदिवस मनाउन काठमाडौं आउने तयारीमा छिन् । विगतका भ्यालेन्टाइन डे ठमेलका क्याफेमा साथीभाइसँग रमाइलो गर्दै मनाएकी रेजिना यसपालि पनि त्यस्तै रमाइलो गर्ने मुडमा छिन् । 'लगातार सुटिङमा भिडेकाले थकान महसुस भैरहेको छ, यसपालि रमाइलै गरेर मनाउनुपर्छ ।' रेजिनाले भनिन् ।

प्रेमदिवसका विषयमा साथीभाइसँग गफगाफ भए पनि के गर्ने कसो गर्ने सेड्युल मिलाउन भ्याएकी छैनन् उनले । रेजिनाको योजना अनुसार 'सबै तारतम्य साथीभाइले मिलाउँछन्, उनी कार्यक्रममा सहभागी भए मात्र पुग्छ ।' यी अविवाहित नायिकाको कुनै पुरुषलाई प्रेमदिवसको उपहार दिने कार्यक्रम भने रहेनछ । मुस्कुराउँदै रेजिना भन्छिन्, 'प्रेम भन्ने कुरा एक दिन हाँसेर फुल दिँदैमा हुँदैन । त्यो त मनैदेखि आउनुपर्छ ।' उनलाई कति आए होला यस्ता उपहार ? एकछिन सम्झेजस्तो गरी भन्न थालिन्- 'स्कुल पढ्दैदेखि आउन थालेको थियो- कति आयो कति ।'


प्रेमदिवसको प्रसंगमा कुराकानी गर्न चाहँदा 'साथी म तिम्रो' को सुटिङमा व्यस्त थिइन् रेखा थापा । विगतका केही वर्ष सहकर्मीसँग सुटिङ गरेर प्रेमदिवस मनाएकी रेखाको यसपालि पनि खासै 'भ्यालेन्टाइन स्पेसल' छैन । 'खै कसरी मनाउने ? मैले त योजना बनाउनै भ्याएकी छैन ।' रेखाले भनिन् । अचेल सुटिङको व्यस्तताले बढी नै सताउने गरेको छ रेखालाई । त्यसकारण पनि कतिपय चाडपर्व आएको उनलाई थाहै हुँदैन । मन मिल्ने साथीभाइ भेट भए तिनीहरूसँगै रमाउने योजनामा रहेकी रेखा भएन भने घरमै रमाउँछिन् । 'साथीभाइ पनि व्यस्त भए भने आफ्नै श्रीमान् (छवि ओझा) सँग बसेर मनाउँछु,' हास्दै भनिन् रेखाले ।

तन्नेरी पुस्ताले महत्त्व दिन थालेकाले यो पर्वलाई पनि सकारात्मक रूपमा लिनुपर्ने धारणा छ उनको । युवापुस्ता समाजको सचेत वर्ग भएकाले तिनको रुचिलाई अरूले पनि सकारात्मक रूपमा लिनुपर्ने धारणा व्यक्त गरिन् रेखाले । नायिका अरुणिमा लम्साल पनि सहमत छिन् रेखाको भनाइसँग । स्कुल पढ्दा केही सहपाठीबाट प्रेमदिवसको उपहार पाएकी अरुणिमाले आफूले चाहिँ अहिलेसम्म कसैलाई केही दिन पाएकी छैन । 'विवाह भैसक्यो, अब त कसलाई दिनु र ?' ठट्टाको भावमा अरुणिमा भन्दै थिइन् । उपहार आदान-प्रदान नगरे पनि त्यो दिनको खाना घर बाहिरै गएर खाने योजना छ उनको । श्रीमान् र ममीसँग कुनै रेस्टुराँ जाने योजनामा रहेकी अरुणिमा भन्छिन्, 'विवाह नभएकाहरूले अझ राम्रोसँग मनाउनुहोस् ।'

आफूलाई मन परेको व्यक्तिलाई प्रेमदिवसको अवसरमा प्रस्ताव राख्यो भने आफ्नो प्रस्ताव खेर जाँदैन भन्ने मान्यता मौलाउँदो छ युवापुस्तामा । त्यसकारण पनि १४ फेब्रुअरीमा काठमाडौंका पार्क र क्याफेहरू खचाखच हुने गरेका छन् । पछिल्लो समय नायिकाहरू पनि प्रेमदिवसको मोहबाट टाढा हुन सकेका छैनन् । नायिका उषा पौडेललाई पनि 'भ्यालेन्टाइन डे' मनाउने निम्तो गरिसकेका छन् साथीभाइले । विगतका वर्षमा भन्दा यसपालि धेरै साथीले निम्तो गरेजस्तो लागेको छ उनलाई । 'पोहोर त सामान्य पाराले मनाएकी थिएँ, यसपालि चार जना साथीले निम्ता गरिसके ।' समय मिल्यो भने बिहान मन्दिर जाने योजनामा रहेकी उषा दिउँसो भने साथीभाइसँगै रमाउनेछिन् ।



# हलिउडका चर्चित प्रेमप्रसंग



चलचित्रको पर्दामा झैं हलिउडका सेलिब्रेटीहरूमाझ प्रेम र रोमान्सको आफ्नै महत्त्व छ। हलिउड चलचित्रमा देखिने अस्वाभाविक प्रेम-प्रसंग त्यहाँ कलाकारमाझ पनि दोहोरिरहन्छ। जसरी हरेक चलचित्रमा भिन्न-भिन्न प्रेम-प्रसंग समावेश गरिएको हुन्छ, सेलिब्रेटीको निजी जीवनमा समेत त्यस्तै रोचक प्रसंग दोहोरिरहन्छ।

हलिउडका केही चर्चित प्रेम-प्रसंगमध्ये ब्राड पिट तथा एन्जोलिना जोलीको सम्बन्ध सबैभन्दा चर्चाको विषय हुन्छ। हलिउडको यो सफल जोडीका बारेमा पछिल्लो समयमा विभिन्न प्रकारका खबर सार्वजनिक भए। भाइले ब्राडलाई एन्जोलिनासँग नबस्न गरेको आग्रहपछि उनीहरूको व्यक्तिगत सम्बन्ध सार्वजनिक भएको थियो, तर उनीहरूबीचको सम्बन्ध यथावतै रहेको खबर सार्वजनिक भैसकेको छ।

चर्चित नायक मिकी रुक पनि यो वर्ष प्रेम-सम्बन्धका कारण चर्चामा आइरहे। आफ्नी प्रेमिका र ओस्कार एवार्डमध्ये कुनै एक छनौट गर्नुपरे आफूले प्रेमिकालाई नै रोज्ने अभिव्यक्ति दिएपछि उनी चर्चामा आएका हुन्। ५७ वर्षीय मिकी आफ्नी रूसी मोडल प्रेमिकालाई हदैसम्म माया गर्ने बताउँछन्। मिकीका अनुसार पछिल्लो एक वर्षदेखि चलिरहेको उनीहरूको रोमान्सले करियरमा पाएको सफलताले दिने भन्दा बढी खुसी दिएको छ।'

महिला कलाकारमाझ लोकप्रिय गायक जोन मेयरको प्रेम अभिव्यक्ति पनि हलिउडमा चर्चाको विषय बन्छ। डेटिङको समयमा लाज लाग्ने बताएपछि उनी युवतीमाझ थप चर्चित बनेका हुन्। ३२ वर्षीय यी गायक जेनिफर एनिस्टन, जेसिका सिम्पसन जस्ता हलिउडका थुप्रै सुन्दरीसँग डेटिङ गैसकेका छन्।

लोकप्रिय गायिका रिहान्ना तथा अर्का गायक जस्टिन टिम्बरलेकको रोमान्सको खबरले पनि हलिउडमा बेलाबखत चर्चा पाउँछ। २१ वर्षीया रिहान्ना तथा २८ वर्षीय टिम्बरलेक गत वर्षको मध्यताकादेखि नजिकिएका हुन्। रिहान्ना तथा टिम्बरलेकको बीचको रोमान्सको खबरले रिहान्नाको पूर्वप्रेमि तथा बेसबल खेलाडी म्याट केम्पलाई भने नराम्रो चोट परेको छ। यसअघि टिम्बरलेक पनि जेसिका बेलसँग रोमान्स गरिरहेका थिए।

रक गायक मर्लिन म्यानसनले आफ्नी प्रेमिका एवान रसेलउडसँग चाँडै नै विवाह गर्ने घोषणा गरेका छन्। अमेरिकी संगीतज्ञका रूपमा परिचित मर्लिनले केही समयअघि पेरिसमा रसेलउडसँग विवाहको प्रस्ताव राखेका थिए। मर्लिनको विवाह प्रस्तावपछि २२ वर्षीया रसेलउडले भनिन्– 'हो, म मर्लिनसँग चाँडै नै विवाह-बन्धनमा बाँधिँदैछु।' ४१ वर्षीय मर्लिनको पहिलो विवाह सफल थिएन।

जर्ज क्लुनी पनि पछिल्लो समयमा रोमान्सकै कारण चर्चामा छन्। आफ्नी नयाँ प्रेमिकालाई उनले कुनै 'कामुक सपना' सँग तुलना गरेपछि उनको पछिल्लो रोमान्स चर्चामा आएको हो। जर्ज अहिले एलिजावेथ क्यानेलिससँग रोमान्स गरिरहेका छन्। क्लोनी भन्छन्– 'एलिजावेथमा त्यस्तो विशेष कुरा छ, जसलाई हरेक पुरुषले प्रेमिका बनाउने सपना देख्न सक्छ।'

स्माइल गीतकी गायिका लिली एलेनले केही समयअघि सांगीतिक जीवनबाट केही वर्ष हराउने निर्णय गरिन्। आफ्ना प्रेमी सेम कूपरसँग वैवाहिक जीवन प्रारम्भ गर्नका लागि उनले यस्तो निर्णय गरेकी हुन्। उनीहरूबीच विगत एक वर्षदेखि प्रेम-सम्बन्ध जारी छ। कूपर भवन निर्माणको क्षेत्रमा कार्यरत व्यवसायी हुन्। एलेन भन्छिन्– 'पार्टीहरूमा सहभागी हुनु र व्यस्त पप गायिका बन्नु मात्र मेरा लागि सबै कुरा होइन, मेरा लागि म खुशी हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ। म सेमसँग घरजम गरेपछि मात्र खुसी हुन सक्छु।'

मेग रायन हलिउडकी सुन्दर नायिकामध्येका एक हुन्। थुप्रै युवाले मन पराउने नायिकाका रूपमा परिचित रायन भने कसलाई मन पराउँछिन् होला ? अस्ट्रेलियाली नायक जुलियनलाई रायनले आफ्नो मन दिएको चर्चा चल्न थालेको छ। डिनरको समयमा दुवै प्रायः सँगै देखिन थालेपछि उनीहरूको रोमान्स गोप्य रहन नसकेको हो। रसेल क्रो तथा डेनिस क्वेडसँग रायनको वैवाहिक सम्बन्ध यसअघि नै टुक्रिसकेको छ। जुलियन पनि विवाहका बारेमा कम अनुभवी छैनन्। उनको पनि यसअघि नै दुई महिलासँग सम्बन्ध-विच्छेद भैसकेको छ।

कुनै बेला हलिउडका सफल जोडी मानिएका जूड ल तथा सिएना मिलरले पछिल्लो पटक पुनः एक हुने घोषणा गरेर चर्चा कमाए। वास्तवमा एकपटक सँगै रहेर छुट्टिएको यो जोडी गत वर्षको मध्यदेखि पुनः सँगै देखिएको हो। पछिल्लो समयमा उनीहरूलाई दुई-तीन पटक नाइट आउटमा देखिएपछि उनीहरू पुनः एक हुन लागेको अनुमान गरिएको हो। लले मिलरलाई धोका दिएको आरोपमा सन् २००६ मा यो सम्बन्ध टुक्रिएको थियो। करिब चार वर्षको विछोड पछि वर्ष २०१० मा आएर उनीहरूले पुनः सँगै बस्ने निर्णय गरेका हुन्।

आफ्नो अफेयरलाई कहिल्यै सार्वजनिक रूपमा स्वीकार नगरेका हलिउडका एक जोडी कलाकारले एउटा पाँचतारे होटलको ३४ औं तलामा रहेको कोठा बुक गरेपछि उनीहरूको रोमान्सको खबर छताछुल्ल भएको छ। नायक रोबर्ट पेटिसन तथा नायिका क्रिस्टेन स्टिवार्टले शेराटन वाल सेन्टर होटलको एउटा कोठा रात बिताउनका लागि बुक मात्र गरेनन्, ८ सय ५० डलरका दरले होटलको भाडामा समेत तिरे। वास्तवमा यी दुईबीचको डेटिङ तथा अफेयरको खबर प्रायः सार्वजनिक भैरहन्थ्यो, तर उनीहरूले यसलाई स्वीकार गरेका थिएनन्।

रक संगीतकार रोनी उड तथा उनीभन्दा निकै कम उमेरकी रूसी युवती एकातेरिना इवानोभाबीच प्रेम-सम्बन्ध रहेको प्रमाणित भएको छ। पछिल्लो समयमा ६२ वर्षीय उडले आफ्नी २० वर्षीय प्रेमिका इवानोभा (पेसाले वेट्रेस) लाई दक्षिण इङ्ल्यान्डको सरे सहरमा ६ हजार ५ सय डलर प्रतिमहिना भाडा पर्ने अपार्टमेन्टमा राखेका छन्। इवानोभा भन्छिन्– 'हामी अहिले सँगै र खुसी छौं।'

सुपरमोडल केट मोस तथा उनका प्रेमी जिमी हिन्सले गत वर्ष नै इन्गेजमेन्ट गरेको खबर सार्वजनिक भयो। केटको औंलामा एउटा हिराको औंठी देखिएपछि यो खबर पुष्टि भएको हो। दुवैले चाँडै नै वैवाहिक जीवन प्रारम्भ गर्ने योजना बनाएको खबर पनि सार्वजनिक भैसकेको छ।

हाना मोन्टाना कार्यक्रमबाट चर्चामा आएकी माइली साइरसले आफ्ना प्रेमी जस्टिन गेस्टनसँगको सम्बन्ध टुटेपछि नयाँ प्रेमी फेला पारेको समाचार पनि अहिले चर्चामा छ। उनले एक जना बेलायती गिटारवादकलाई आफ्नो नयाँ प्रेमी बनाएको बताइन्छ। स्टिभ रस्टन साइरसका नयाँ प्रेमीका रूपमा देखिएका छन्। उनीहरूबीच डेटिङसमेत प्रारम्भ भैसकेको छ।

ब्राड पिटसँग सम्बन्ध-विच्छेद गरेपछि नायिका जेनिफर एनिस्टनको प्रेमी परिवर्तन गर्ने गति रोकिएको छैन। विन्स वानपछि उनका प्रेमीको सूचीमा जोन मेयरको नाम समावेश भएको छ। यसअघि ब्राडसँग अलग भएपछि जेनिफरले गेरार्ड बट्लरलाई आफ्नो प्रेमीका रूपमा रोजेकी थिइन्।

केट हड्सन तथा ओवन विल्सनबीचको रोमान्स पनि उतारचढावपूर्ण छ। प्रेम, विछोड र पुनः प्रेम। उनीहरूको रोमान्टिक जीवनमा यही कुरा लागू भएको छ। पछिल्लो समयमा आएर उनीहरूले विवाह गर्ने निर्णय गरेका छन्। यसै वर्षको जून महिनामा उनीहरूले विवाह गर्ने लगभग पक्का भएको छ।





# बलिउडका नयाँ लभजोडी



बलिउडमा प्रेमका नयाँ-नयाँ कथा निकै बुनिन्छन्, अनि बलिउडकर्मीहरूका वास्तविक प्रेमका कथाले पनि उत्तिकै चर्चा पाउँछन् । प्रेमसम्बन्धको अन्तिम गन्तव्य अर्थात् वैवाहिक सम्बन्ध गाँसियो भने ती प्रेमसम्बन्धको चर्चा सेलाउन थाल्छ, नत्र उनीहरूका गतिविधि सञ्चारमाध्यमका लागि गतिलो 'गसिप' बन्छन् ।

**सैफ-करिना :** शाहिद कपुरसँग प्रेमसम्बन्ध बिग्रिएपछि करिना कपुर सैफअली खानसँग नजिक भइन् । सैफ पनि आफूभन्दा १२ वर्ष जेठी अमृता सिंहसँगको असफल वैवाहिक सम्बन्धपछि एक्लो भएका थिए । उनीहरूको प्रेमको चर्चा बलिउडका 'गसिप'हरूमध्ये अग्रस्थानमा छ । यी स्टार पुत्र तथा स्टार पुत्रीको प्रेमसम्बन्धले विवाहको रूप लिन सक्ने संकेत पनि देखिएको छ । करिना र सैफले मुम्बईमा छुट्टै फ्ल्याट पनि लिएका छन् । हालै उनीहरूले निकट भविष्यमा इन्गेज्मेन्ट हुने बताएका छन् ।

**आदित्य-रानी :** यश चोपडाका पुत्र चलचित्र निर्देशक आदित्य चोपडासँग बलिउडकी चर्चित नायिका रानी मुखर्जीको प्रेमसम्बन्धले पनि बेला-बखत चर्चा पाउँछ । रानी मुखर्जीसँगको प्रेमका कारण आदित्यको श्रीमती पायल चोपडासँग सम्बन्धविच्छेद भैसकेको छ । आदित्य र रानीको दुई वर्षअघि इन्गेज्मेन्ट पनि भैसकेको छ । आदित्यको यो निर्णय यश चोपडा तथा उनकी श्रीमती पाम चोपडालाई मन परेको छैन । सम्भवत: त्यसैले उनीहरूको विवाहमा ढिलाइ भैरहेको छ, तर रानीले आफ्ना मनका राजा आदित्यसँग विवाहपछि बस्नका लागि भनेर मुम्बईमा एउटा घर किनिसकेकी छिन् ।

**जेनेलिया-रितेश :** 'जाने तु या जाने ना' बाट बलिउड चलचित्रमा छाएकी दक्षिण भारतीय नायिका जेनेलिया डिसुजाको बलिउडका नायक रितेश देशमुखसँगको प्रेमले चर्चा बटुलिरहेका बेला जेनेलियाले रितेशसँग उनको विवाह हुन लागेको खबरलाई झूटो बताएकी छिन् । प्रेमसम्बन्धका बारेमा भने उनले यति मात्र भनेकी छिन्- 'नो कमेन्ट्स ।' वर्षौं पहिले जेनेलिया र रितेशले चलचित्र 'तुझे मेरी कसम'मा सँगै काम गरेका थिए ।

**दीपिका-फरहान :** दीपिका पादुकोण र रणवीर कपुरबीचको 'ब्रेकअप'मा दोषी मानिएका निर्देशक तथा अभिनेता फरहान अख्तरसँग दीपिकाको प्रेम भएको खबर आउन थालेपछि दीपिकाले उक्त कुराको खण्डन गरेकी छिन् । उनले फरहान विवाहित पुरुष भएकाले उनीसँगको प्रेमको चर्चाले फरहानको वैवाहिक जीवनमा प्रभाव पर्ने बताएकी छिन् । अर्कातर्फ फरहान र दीपिकाको प्रेम चर्चालाई 'पब्लिसिटी स्टन्ट' पनि भनिएको छ ।


**इमरान-अवन्तिका :** 'जाने तु या जाने ना'बाट उदाएका आमिर खानका भान्जा, नायक इमरान खानको प्रेमले चर्चा नपाउँदै उनले आफ्नी प्रेमिका अवन्तिकासँग गत जनवरी १६ मा इन्गेज्मेन्ट गरेका छन् । इमरान र अवन्तिकाको प्रेम सानैदेखिको भएको उनीहरूले बताएका छन् ।

**शिल्पा-राज :** शिल्पा क्यारियरको सुरुवातमा नायक अक्षयकुमारसँग नजिकिएकी थिइन् । सन् २००० मा उनीहरू अलग भएपछि अक्षयले शिल्पाकी 'बेस्ट फ्रेन्ड' नायिका ट्विन्कल खन्नासँग विवाह गरे । त्यसपछि उनी निर्देशक अनुभव सिन्हासँग नजिक भइन् । अनुभवलाई उनले सबैभन्दा मिल्ने साथी पनि भनेकी थिइन् । अनुभव दुई सन्तानका बाबु हुन् र उनको पत्नीसँग सम्बन्धविच्छेद भैसकेको छ । अनुभवसँग शिल्पाको प्रेमको हल्ला धेरै समय चलेन । अन्तत: गत नोभेम्बर २२ मा उनले लन्डनका १ सय ९८ औं धनी राज कुन्द्रासँग विवाह गरिन् । राजको पनि श्रीमतीसँग सम्बन्धविच्छेद भैसकेको छ ।

# बलिउड ब्रेकअप

ओस्कार जितेको चलचित्र 'स्लमडग मिलेनियर' की नायिका फ्रिडा पिन्टोको प्रेमसम्बन्ध उक्त चलचित्रका नायक देव पटेलसँग भएको खबर तात्नुअघि फ्रिडाको 'मतलबी माया'को चर्चाले भारतीय सञ्चारमाध्यमहरूमा स्थान पायो । चलचित्र 'स्लमडग मिलेनियर'मा नायिका हुनुअघि फ्रिडाको प्रेम रोहण भन्ने युवकसँग रहेछ । भारतीय सामाजिक परिवेशमा अन्तर्राष्ट्रिय स्तरबाट निर्माण भएको उक्त चलचित्रमा नायिका बन्ने अवसर पाउनेबित्तिकै फ्रिडाले रोहणलाई चियामा परेको झिंगा निकाले जस्तै आफ्नो जीवनबाट निकालिन् । सञ्चारकर्मीले रोहणका बारेमा सोध्दा फ्रिडाको जवाफ आयो- 'को हो रोहण भनेको ? म चिन्दिनँ ।' जबकि रोहणसँग उनको विवाह हुने कुरा पक्का भैसकेको अवस्था थियो ।

यस्तै अर्को 'मतलबी माया'को चर्चा गर्नु उपयुक्त हुन्छ । २००८ को ब्लक बस्टर चलचित्र ॐ शान्ति



ओमबाट उदाएकी नायिका दीपिका पादुकोणले पनि चलचित्रका लागि आफ्नो प्रेमीसँग सम्बन्ध तोडेकी थिइन् । दीपिका यतिसम्म बाठी निस्किन् कि ॐ शान्ति ओमको निर्माण एवं प्रदर्शनसम्म उनको प्रेम निहार पाण्डे भन्ने बलिउडमा संघर्षरत एक युवकसँग थियो । जब ओम शान्ति ओम सुपर हिट भयो, दीपिका रातारात स्टार भइन् अनि निहारलाई चटक्क छाडेर नायक रणवीर कपुरकी प्रेमिका भइन् ।

बलिउड र ब्रेकअपको सम्बन्ध नयाँ होइन । त्यसमा पनि अमिताभ बच्चन र रेखाको ब्रेकअप अहिलेसम्म पनि मानिसहरू सम्झन्छन् । हालसालै एउटा चलचित्र एवार्ड वितरण कार्यक्रममा चलचित्र 'पा' बाट अमिताभले पुरस्कार थाप्दा कार्यक्रममा उपस्थित रेखाले खुसी हुँदै ताली बजाएको दृश्य टेलिभिजन च्यानलले लगातार देखाइरह्यो । अमिताभपछि रेखाले अभिनेता विनोद मेहरासँग विवाह गरेकी थिइन्, तर त्यो विवाह धेरै दिन टिक्न सकेन, पछि हार्ट एट्याकका कारण विनोद मेहराको मृत्यु भयो । त्यसको केही वर्षपछि दिल्लीका एक व्यापारी मुकेश अग्रवालसँग उनले औपचारिक विवाह गरिन् । मुकेशले पनि आत्महत्या गरे । दुई लोग्नेको अस्वाभाविक मृत्युका कारण उनको अमिताभसँगको एकतर्फी प्रेम हो कि भन्ने अनुमान धेरैले लगाएका छन् । जबकी अमिताभ एक

बाँकी पृष्ठ १३ मा

# क्रिकेटरसँग नजिकिए नायिकाहरू



क्रिकेटरहरू बलिउडका नायिकाहरूसँग नजिकिनु नौलो विषय होइन, तर ताजा जानकारीअनुसार पछिल्लो पटक बलिउडका चारजना नायिका क्रिकेटरहरूसँग 'डेटिङ' गैरहेका छन् ।

**समिरा रेड्डी र इशान्त शर्मा :** गत वर्षको आईपीएल म्याचदेखि भारतीय क्रिकेट टिमका राइट आर्म फास्ट बलर इशान्त शर्माको व्यक्तित्वबाट प्रभावित नायिका समिरा रेड्डी उनीसँग प्रेम गर्न थालेकी छिन् । समाचारमा जनाएअनुरूप आइपीएलको म्याचबाट फुर्सद मिलाएर यी दुई 'डेटिङ' जान्थे । समिराले भने उक्त समाचारलाई गलत बताइरहेकी छिन् ।

**श्रीया शरण र श्रीसन्थ :** 'तुझे मेरो कसम', 'थोडा तुम बदलो थोडा हम', 'शुक्रिया', 'आवारापन', 'मिशन इस्तानबुल', 'एक' जस्ता हिन्दी चलचित्र तथा दर्जनौं दक्षिण भारतीय चलचित्रकी नायिका श्रीया शरणको भारतीय क्रिकेटर श्रीसन्थसँग प्रेम सम्बन्ध रहेको चर्चा छ । यद्यपि एउटा क्रिकेट कार्यक्रममा बलिउड नायिका मिनिषा लाम्बाले श्रीसन्थलाई चुम्बन गरेपछि मानिसहरूले श्रीसन्थप्रति शंका गर्न थालेका छन् ।

**विद्या बालन र जाहिर खान :** पछिल्लो खबरअनुसार भारतीय क्रिकेटका फास्ट बलर जाहिर खानसँग विद्या बालनको अफेयर चलिरहेको छ । ट्वेन्टी-ट्वेन्टी म्याच प्रत्यक्ष हेरेपछि जाहिरको डाइहार्ट फ्यान भएकी विद्याले त्यसपछि भनिन्- 'जाहिर इज द हटेस्ट क्रिकेटर अन द ब्लक ।' विद्याले उनलाई मन पराए पनि जाहिरको प्रेम भने 'लक बाइ चान्स' की नायिका इशा सर्वानीसँग छ ।

**अमृता अरोरा र उस्मान अफजल :** लन्डन बसिरहेका पाकिस्तानी क्रिकेट टिमका लेफ्ट ह्यान्ड बलर उस्मान अफजलको बलिउडकी नायिका अमृता अरोरासँगको प्रेमका किस्सा निकै सुनिन्छ । उनीहरूबीच सम्बन्ध टुक्रिएको हल्ला चले पनि अमृता बेलाबखत उस्मानलाई भेट्न लन्डन गैरहन्छिन् । अमृताले पनि उनीहरूको ब्रेकअपको हल्ला गलत भएको बताएकीले उनीहरू अझैं प्रेममै रहेको प्रमाणित भएको छ ।

**दीपिका र युवराज :** दीपिका पादुकोण रणवीर कपुरबाट अलग भएपछि एक्लो भइन् । भारतीय क्रिकेटका चर्चित खेलाडी युवराजसिंह पनि प्रीति जिन्टासँग सम्बन्ध तोडेपछि एक्ला थिए । त्यसैले दीपिका र युवराज 'डेटिङ' जान थाले । फेरि उनीहरूको सम्बन्धमा चिसो पस्यो । उनीहरू अलग भए । पछिल्लो खबरअनुसार वर्ष २००९ मा टुक्रिएको युवराज र दीपिकाको सम्बन्ध वर्ष २०१० मा फेरि जोडिँदैछ ।


# Congratulation !

We heartly congratulate the following candidates **British Army Recruiting trainers** of bulls indoors sports hall, who have been selected in British Army and singapore police force for intake 2009-10.





**Bulls indoor sports hall** also announces new admission for the british Army Recruiting preparing (Physical and education training for intake 2010. Those who intrested they are coordially requested to contact for more details.

Courses Starts: 1st Feb. 2010

BULLS INDOOR SPORTS HALL
Maharajgunj, Basundhara
Tel: 01-4354524
Website: www.bullgym.com.np

BULLS CLUB
Tel: 01-5592599
Nakhu, Bhaisepati

# बलिउड ब्रेकअप



पृष्ठ १२ बाट जारी

इमानदार श्रीमान्का रूपमा अभिनेत्री जया बच्चनसँग सुखद दाम्पत्य जीवन बिताइरहेका छन्।

सलमान खान र ऐश्वर्या राय, अक्षयकुमार र शिल्पा शेट्टी, अभिषेक बच्चन र करिश्मा कपुर, नाना पाटेकर र मनीषा कोइराला, विवेक ओवराय र ऐश्वर्या, शाहिद कपुर र करिना कपुर, अक्षयकुमार र रविना टन्डन, विपाशा वशु र डिनो मोरियायस्ता अनेकौं चर्चित ब्रेकअप स्टोरी पछिल्लो दशक चर्चामा आए। यी ब्रेकअप स्टोरीमा पनि सलमान र ऐश्वर्या तथा शाहिद र करिनाको ब्रेकअपले अत्याधिक चर्चा पायो।

बलिउडमा सबैभन्दा बढी प्रेमकथामै चलचित्र बनिरहेका छन्। एक अध्ययनअनुसार दक्षिण एसियाली मुलुकका युवायुवतीहरू जो सबैभन्दा बढी बलिउडमा बनेका चलचित्र हेर्छन, उनीहरूलाई प्रेम गर्न ती चलचित्रले नै सिकाइरहेका छन्। चलचित्रबाट प्रभावित भएर पर्दामा नायक र नायिकाले जस्तो प्रेम गर्न युवापुस्ता उत्प्रेरित हुने गरेको अध्ययन बताउँछ। १९८१ मा रिलिज भएको चलचित्र लभस्टोरीले त्यतिबेला युवायुवतीलाई घरबाट भाग्न सिकायो भने २००९ को चलचित्र 'लभ आजकल' ले ब्रेकअप पार्टीको रमाइलो अवधारण अगाडि ल्यायो।

**दीपिका र रणवीर :** ॐ शान्ति ओमपछि एकाएक चर्चामा आएकी दीपिका पादुकोण र चलचित्र नचले पनि पहिलो चलचित्र सावरियापछि चर्चामा आएका रणवीर कपुरबीच चलचित्र बचना ए हसिनोको निर्माणताका प्रेमसम्बन्ध जोडिएको चर्चा चल्यो। उनीहरूले पनि उक्त कुरा स्वीकार पनि गरे। अर्कातर्फ अनिल कपुरकी नायिका छोरी सोनम कपुरसँग रणवीरको ब्रेकअप भएको खबर पनि आयो। दीपिका र रणवीरको प्रेम लामो समय टिकेन। वर्ष २००९ मा उनीहरूले जोडी भएर अभिनय गरेको चलचित्र 'अजब प्रेमकी गजब कहानी' ले सफलताको झन्डा गाडे पनि उनीहरूको प्रेम असफल भयो।

**सलमान र क्याटरिना :** ऐश्वर्या रायसँग ब्रेकअप भएपछि सलमानले उनीजस्तै देखिने युवती स्नेहा उलाललाई चलचित्र लक्कीकी नायिका बनाए। क्याटरिना कैफसँग उनको अर्को प्रेमकथा टुंगिनेजस्तो भएपछि उनीजस्तै रूप भएकी जेराइन खानलाई चलचित्र वीरकी नायिका बनाए। क्याटरिना मोडलिङमा आएदेखि सलमान खान र उनीबीच प्रेम थियो। उनीहरूबीचको प्रेम टुंगिने क्रममा छ, सलमान र क्याटरिनाको ब्रेकअप भयो भन्ने खबरले बेलाबखत भारतीय मिडियाहरू रंगिने गरेका छन्। औपचारिक रूपमा उनीहरूको ब्रेकअप भएकै हो भन्ने यकिन भने भएको छैन। यसबीच क्याटरिनाले दुई वर्षपछि विवाह गर्ने बताइन् तर कोसँग ? भन्ने कुराचाहिँ खुलस्त पारिनन्।

**प्रियंका र शाहिद :** २००९ मा यो जोडीले अभिनय गरेको चलचित्र कमिने आयो। सँगसँगै करिनासँगको ब्रेकअपले एक्लिएका शाहिद कपुरसँग प्रियंका चोपडाको प्रेम चर्चा पनि चल्यो। केही पत्रपत्रिकाले शाहिद र प्रियंका डेटिङमा गएको खबर पनि छापे। बैंककमा एउटा चलचित्रको छायांकनका क्रममा उनीहरू एउटै होटलमा बस्नु, मुम्बईको एउटा क्याफेमा दुवै जना डिनर जानुजस्ता अनेकौं प्रमाणलाई आधार बनाएर उनीहरूबीच प्रेम भएको प्रमाणित गर्न खोजियो। कमिनेको प्रदर्शनपछि अर्को हल्ला आयो कि प्रियंका र शाहिदको प्रेम टुंगियो, प्रियंका अचेल हरमन वावेजासँग प्रेम गर्छिन्। हरमनसँग प्रियंकाले अभिनय गरेको चलचित्र लभस्टोरी २०५० फ्लप भए पनि २००९मा आएको यो जोडीको अर्को चलचित्र ह्वाट्स योर राशि पनि फ्लप भयो। चलचित्र फ्लप भएलगत्तै खबर आयो– हरमन र प्रियंकाको पनि ब्रेकअप भयो।

**कंगना र अध्ययन :** शेखर सुमनका पुत्र अध्ययन सुमनले बलिउडमा एउटा मात्र चलचित्रमा अभिनय गर्ने अवसर पाएका छन्। यद्यपि उनको चर्चा भने भारतीय मिडियाका पेज थ्रीमा निकै भैरहेको छ। बलिउडकी कामुक नायिका कंगना रणावतसँग उनको प्रेमसम्बन्धले निकै चर्चा पायो। त्योभन्दा पनि उनीहरूको ब्रेकअपले चर्चा पाइरहेको छ। चर्चा यो पनि छ कि अध्ययनलाई कंगनाबाट अलग गराउन शेखर सुमनको हात छ। एउटै मात्र चलचित्र 'हाल ए दिल'मा नायक हुने अवसर पाएका अध्ययनको करियर मायाप्रेमको चक्करमा परेर आफ्नो जस्तो नहोस् भनेर शेखर सुमनले उनीहरूलाई छुटाएको आरोप छ।

**सोहाअली र सिद्धार्थ :** विगतकी चर्चित अभिनेत्री शर्मिला टैगार तथा पूर्व क्रिकेटर नबाब पटौदी खानकी छोरी एवं बलिउड नायक सैफअली खानकी बहिनी अभिनेत्री सोहाअली खानको तेलगु चलचित्रका चर्चित नायक सिद्धार्थसँगको प्रेमसम्बन्ध र ब्रेकअपको चर्चा पनि बलिउडमा छ। तेलगु चलचित्रमा काम गर्ने भए पनि उनी केही समययता मुम्बईको बान्द्रामा फ्ल्याट लिएर सोहासँगै बस्थे। सँगै बस्दा उनीहरू निकै झगडा गर्थे। सैफअलीको जन्मदिनको पार्टीमा समेत सिद्धार्थ पुगेको बताइन्छ। त्यसपछि एउटा पार्टीमा उनीहरूबीच बाझाबाझ नै भयो र अन्त्यमा उनीहरूले एक-अर्कासँग 'ब्रेकअप' लिए।

**सुस्मिता र मुदस्सर :** वर्ष २००९ मा पूर्व मिस युनिभर्स तथा अभिनेत्री सुस्मिता सेनको पनि ब्रेकअप भयो। हुनत त्योभन्दा अघि पनि उनको ब्रेकअप अर्का एक चलचित्र निर्देशकसँग भएको थियो। यसपटक उनले निर्देशक मुदस्सर अजिजलाई प्रेमी बनाएकी थिइन्। उनीहरूको विवाहको कुरा पनि चलिरहेको थियो। यही क्रममा मुदस्सरले सुस्मिताका पितालाई समेत भेटेका थिए। मुदस्सरको निर्देशनमा चलचित्र 'दुल्हा मिल गया'की नायिकासमेत रहेकी सुस्मितासँग उक्त चलचित्रकै छायांकनका क्रममा दुई जनाको 'ब्रेकअप' भएको बताइए पनि मुदस्सरले उक्त कुरा नकारेका छन्।



# सचित्र



**आई लभ यू :**
निर्माता श्रीमान् छवि ओझालाई गालामा किस गर्दै नायिका रेखा थापा



**दुई देशको जोडी**
हेयर डिजाइनर सान्द्रा पुन आफ्ना कोरियन श्रीमान् केभिनसँग



**च्याङ्बाको जोडी**
डिजे राजु आफ्नी श्रीमतीसँग



**तिमी नै दिलको धड्कन**
अमेरिकामा रमाइरहेका गायक सञ्जीप प्रधान श्रीमती गायिका सरिष्मा अमात्यसँग



**धुर्मुसकी सुन्तली**
हास्यकलाकार सीताराम कट्टेल आफ्नी श्रीमती कुञ्जना घिमिरेसँग रोमान्टिक मुद्रामा



**तिमी मात्र तिमी**
पूर्व मिस नेपाल उषा खड्गी श्रीमान जीपी तिमल्सिनासँग ।



**सोई ढोले सोई**
गायक धीरज राई आफ्नी श्रीमतीसँग



**सांगीतिक जोडी**
गायिका प्राश्ना शाक्य श्रीमान् तथा संगीतकार अराज केशवसँग



**नजिक आउनुमा**
गायक रामकृष्ण ढकाल श्रीमती नीलमसँग ।



**ह्याप्पी भ्यालेन्टाइन**
पूर्व मिसनेपाल पायल शाक्य आफ्ना श्रीमान् गायक सरुनसँग भ्यालेन्टाइन मुद्रामा



**न बिर्सें तिमीलाई**
गायिका अञ्जु पन्त आफ्ना गायक श्रीमान् मनोज सेवासँग



**जीवनसाथी**
नायक जीवन लुइँटेल हनिमुन मनाउने क्रममा श्रीमतीसँग



**ठीक छ हैन**
नायिका ऋचा घिमिरे आफ्ना निर्देशक श्रीमान् शंकर घिमिरेसँग



**बधाई छ है**
गायक निमा रुम्बा एवार्ड पाएपछि श्रीमती सेलीलाई अँगालो मार्दै ।

## केवल एक प्रश्न

# के प्रेम अन्धो हुन्छ ?


तस्बिर : राजिव श्रेष्ठ

ओहो ! गाह्रो प्रश्न सोध्नुभयो त । प्रेम भन्ने कुरा व्यक्तिअनुसार फरक-फरक हुने मात्र होइन कि यो व्यक्तिको भावनामा पनि भर पर्छ । मेरो विचारमा प्रेम अन्धो मात्र हुँदैन, प्रेममा पागलपन तथा आकर्षक पनि हुन्छ ।

**रेश मरहठ्ठा (नायक)**

हो, सुरुवातमा प्रेम अन्धो हुन्छ तर निश्चित समयपछि अन्धोपन बिस्तारै घट्दै जान्छ अनि वास्तविकता बोध हुन्छ ।

**हेमन्त शर्मा (गायक)**

कस्तो रमाइलो ? प्रेम वास्तवमा अन्धो नै हुन्छ । प्रेमलाई सफल पार्न प्रेमी-प्रेमिकाहरू हात काट्ने र रगतले पत्र लेख्ने मात्र होइन, आत्महत्या नै गरिरहेका हुन्छन् । यदि प्रेमी-प्रेमिकाले साँचो प्रेम गरेका छन् भने त्यो अन्धो नै हुन्छ तर टाइमपास प्रेममा भने अन्धोपन हुँदैन ।

**जीया केसी (नायिका)**

प्रेमको कुनै आकार-प्रकार हुँदैन । प्रेम एउटा भाव हो जसलाई केवल अनुभव गरिन्छ । सायद प्रेम अन्धो हुँदैन तर हामी अन्धो हुन्छौं जसले कहिलेकाहीं प्रेमका ती सुन्दर पक्षहरू देख्दैनौं । त्यसकारण मलाई लाग्छ, प्रेमीहरू बरु अन्धा हुन सक्छन्...प्रेम त सुन्दरता हो अनि सुन्दरता कसरी अन्धो हुन सक्छ...!

**राजबल्लभ कोइराला (नायक)**

प्रेम अन्धो नै हुन्छ, किनभने प्रेम मनबाट गरिन्छ अनि मनको आँखा हुँदैन । त्यसैले पनि प्रेमलाई अन्धो भनिएको होला !

**दीपेशकिशोर भट्टराई (गायक)**

प्रेम अन्धो हुन्छ र अन्धो प्रेम खतरनाक पनि हुन्छ । अन्धो प्रेममा रमाउनेहरू गलत दिशातर्फ अघि बढ्ने सम्भावना हुन्छ ।

**रूपा उपाध्याय (नायिका)**

प्रेम अन्धो हुँदैन तर प्रेम गर्ने प्रेमी-प्रेमिकाचाहिं अन्धा हुन्छन् । अहिलेको डिजिटल युगका प्रेमी-प्रेमिकाहरू आफ्नो भविष्य नहेरी शारीरिक आकर्षणमै प्रेम गर्ने भएकाले उनीहरू अन्धा हुन्छन् ।

**प्रकाश पौडेल (गायक)**

प्रेम अन्धो मात्र होइन, बहिरो पनि हुन्छ । साँचो प्रेममा जात-भात, धर्म-संस्कृति, उच्च-नीच केही पनि हेरिँदैन । यो प्रेमको सकारात्मक पक्ष हो । प्रेम गर्ने जो प्रेमी-प्रेमिका छन् एकले अर्कालाई बाहेक कोही देख्दैनन्, सायद प्रेम अन्धो भएरै होला कि ? तर आजभोलि लोडसेडिङले गल्लीहरू अँध्यारा हुन्छन्, प्रेम गर्नेहरूले यसको पनि फाइदा उठाइरहेका छन् । प्रेम अन्धो भए पनि साँचो प्रेम कहिल्यै मर्दैन ।

**रवि डंगोल (हास्यकलाकार)**

लौन, यो प्रश्नको जवाफ कसरी दिने ? चलनचल्तीको भनाइ अनुसार त प्रेम अन्धो नै हुन्छ, तर वास्तविकतामा अन्धो हुन्छ कि हुँदैन भन्ने कुरा यसै भन्न सकिँदैन । मेरो विचारमा वास्तविक प्रेममा अन्धोपन हुन्छ ।

**मल्लिका कार्की (गायिका)**

केही वर्षअघि म पनि प्रेममा परेको थिएँ र त्यसबेला मैले आफूलाई अन्धो महसुस गरेको थिएँ ।

**हसन खान (नायक/मोडल)**

मेरो अनुभवमा प्रेम अन्धो हुँदैन, प्रेम सत्य हुन्छ । प्रेमले कहिल्यै पनि लिने चीज खोज्दैन । वास्तविक प्रेममा जतिसक्दो बढी दिन पाए हुन्थ्यो भन्ने भाव रहन्छ । अचेल आकर्षणलाई प्रेमका रूपमा बुझ्नेहरू बढी छन्, जुन गलत हो । प्रेम र आकर्षण फरक कुरा हुन् ।

**श्याम भट्टराई (निर्देशक)**

प्रेम अन्धो भए पनि मायाचाहिं व्यवहारले देखाउँछ । आँखाको हेराइमा प्रेम झल्किन्छ । वास्तवमा प्रेम अन्धो नै हुन्छ ।

**आशुषेन लामा (गायक)**

प्रेम अन्धो हुन्छ कि हुँदैन भन्ने कुरा प्रेमी-प्रेमिकामा भर पर्छ । मेरो विचारमा त्यस्तो प्रेममात्र अन्धो हुन्छ जुन साँचो हुन्छ । क्षणिक प्रेममा अन्धोपन हुँदैन । मैले पनि जीवनमा एकपटक अन्धो प्रेम गरेकी थिएँ, जुन सफल भएको छ ।

**रञ्जना शर्मा (नायिका)**

यो प्रेम गर्ने मान्छेमा भर पर्ने कुरा हो । यदि साँच्चै माया छ भने अन्धो पनि हुन्छ...तर म के भन्छु भने प्रेममा कहिल्यै अन्धोचाहिं हुनु हुँदैन, पछि जे पनि हुनसक्छ ।

**अमिशा बस्नेत (नायिका)**

प्रेम अन्धो नै हुन्छ, तर त्यसलाई भित्री मन र भावनाले हेर्न सक्यो भने मात्र सार्थक हुन्छ ।

**सरिष्मा अमात्य (गायिका)**

प्रेम आफैंमा अन्धो हुँदैन । प्रेम मनको भावना साटासाट गरेर हुने चीज हो । प्रेमलाई अन्धो भनेर यसको गलत व्याख्या गरिएजस्तो लाग्छ ।

**अमिन पाण्डे (गायक)**

प्रेम अन्धो होइन, प्रेमी-प्रेमिकाचाहिं अन्धा हुन् । प्रेम त अनायासै हुने कुरा हो, अनायासै हुने कुरालाई अन्धो भन्न मिल्दैन । राम्रोसँग गरियो भने प्रेम नै संसार हो, नराम्रोसँग गरियो भने....!

**दमन रूपाखेती (हास्यकलाकार)**

मेरो विचारमा प्रेम आफैंमा अन्धो हुँदैन । यो त सृष्टिको सुन्दर संरचना हो, जसले मानवजीवनलाई सार्थक बनाएको छ । त्यसैले प्रेमलाई अन्धो भएर होइन, आँखा खोलेर गरौं, किनभने अन्धो भएर गरेको प्रेम अन्धै हुन्छ नि !

**अञ्जना गुरुङ (गायिका)**

प्रेम अन्धो हुँदैन, तर कहिलेकाहीं प्रेम गर्ने प्रेमी-प्रेमिकाहरू नै अन्धा भएर प्रेमलाई अन्धो बनाइरहेका छन् ।

**उषा पौडेल (नायिका)**

एउटा उखान छ नि 'गधी पे दिल आया तो परी क्या चीज है', ठीक त्यसैगरी प्रेममा परेपछि बाँकी केही कुरा देखिँदैन । सायद त्यसैले प्रेमलाई अन्धोपनसँग तुलनामा गरिएको हो । कुनै बेला म पनि त्यस्तै अन्धो प्रेममा परेको थिएँ ।

**आर्यन सिग्देल (नायक)**

प्रेम अन्धो नभएको भए एकपटक पाउने जीवन लैला-मजनु, रोमियो-जुलियट आदिले किन फाल्थे होला र ?

**कन्हैया सिंह (गायक)**

प्रेमजस्तो स्वच्छ र पवित्र चीजलाई कसरी अन्धो हुन्छ भन्नु ? सायद प्रेम गर्नेहरूले आफूबाहेक आफ्नू वरिपरिका कुनै पनि कुरा नदेख्ने भएकाले त्यसो भनिएको हो कि ? तर म प्रेम अन्धो हुन्छ भन्ने कुरामा सहमत छैन ।

**नन्दिता केसी (नायिका)**

यदि कुनै पनि प्रेम भित्री हृदयदेखि वास्तविक रूपले गरिएको छ भने त्यो अन्धो नै हुन्छ । चोखा माया गर्नेहरूले आफू अर्कै संसारमा पुगेको अनुभव गर्छन्, तर फेसनेबल प्रेममा भने त्यस्तो हुँदैन ।

**सीताराम कट्टेल(धुर्मुस)**

जति बेला माया बस्छ, कोही मन पर्छ, त्यसपछि समाजको कुनै पनि बन्धनले त्यो मायालाई छुटाउन सक्दैन । आफूले मन पराएको मान्छेका लागि प्रेमि-प्रेमिका जे गर्न पनि तयार हुन्छन् । यस्तो प्रेमलाई नै अन्धो भनिएको हुनसक्छ ।

**सविर श्रेष्ठ (निर्देशक)**

प्रेम अन्धो हुँदैन । जहाँ सत्यता छ त्यहाँ मात्र प्रेम सम्भव हुन्छ । प्रेमका लागि सत्यता खोज्न पनि आँखाको आवश्यकता पर्छ ।

**फुर्वा शेर्पा (गायक/टेलिभिजनकर्मी)**

**प्रस्तुति : कृष्ण भट्टराई**




सर्वाधिक बिक्री हुने साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजीव श्रेष्ठ/मेरोवेबसाइट्स डटकम
श्रृंगार: शिवराम केसी

# भ्यालेन्टाइन विशेष





## अनमोल के.सी./प्रभा विष्ट

फोटो सेसनमा दुवै लजाइरहेका थिए, किनभने उनीहरूको भेट त्यही स्टुडियोमा पहिलो पटक भएको थियो । यद्यपि दुवैले रोमान्टिक पोज दिने प्रयास गरे । अनमोल केसी र प्रभा विष्टको आगमन चलचित्रमा हुँदैछ । भुवन केसी र सुस्मिता केसीका पुत्र अनमोल, बाबुले निर्माण गरेको चलचित्र 'साथी म तिम्रो'मा नायक भएका छन् भने डान्समा धेरै पटक गोल्ड मेडल जितेकी तथा कक्षा १२ को अध्ययन सक्ने तरखरमा रहेकी प्रभा अब केही चलचित्रहरुमा नायिका बन्दैछिन् । फोटोसेसन सकिएपछि उनीहरूले भने- 'पहिलो पटक रोमान्टिक जोडी भएर क्यामेरा अघि अभिनय गर्न अप्ठेरो त भैहाल्छ नि ।'

• सुब्रत






WHITE MISCHIEF

ULTRA PURE VODKA

# २०६६ फाल्गुण

FEB-MAR 2010

| आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S | आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ 13 | २ 14 | ३ 15 | ४ 16 | ५ 17 | ६ 18 | ७ 19 | ८ 20 |
| ९ 21 | १० 22 | ११ 23 | १२ 24 | १३ 25 | १४ 26 | १५ 27 | १६ 28 | १७ 1 | १८ 2 | १९ 3 | २० 4 | २१ 5 | २२ 6 |
| २३ 7 | २४ 8 | २५ 9 | २६ 10 | २७ 11 | २८ 12 | २९ 13 | | | | | | | |

A little mischief. A lot of fun.




UB GROUP
UNITED SPIRITS NEPAL PVT. LTD.

DRINK RESPONSIBLY

# जवानीको प्रेम

## रंगीन कागजमा बेरिएको आकर्षक वस्तु हो

पृष्ठ ५ बाट जारी

**भ्यालेन्टाइन डेमा सबैको चाहना एकै किसिमको हुँदै गएको छ, यसलाई प्रेम नभनेर के भन्ने त ?**

हेर्नुहोस्, भीडमा मानिसले आफ्नो वैयक्तिकता हराउँछ र भिडसँगै बग्न थाल्छ। उसलाई भीडले जे गऱ्यो, त्यही सही लाग्न थाल्छ। तपाईंले नेताहरू भीड देखेपछि जोसिएर नचाहिने कुरा पनि बोलेको सुन्नु भएको होला। किन ? किनभने त्यसबेला उनीहरूले आफू के हुँ र मैले के बोल्नुपर्छ भन्ने बिर्सन्छन्। भ्यालेन्टाइन डे पनि त्यस्तै हो। यो रंगीन वातावरणमा सबै युवाले आफ्नो व्यक्तिगत भावना बिर्सन्छन्। त्यसबेला अरुको जस्तै प्रेमी वा प्रेमीका हुनु अनिवार्य मान्न थाल्छन्। त्यसपछि अरू कार्ड किन्न गए, आफू पनि कार्ड किन्न जाने, अरु रेष्टुराँ जान थालेभने आफू पनि त्यतै बग्ने, अरु भावुक भएको देख्दा आफू पनि भावुक बन्ने काम हुन थाल्छ। यसलाई मास साइकोलोजी भनिन्छ।

**कुनै युवतीलाई युवकले प्रेम प्रस्ताव राख्यो वा आफूले चाहेको व्यक्तिले प्रेम स्वीकार गऱ्यो भने मानिस खुसी हुन्छ, यसको कारण के होला ?**

मानिस प्रेम चाहन्छ, यो शाश्वत कुरा हो। जब कुनै युवतीलाई युवकले प्रेमप्रस्ताव राख्यो वा आफूले चाहेको व्यक्ति प्राप्त भयो भने मस्तिष्कमा 'डोपामिन' नामक ग्रन्थि सक्रिय हुन्छ। यो ग्रन्थि सक्रिय हुँदा मानिसले आनन्द महसुस गर्छ। मानिस खुसी हुनुको अर्थ हो– उसमा रहेको डोपामिन सक्रिय हुनु। यो ग्रन्थि मस्तिष्कका निश्चित प्लेजर प्वाइन्टमा सक्रिय हुन्छ। हरेक मानिस त्यही खुसी चाहन्छ, जुनबेला उसमा डोपामीन सक्रिय हुँदा सञ्चार हुन्छ।

**मानिस प्रेममा पागल भएको उदाहरण पनि छ। एउटा व्यक्तिले पागलपनको हदसम्म किन प्रेम गर्छ ?**

किनभने उसले प्रेम गरेको व्यक्ति वा वस्तुलाई निर्विकल्प मानेको हुन्छ। त्यसबाहेक उसले जीवनमा अरु कोही छन् वा हुन सक्छन् भन्ने कल्पना पनि गरेको हुँदैन। जति जति व्यक्ति त्यो व्यक्ति वा वस्तुप्रति निर्भरता बढाउँदै जान्छ, उ पागलपनको हदसम्म पुग्छ।

**प्रेमलाई कतिपयले रोगको संज्ञा दिन्छन्। के प्रेमलाई रोगको उपमा दिन सकिन्छ ?**

प्रेममा पर्नु एक किसिमको भावनात्मक कुरा हो। प्रेम गहिरिँदै जाँदा यो मानसिक कमजोरीका रूपमा पनि देखापर्छ। यद्यपि प्रेम पछि गएर रोगमा परिवर्तन हुन्छ र त्यसलाई प्रेम रोग भन्नुपर्छ भन्ने म मान्दिन। किनभने प्रेम रोग होइन। यो भावनात्मक सम्बन्ध मात्र हो।

**तर मानिसले प्रेमकै कारण आत्महत्या सम्म गरेको उदाहरण छ, मानसिक रोग बिना मानिसले आत्महत्याजस्तो कठिन काम गर्न सक्छ र ?**

प्रेममा विक्षिप्त हुनु र आत्महत्यासम्म गर्नु मानिसको भावनात्मक कमजोरी हो। प्रेम असफल भएर आत्महत्या गर्नेहरूमध्ये बढी युवा छन्। युवाहरूमा तीव्र भावनामा बहने कमजोरी हुन्छ। यद्यपि आत्महत्या गर्ने युवाहरूमा पहिलेदेखि नै मानसिक रोग हुन सक्छ वा त्यो घटनाले उसलाई मानसिक रोगी बनाउन सक्छ। साधारण मानिसले आत्महत्या गर्दैन।

**यस अर्थमा प्रेम रोग पनि हुनसक्छ भन्ने मान्न सकियो ?**

प्रेम रोग होइन, तर प्रेमका विभिन्न आरोह-अवरोह एवं मानिसको भावनात्मक कमजोरीका कारण कुनै बेला मानिस मानसिक रोगी हुनसक्छ।

**तपाईंले आफ्नो ३० वर्षे चिकित्सकीय पेसामा यस्ता केस कति भेट्नुभयो ?**

मेरो कामै मानसिक उपचार गर्ने भएकाले यस्ता केस पनि आउँछन्, तर युवा अवस्थाको प्रेमभन्दा प्रौढ अवस्थाको प्रेम बढी गम्भीर भएको मैले पाएको छु। युवाको प्रेम भावनासँग मात्र सम्बन्धित हुन्छ। जवकी प्रौढ प्रेममा आर्थिक, सामाजिक एवं बुढेसकालको सहारा पनि गाँसिएको हुन्छ। बुढेसकालमा कसैकी श्रीमती खसिन् भने उसको प्रेम मात्र खोसिँदैन, उसको सहारा र आर्थिक क्रियाकलाप पनि रोकिन्छ। त्यसको क्षतिपूर्ति हुन गाऱ्हो हुन्छ। कसैले उसगँ विवाह वा प्रेम गर्दैनन्, तर युवामा दोस्रो वा तेस्रो पटक प्रेम हुनसक्छ। त्यसको क्षतिपूर्ति हुनसक्छ। बुढेसकालमा आफ्नो प्रेमी (पति-पत्नी) खसेपछि गम्भीर मानसिक रोग लागेका केस धेरै छन्।

**मानिस किन दुःखी हुन्छ ?**

आफूले सोचेभन्दा विपरीत हुँदा न्युरो ट्रान्समिटरमा असन्तुलन पैदा हुन्छ। फलस्वरुप मानिसको क्रियाकलाप अस्वभाविक बन्छ। आफन्तको मृत्यु, प्रेममा विछोड यसका उदाहरण हुन्। यसलाई स्टेसर केस भनिन्छ। फलश्वरुप मानिस दुःखी हुन्छ।

**तपाईंले आफ्नो जीवनमा प्रेमका कारण यस्तो स्ट्रेस भोग्नुभयो ?**

प्रेममा आरोह-अवरोह सबैलाई हुन्छ। मलाई पनि भयो, तर आफ्नो लक्ष्य नै प्रभावित गर्ने किसिमले प्रेम पीडा भोग्नुपरेन।

**–अश्विनी कोइराला**

# प्रेम मुटुबाट हुन्छ कि मस्तिष्कबाट ?

प्रेम मुटुबाट हुन्छ कि मस्तिष्कबाट ? यो प्रश्नको प्रायः एउटै उत्तर आउँछ, प्रेम त मुटुबाट हुन्छ नि ! त्यो पनि सोध्ने कुरा हो र ? हुन पनि प्रेमसम्बन्धी कुरा गर्दा हामी मुटु वा हृदयसँगै जोडेर कुरा गर्छौं। जहाँसम्म प्रेमको कुरा छ, त्यो पति-पत्नीबीच पनि हुनसक्छ, आमाछोराबीच पनि हुनसक्छ, दाजुभाइ वा दिदीबहिनी बीच पनि हुन सक्छ, प्रेमी-प्रेमिकाबीचको प्रेमको कुरा पनि हुन सक्छ। त्यस्तै मानिस-मानिसबीचको कुरा मात्र नभै मानिस वा पशुपन्छीबीचकै प्रेम पनि हुन सक्छ। जे होस्, जुनसुकै प्रेमप्रसंगको कुरा गर्दा पनि मुटु वा हृदयसँगै जोडेर कुरा गर्ने गरिएको हामी पाउँछौं। जस्तो म तिमीलाई हृदयदेखि नै माया गर्छु, तिमी मेरो मुटुको टुक्रा हौ, तिमी मेरो मुटुको धड्कन हौ आदि-इत्यादि। यी सबै भावानात्मक पक्षका कुरा भए। वैज्ञानिक पक्षबाट भन्नुपर्दा प्रेम मुटुबाट हुन्छ कि मस्तिष्कबाट त ? यस विषयमा जानकारी लिनुअघि सर्वप्रथम मुटु र मस्तिष्कको बनावटका सम्बन्धमा पनि चर्चा गरौं।

### मुटु

मानवशरीरमा छातीको देब्रे भागमा अवस्थित खोक्रो चारवटा कोष्ठ भएका संकुचनशील एवं शक्तिशाली मांसपेशीय अंग हो मुटु। जसले रगत तथा अन्य तरल पदार्थहरूलाई रक्तनलिकाहरूद्वारा शरीरको सम्पूर्ण भागमा अक्सिजन तथा जीवनका लागि अत्यावश्यक तत्त्वहरू परिवहन गर्छ। सामान्य अवस्थामा एक वयस्क मानव मुटुको ढुकढुकी ७० देखि ७२ पटकसम्म धड्किन्छ, तर शारीरिक परिश्रमको समयमा, ज्यादै हर्ष वा विस्मातको समयमा भने मानव-मुटु प्रतिमिनेट २ सय पटकसम्म पनि धड्किन सक्छ। वैज्ञानिक हिसाबले भन्नुपर्दा मुटु केवल रक्तसञ्चार, अक्सिजन र शरीरलाई आवश्यक पोषक तत्त्वहरू शरीरमा प्रवाह गर्ने पानको पातजस्तो देखिने मुठी आकारको मांसपेशीय अंग मात्र हो। शरीरमा मुटु चौबीसै घण्टा खुम्चिने र फुक्ने प्रक्रिया चलिरहेको हुन्छ र मुटुको यही खुम्चिने फुक्ने प्रक्रियाले गर्दा नै हामी छातीमा कान थाप्दा वा स्टेथेस्कोपबाट ढुकढुक-ढुकढुक आवाज सुन्छौं। मुटु दिनरात क्रियाशील रहने एउटा विलक्षण क्षमता भएको अंग हो। जुन दिन यसले ढुकढुक गर्न छाड्छ त्यसपछि मानवजीवनको पनि अन्त्य हुन्छ।

### मस्तिष्क

अब कुरा गरौं मस्तिष्कको। मस्तिष्क केन्द्रीय स्नायु प्रणली अर्थात् सेन्ट्रल नर्भ सिस्टमको बृहत् एवम् कोमल मस्तिष्क कोष्ठ (कपाल) भित्र अवस्थित सेतो र खैरो रंगको भाग हो। यो अग्र मस्तिष्क, मध्य-



मस्तिष्क तथा पश्चमस्तष्कि मिलेर बनेको हुन्छ। नवजात शिशुमा यसको तौल ३ सय ७० देखि ४ सय ग्रामसम्म हुन्छ भने एउटा वयस्क मानिसमा यसको तौल १ हजार २ सय ८० देखि १ हजार ३ सय ८० ग्रामसम्म हुन्छ। यसले हाम्रो सम्पूर्ण शारीरिक तथा मानसिक क्रियाकलापहरूलाई नियन्त्रण एवं तिनीहरूबीच समन्वय कायम गर्ने काम गर्छ, तर मस्तिष्क मुटुजस्तो चौबीसै घण्टा क्रियाशील रहँदैन। यसले गहिरो निद्राको बखत (deep sleep) को अवस्थामा आराम गर्ने अवसर प्राप्त गर्छ। झन्डै एक देखि डेढ किलोग्रामसम्म तौल भएको मस्तिष्क ऊर्जाको अत्यधिक भोको हुन्छ र यसले शरीरको ३० प्रतिशतभन्दा बढी ऊर्जा प्राप्त गर्छ।

अब फेरि कुरा कोट्याऊँ प्रेम मुटुबाट हुन्छ कि मस्तिष्कबाट ? वैज्ञानिक अध्ययनबाट हालै पत्ता लागेको एक तथ्यले के देखाएको छ भने प्रेम मुटु वा हृदयबाट नभै मस्तिष्कबाट हुन्छ। अध्ययनअनुसार मानव-मस्तिष्कमा भएको प्रमस्तिष्क (Cerebrum) हो, जुन मस्तिष्कको सबभन्दा ठूलो भाग हो र यो दुइवटा भागमा विभाजित हुन्छ। यही नै हाम्रो बौद्धिक क्षेमताको परिचायक पनि मानिन्छ र यही भागबाट मानवीय भावनाको अनुभूति, समन्वय एबं नियन्त्रण हुन्छ। खासगरी मस्तिष्कको अग्रभागमा 'फेरमोन' नामक हार्मोन हुन्छ र यही हार्मोनको क्रियाशीलताद्वारा प्रेममय भावनाको सिर्जना हुन्छ। जस्तो एकछिनलाई प्रेमी-प्रेमिकाकै प्रेम प्रसंगलाई लिएर कुरा गरौं। दुई प्रेमी-प्रेमीकाबीच प्रेमाकर्षण भएको बेला अथवा भनौं, एक-अर्काबीच नजर जुधेको बेला जसरी मुटुको ढुकढुकी बढ्ने, शरीर काँप्ने अथवा थरथराउने, गाला रातो हुने, हत्केला चिसो त्यसपछि भोक निद्रै हराउनेजस्ता जुन किसिमका लक्षण देखा पर्छन्, ती सबै मस्तिष्ककै अग्रभागमा रहेको फेरमोन नामक हार्मोनको रासायनिक क्रियाकलापका कारण भएको हो भन्ने कुरा वैज्ञानिक अध्ययनबाट थाहा हुन आएको छ। त्यसैले वैज्ञानिक तथ्यका आधारमा हामी के भन्न सक्छौं भने प्रेम मुटुबाट नभै मस्तिष्कबाट नै हुन्छ।

**–राजेशमान के.सी.**

# मायामा चोट र हिंसा बढ्दो



पृष्ठ ३ बाट जारी

अर्कै केटा पाएपछि आफूलाई छोड्न खोजिरहेकाले आफ्नो कुरा राख्न उसको अफिसमा भेट्न जाँदा आफू कुटिएको बताए।

दरबार स्क्वायरमा भने एक हँल केटा आएर बाटो हिंडिरहेका युवकलाई निर्घात कुटपिट गरे। मानिसको भीड बढेपछि भने हँलमा आएका केटाहरूले फेरि पनि ती युवतीलाई पछ्याइस् भने योभन्दा नराम्रो हुन्छ भनेर धम्क्याएर गए।

उल्लेखित घटना मायामा हिंसा बढिरहेको छ भन्ने कुराका सामान्य उदाहरण मात्र हुन्। हालका दिनमा मायामा बिछोडिएकाहरूको हिंसा र कुटपिट बढ्न थालेको छ। प्रभावकारी सञ्चार हुन नसक्दा युवायुवतीको सम्बन्धले हिंसाको रूप लिएको हो। आफ्नो कुरा साथीसमक्ष सही ढंगले व्यक्त गर्न नसक्नेहरूले कुटपिट र गाली-गलौज गरेर सम्बन्ध बिगार्ने गरेका छन्। यसरी बिग्रिएको सम्बन्धले पारिवारिक कलह र समाजलाई समेत अशान्त बनाउने गरेको छ।

मनको कुरा स्पष्ट रूपमा समयमै व्यक्त गर्न नसक्दा असमझदारी उत्पन्न हुने गरेको छ। यही असमझदारीले विवादको रूप लिन्छ। कालान्तरमा यसले हिंसाको रूप धारण गरेपछि भने चोट लाग्नेहरूको संख्या बढ्दै गएको छ।

न्हुजलालाई केही अपरिचितले एसएमएसमार्फत प्रेमप्रस्ताव गरेका छन्। उनलाई यस किसिमका पागलप्रेमीहरूले हैरान तुल्याएका छन्। यी पागलप्रेमीबाट असुरक्षित महसुस गरेकी न्हुजलाले भने फुर्सदका आफ्ना शिक्षकहरूसँग यस किसिमका मनोरोगीको उपचारको विषय छलफल गर्ने गरेकी छिन्। न्हुजला उनीहरूलाई हिंसा र चोट दुवै नहुने तरिकाले व्यवहार गर्ने पक्षमा छिन्।

नेपालमा सम्बन्ध बिग्रिएकाहरूको मनोसामाजिक उपचार हुने गरेको छैन। त्यही भएर उनीहरू झन्-झन् पीडित बन्दै गएका छन्। मायामा चोट पाएकाहरूलाई परामर्शको आवश्यकता रहेको रश्मिला डन्डेख्याले बताइन्। स्वास्थ्यकर्मी रश्मिलाले आफ्नो जीवनमा भेटिएका एक पागलप्रेमीलाई उचित सल्लाहका साथ असल साथीको व्यवहार गरेपछि ऊ कुनै हिंसा र चोटबिना नै सुध्रिएको अनुभवसमेत सुनाइन्। मायामा चोट पाउनेहरूमध्ये अधिकांश स्कुल-कलेजका विद्यार्थी हुन्छन्। त्यसैले मायाका कारण हुने हिंसा कम गर्न शिक्षण संस्थाहरूले आफ्ना विद्यार्थीहरूको बानी-बेहारामा कडा निगरानी राख्नु आवश्यक भएको अभिभावक सुरेश शाक्य बताउँछन्।






# अनलाइन डेटिङ साइटहरू

संसार विचित्र छ। इन्टरनेट जस्ता प्रविधिका कारण यो साँघुरिँदै गएको अनुभव हुन्छ। यसै सन्दर्भमा प्रेम गर्नका लागि पनि अब आफ्नो गाउँ, टोल वा देशमा मात्र सीमित हुनु नपर्ने भएको छ। अब प्रेम विश्वव्यापी बनेको छ। प्रेमलाई विश्वव्यापी बनाउने कार्यमा विभिन्न अनलाइन डेटिङ साइटहरू क्रियाशील छन्। ती साइटहरू हजारौं छन् तर पनि त्यस्ता केही साइट छन् जुन निकै प्रचलित छन्। यी साइटले संसारमै तहल्का मच्चाइरहेका छन्। यिनको सहायताबाट आफुलाई मन पर्ने प्रेमी-प्रेमिका छनौट गर्न वा त्यसभन्दा अघि बढेर विभिन्न कार्य गर्न सकिन्छ।

**Anastasia International.com**

एनास्तासिया वेब संसारकै सबैभन्दा ठूलो रसियन-अमेरिकन परिचय र रोमान्स टुर कम्पनी हो । यसमा २३ हजारभन्दा बढी महिला कार्यरत छन् । पूर्व सोभियत संघका सुन्दरीहरूसँग परिचित हुने र भेटघाट गर्ने यो सबैभन्दा सजिलो र छिटो माध्यम हो । यसले दुई सयभन्दा बढी भ्रमण कार्यक्रम पनि सञ्चालन गरिसकेको छ जसको मुख्य उद्देश्य वैवाहिक कार्यक्रम सम्पन्न गर्नु हुन्छ । यसको अर्थ यसको सहायताले धेरैले मन मिल्दो साथीसँग विवाह पनि गरिसकेका छन् ।

**Match.com**

यसमा पनि विभिन्न व्यक्तिको प्रोफाइल उपलब्ध छ । आफ्नो प्रोफाइलसँग मिल्ने प्रोफाइल यहाँ फेला पार्न सकिन्छ । त्यसपछि उक्त व्यक्तिसँग डेटिङका लागि आवश्यक सबै जानकारी प्राप्त गर्न सकिन्छ । आफू सुहाउदो प्रोफाइल फेला पार्ने यो संसारकै सबैभन्दा उपयुक्त साइट भएको दाबी गरिन्छ । **chemistry.com** र**date.com** यसका सिस्टर साइट हुन् ।

**chemistry.com** ले प्रश्नावलीका आधारमा विभिन्न व्यक्तिहरूलाई मिलाउने काम गर्छ भने मबतभाअफ ले कलेजको शिक्षा प्राप्त गरिसकेकाहरूलाई लक्ष्यित गरेको छ ।

**MatchMaker.com**

यसको उद्देश्य पनि अलि फरक छ । यो साइटले खासगरी ३५ वर्षभन्दा माथिल्लो उमेरका वैवाहिक चाहना भएका व्यक्तिहरूलाई लक्ष्यित गरेको छ । यस्ता व्यक्तिलाई भेटघाट वा विवाह गराउन यो साइटले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**FriendFinder.com**

१८ वर्षभन्दा माथिका व्यक्ति यो साइटको सदस्य बन्न सक्छन् । संसारभर यसका धेरै सदस्य छन् । उनीहरू आफ्नो चाहना अनुसार आफूलाई मन परेको व्यक्तिसँग सम्पर्क गरी डेटिङको योजना बनाउन सक्छन् ।

**adultfriendfinder.com**

डेटका लागि मात्रभन्दा पनि अन्य केही नयाँ कुरा चाहनेहरूका लागि यो साइट उपयोगी छ । यसमा हजारौं एडल्टको सेक्सी फोटो र अन्य जानकारी उपलब्ध छ । यसको मद्धतबाट उनीहरूसँग आफ्ना कुरा अघि बढाउन पाइन्छ ।

**perfectmatch.com**

यो अन्य साइटभन्दा अलि फरक छ । यसमा लाखौं व्यक्तिले आफ्नो प्रोफाइल रजिस्ट्रेसन गरेका छन् । ती प्रोफाइलका आधारमा यो साइटले उनीहरूसँग प्रयोगकर्ताको व्यक्तित्व कति मेल खान्छ भन्ने कुरालाई विश्लेषण गरी निष्कर्ष निकाल्छ । यसका लागि यसले डुएट टोटल कम्प्याटिबिलिटी सिस्टम प्रयोग गर्छ । यो व्यक्तित्व विश्लेषण गर्ने निःशुल्क साइट हो । त्यसैले छोटो समयको मनोरञ्जनका लागि मात्रभन्दा लामो समयका लागि जीवनसाथी खोज्नेहरूका लागि यो साइट उपयोगी हुन्छ ।

**eharmony.com**

इहार्मोनी डट कममा पनि लाखौं प्रयोगकर्ताको नाम रजिस्टर गरिएको छ तर यसका लागि आफू सुहाउदोभन्दा अन्य व्यक्तिको प्रोफाइल चहार्नु आवश्यक हादैन ।

यसको अर्थ निश्चित समूहका छानिएका सिंगल व्यक्तिहरूका बीचमा मात्र प्रयोगकर्ताको परिचय हुन्छ, जसका बीचमा धेरै कुराहरू एक-आपसमा मिल्छन् ।

**ashleymadison.com**

यो साइट पनि अलि पृथक छ । यो खासगरी अहिले भैरहेका भन्दा नयाँ व्यक्तिसँग सम्बन्ध कायम गर्नेहरूका लागि लक्ष्यित साइट हो । आफ्नो अहिलेको प्रेमीसँग दिक्क भएकाहरूले यो साइटको प्रयोग गरी नयाँ प्रेमी खोज्न सक्छन् । यो संसारकै सबैभन्दा ठूलो डेटिङ साइट हो र यो आफ्ना बारेमा गोप्यता कायम राख्न चाहनेहरूका लागि शतप्रतिशत सुरक्षित पनि छ । यसमा निःशुल्क रूपमा सदस्यहरूको प्रोफाइल हेर्न र फोटो आदान-प्रदान गर्न सकिन्छ ।

**lavalife.com**

यो साइटले पनि आफूलाई संसारकै सबैभन्दा ठूलो अनलाइन डेटिङ साइट दावी गर्छ र यसका डेढ करोडभन्दा बढी सदस्य भएको बताउछ । यसमा डेटिङ, रिलेसनसिप र इन्टिमेसी गरी तीन तहका साथी छनौट गर्न सकिन्छ । आफूलाई जुन तहको साथी चाहिएको छ त्यही छनौट गर्न सकिन्छ । त्यसैगरी उनीहरूसँग इमेल, भिडियो, वेबक्याम, लभलाइफ बाइ फोन अथवा लभलाइफ मोबाइल आदि आफ्नो रोजाइ अनुसारको प्रविधि प्रयोग गरी सम्बन्ध कायम गर्न सकिन्छ ।

**getiton.com**

यो साइटको सहयोगबाट प्रयोगकर्ताले आफ्नो सेक्सुअल चाहनासँग मिल्ने अर्को सेक्सुअल व्यक्तिसँग च्याट गर्न वा भेट गर्न सक्छ । एक-दुई दिनका लागि मात्र वा लामो समयका लागि सम्बन्ध कायम राख्ने हो, आफ्नो इच्छानुसारका व्यक्तिसँग भेट्ने हजारौं अवसर यसले उपलब्ध गराउछ ।





"Freedom for Learning"

के तपाई Math, Science /Test नदिई S.L.C. तथा ८ महिना मा +2 पास गर्न चाहानु हुन्छ ?

यदि चाहनु हुन्छ भने NIOS Board मा Sept. 2010 को लागि भर्ना खुल्यो !

विदेश पढ्न जान सजिलो !

NIOS का बिशेषताहरूः

- 5 Subjects पढे पुग्ने ।
- Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
- नेपाल तथा World wide मान्यता ।
- नेपालीमा पनि Exam दिन पाइने ।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
- Nepal Goverment, HSEB र TU द्वारा Equivalent
- 6/6 महिनामा Exam दिन पाईने ।
- नेपालीबाट पनि Exam दिन पाईने ।

Tuition Classes are also available for April 2010 of Eng., Eco., B/s, A/c.

WISDOM EDUCATION FOUNDATION

4238086/2340337 Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

थाहै नदिई जाँड रक्सी र चुरोटको कुलत छुटाउने

यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal Product को साथम Japani Oil

३ ईन्च सम्म उचाई बढाउने Height Plus

मोटोपना घटाउने/तौल बढाउने १२ Kg सम्म

Breast बढाउने घटाउने र टाईट गर्ने

फ्रि होम डेलिभरी तुरुन्त केश झर्न रोकी उमार्ने Gorkha Herbal

4282138, 9841079654 9851026391, चितवन 9845279326



# प्रेम सप्ताह



सात रोमान्टिक दिनको संगम हो, प्रेम सप्ताह अर्थात् लभ विक । यो सप्ताहका हरेक दिन युवा ढुकढुकीहरूको लागि रोमाञ्चपूर्ण हुन्छन् । नेपालमा प्रेम सप्ताहको सुरुवात भएको धेरै भएको छैन । पश्चिमी सभ्यताको देन मानिने प्रेम सप्ताह विश्वव्यापीकरणकै क्रममा नेपाल प्रवेश गरेको हो ।

प्रेम सप्ताहको प्रारम्भ फेब्रुअरी सात तारिखबाट हुन्छ । यो दिन 'रोज डे' का नामले चिनिन्छ । सप्ताहको अन्तिम दिन १४ फेब्रुअरीलाई भ्यालेन्टाइन डेका रूपमा मनाइन्छ । ठाउँअनुसार मनाउने तरिकामा पनि केही विविधता छन् । अन्य कुरामा विविधता देखिए पनि यो सप्ताहको मूल मर्म प्रेम वा प्रणय नै हो । विस्तारै प्रेम प्रगाढ बनाएर एक-अर्काको सामीप्यमा हराउनु प्रेम सप्ताहको उत्कर्ष हो । प्रेमको कोमल अनुभूति साताभरि अनुभव गर्न लव विक सबैभन्दा सुन्दर अवसर हो । यी सात दिनका नाम पनि अलग छन् ।

**प्रेम सप्ताहअन्तर्गतका दिनहरू**

| | |
|---|---|
| रोज डे | ७ फेब्रुअरी |
| प्रोपोज डे | ८ फेब्रुअरी |
| चकलेट डे | ९ फेब्रुअरी |
| टेडी डे | १० फेब्रुअरी |
| प्रोमिस डे | ११ फेब्रुअरी |
| किस डे | १२ फेब्रुअरी |
| हग डे | १३ फेब्रुअरी |
| भ्यालेन्टाइन-डे | १४ फेब्रुअरी |

## रोज डे (७ फेब्रुअरी)

### फूल होइन, मेरो मन हो

आपसी सम्बन्धमा गुलाफको फूलको साथ लामो समयदेखि छ । पहेंलो गुलाफ मित्रताको र रातो गुलाफ प्रेमको प्रतीक मानिन्छन् । एक अध्ययनअनुसार रेड फ्लावर, रेड कार र यहाँसम्म कि रेड ट्राफिक लाइटबाट समेत शरीरमा रक्त प्रवाह बढ्छ । त्यसैले यो दिन तपाईंले आफूलाई पहेंलो वा सेतो गुलाफ मन पर्ने भए पनि रातो गुलाफलाई नै महत्व दिनुपर्छ ।

स्टेप १ : रोज डेको प्रारम्भ कफी-चियाको स्थानमा गुलाफको सुगन्धबाट गर्नु राम्रो हुन्छ । आफ्ना श्रीमान्लाई उठाउनका लागि सिरानी नजिक रातो गुलाफ राखिदिनुपर्छ । आफ्नो विवाहको एनिभर्सरीको हिसाबबाट गुलाफको संख्या तय गर्न सकिन्छ । सँगै ग्रिटिङ कार्ड राख्न सके अझ उत्तम हुन्छ ।

स्टेप २ : फलका साथमा हार्ट सेपको चकलेट भएमा यसले प्रेमको सुगन्धमा मिठास थप्छ । श्रीमान् अफिसबाट घर फर्किंदा सानो बुके भेट गर्नुपर्छ ।

स्टेप ३ : श्रीमान्को टु वा फोर ह्विलरमा पनि सरप्राइजका रूपमा गुलाफको फूल राख्न सकिन्छ ।

स्टेप ४ : संभव भएसम्म श्रीमान् अफिस पुग्नुपूर्व नै उनको टेबलमा गुलाफको फूल सजाएर राख्न सकिन्छ ।

स्टेप ५ : श्रीमान्को फोन आउनुपूर्व नै उनलाई गुलाफको फूल पठाएर प्रेमको अनुभूति गराउन सकिन्छ ।

स्टेप ६ : ब्रेकफास्ट वा साँझको नास्ता गर्दा टेबलमा गुलाफको फूल प्रयोग गर्न सकिन्छ ।

स्टेप ७ : संभव भए गुलाफको सुगन्ध भएको परफ्युम भेट गर्न सकिन्छ ।

## प्रपोज डे ८ (फेब्रुअरी)

### मन दिएकी छु ज्यान पनि दिनसक्छु

कतैकतै यो दिनलाई स्माइल डे पनि भनिन्छ । कहिले बन्द ओठले पनि प्रेम अभिव्यक्त हुन्छ त कहिले शब्दको प्रयोग गरी मनको भावना व्यक्त गरिन्छ । यो दिन नाम लिएर प्रेम अभिव्यक्त गरिन्छ ।

स्टेप १ : बेड टीका साथमा हार्ट सेप कार्ड राखेर, त्यसमा आफ्नो मनको भाव उल्लेख गर्न सकिन्छ ।

स्टेप २ : रोज डे जस्तै यसलाई पनि लुकामारी गरी मनाउन सकिन्छ । बाथरुमदेखि श्रीमान्को कोट, कमिज, पाइन्टको खल्तीमा पनि प्रेमपूर्ण अभिव्यक्ति भएको चिट राख्नु रोमान्टिक हुन्छ । यी चिटमा रोमान्टिक कविता, गजल, सायरी समावेश गर्नुपर्छ ।

स्टेप ३ : यसपटक गाडी वा अफिसको टेबलमा नभएर उनको वालेटमा आफ्नो प्रेमको अभिव्यक्तिलाई समावेश गर्नु राम्रो हुन्छ ।

स्टेप ४ : घरमा नै क्यान्डल लाइट डिनर एरेञ्ज गर्नुपर्छ । यो अवसरमा हार्टसेपको परफ्युमयुक्त क्यान्डल बाल्नुपर्छ भने हार्ट सेप केकको व्यवस्था गर्नु राम्रो हुन्छ ।

स्टेप ५ : फ्रेस भएर लाइट मेकअप गरी तयार भैसकेपछि रोमान्टिक ढङ्गले प्रपोज गर्नु राम्रो हुन्छ । विवाहअघि प्रपोजको पहल पुरुषले गरे पनि विवाहपछि माया व्यक्त गर्न तपाईंले पहल गर्नु राम्रो हुन्छ ।

स्टेप ६ : रोमान्टिक मुडलाई फोटोग्राफ वा भिडियोमा कैद गर्नुपर्छ । रोमान्टिक गीत-संगीतको वातावरण तयार गर्नुपर्छ ।

स्टेप ७ : एक-अर्काको अंगालोमा हराएर विवाहका सुरुवाती दिनको फोटोग्राफ एवं भिडियोको आनन्द लिन सकिन्छ ।

## चकलेट डे (९ फेब्रुअरी)

### प्रेमको मिठास चकलेटमा समाहित हुन्छ

प्रेम पक्षीहरूको मिठास चकलेट नै हो । अनुसन्धानकर्ताहरूका अनुसार चकलेटमा धेरै मात्रामा एन्टी अक्सिडेन्ट र पोलिफेनोल हुन्छ । यी रसायनका कारण श्रावित हुने एन्डोर्फिन हार्मोनलाई ह्याप्पी हार्मोन भनिन्छ, तसर्थ लभ विकको तेस्रो दिन चकलेटको मिठासमा रमाउनुपर्छ ।

स्टेप १ : एकदिन पहिले नै हार्ट सेपको अलग-अलग फ्लेवरका चकलेट खरिद गर्नुपर्छ ।

स्टेप २ : चकलेट रेसेपिजको सहारामा घरमै चकलेट तयार गर्न सके अझ राम्रो हुन्छ ।

स्टेप ३ : मर्निङ कफी, चिया वा दूधदेखि श्रीमान्को लन्चमा पनि चकलेट फ्लेवर प्रयोग गर्नु राम्रो हुन्छ ।

स्टेप ४ : चकलेट खाँदा वा ख्वाउँदा यसको फाइदा-बेफाइदाका सम्बन्धमा एसएमएसमार्फत् जानकारी गराउनु राम्रो हुन्छ ।

स्टेप ५ : सुगरको समस्या छ भने सुगर फ्री चकलेट दिनुपर्छ ।

स्टेप ६ : बिहान वा बेलुकी सुत्नुपूर्व पनि चकलेट नै उपहार दिन सकिन्छ ।

## टेडी डे (१० फेब्रुअरी)

### गिफ्ट स्वीकार गर्नु है

सुकोमल टेडी वियर प्रेमपूर्ण कोमल भावनाको अभिव्यक्तिको माध्यम बनेको छ । दुई प्रेमीबीच यसले पुलको काम गरेको पाइन्छ ।

स्टेप १ : हरेक आकारको सानो-ठूलो टेडी वियर बिहान-बेलुकी दिन सकिन्छ ।

स्टेप २ : हरेक टेडीसित एउटा चिटमा लव मेसेज राख्नु उचित हुन्छ ।

स्टेप ३ : आफैले बनाउन जान्ने भए आफैले बनाएको टेडी वियर दिन सकिन्छ ।

स्टेप ४ : सुत्नुपूर्व टेडीलाई संकलन गरी तस्बिर खिच्नु रोमान्टिक हुनसक्छ ।

स्टेप ५ : टेडीलाई बालबालिकाको हातबाट जोगाउनुपर्छ । सिसाको आलमारीको टप र्‍याकमा सजाउनु राम्रो हुन्छ ।

स्टेप ६ : अलग-अलग पोजमा टेडीको साथमा शिशुले जस्तै फोटो खिचाउनु रोमाञ्चकारी हुन्छ ।

## प्रोमिस डे (११ फेब्रुअरी)

### कसम हजुरकै

जहाँ प्रेम हुन्छ, त्यहाँ वाचा-कसम पनि हुन्छ । प्रोमिस डेमा नयाँ कसम खान सकिन्छ, पुरानालाई सम्झन सकिन्छ ।

स्टेप १ : वाचा-कसमयुक्त गीत-संगीत बजाउनु राम्रो हुन्छ ।

स्टेप २ : एक-अर्काप्रति गरिएका वाचा दोहोर्‍याउनु राम्रो हुन्छ ।

स्टेप ३ : यस अवसरमा श्रीमतीले फजुल खर्च नगर्ने वाचा गर्न सक्छिन् भने श्रीमान्ले धूम्रपान वा मद्यपानको लत छ भने छोड्ने वाचा गर्न सकिन्छ ।

स्टेप ४ : भविष्यमा जस्तोसुकै स्थितिमा पनि एक-अर्काको साथ नछाड्ने वाचा गर्न सकिन्छ ।

स्टेप ५ : कसैबाट वाचा तोडिएमा पहिलो पटक माफी दिने वाचा पनि गर्न सकिन्छ ।

स्टेप ६ : वाचा-कसमलाई महँगो उपहारबाट व्यक्त गर्नु ठीक होइन । यसबाट सम्बन्ध मजबुत बन्नुको साटो कमजोर हुनपुग्छ ।

स्टेप ७ : हरेक वर्ष यो सप्ताह मनाउने वाचा गर्नुपर्छ ।

## किस डे (१२ फेब्रुअरी)

### अभिव्यक्ति प्रेमको

हरेक दिन एक-अर्कालाई सुत्नुपूर्व र उठिसकेपछि मर्निङ र गुडनाइट किस



दिनुहुन्छ होला । तर किस डेलाई अलिक फरक र रोमाञ्चपूर्ण बनाउने प्रयास गर्नुपर्छ ।

स्टेप १ : श्रीमान् वा प्रेमीलाई उनको हरेक राम्रो बानीका लागि किस गर्नु राम्रो हुन्छ । किस गर्दा उनको राम्रो बानीका बारेमा बताउनुपर्छ ।

स्टेप २ : किस गरिरहेको पन्छीको जोडी वा अरू यस्तै खालका खेलौना एक-अर्कालाई दिन सकिन्छ ।

स्टेप ३ : पहिलो पटक एक-अर्कालाई किस गर्दाको अनुभव बाँड्नु राम्रो हुन्छ ।

स्टेप ४ : किसको फाइदाको विषयमा चर्चा गर्नु राम्रो हुन्छ ।

स्टेप ५ : एक-अर्कालाई पहिलेको भन्दा फरक तरिकाबाट किस गर्ने योजना बनाएर त्यसलाई अवलम्बन गर्नुपर्छ । यसलाई प्रतियोगिताका रूपमा लिनुपर्छ । कसले राम्रोसँग र अलग तरिकाबाट चुम्बन गर्न सक्छ, यसको आनन्द लिन सकिन्छ ।

स्टेप ६ : किसलाई विषय बनाएर यसको अन्ताक्षरी खेल्न सकिन्छ ।

स्टेप ७ : एक-अर्कालाई किस गर्दै तस्बिर खिचाउन सकिन्छ ।

## हग डे (१३ फेब्रुअरी)

### अँगालोमा बाँध न

अंगालो हालेर अभिवादन गर्ने परम्परा पुरानो हो । रुँदै गरेको नवजात शिशुलाई आमाले प्रेमपूर्वक अँगालोमा लिए ऊ चुप लाग्छ । राजनेताहरूको एक-अर्कालाई आलिंगनबद्ध गर्नु अभिवादनको राम्रो तरिका मानिन्छ । त्यस्तै श्रीमान्-श्रीमती एवं प्रेमी-प्रेमिकाका लागि हग डे, पनि स्पेशल हुन्छ ।

स्टेप १ : रुम वा डाइनिङ टेबलको साटो छत वा टेरेसमा एक-अर्कालाई हग गर्दै कफीको आनन्द लिन सकिन्छ । यस बखत प्राइभेसीलाई ध्यान दिनु आवश्यक छ । यी पललाई कैद गर्न अटोमेटिक क्यामेराको प्रयोग गर्न सकिन्छ ।

स्टेप २ : श्रीमान् अफिसमा हुँदा पिक्चर मेसेज वा इमेल ग्रिटिङ पठाउन सकिन्छ ।

स्टेप ३ : एक अर्कालाई हग गर्दै कुनै रोमान्टिक चलचित्र हेर्न सकिन्छ । साथमा पपकर्न भए आनन्द दुई गुणा हुन्छ ।

स्टेप ४ : पहिलो पटक एक-अर्कासित आलिंगनबद्ध हुँदाको अनुभव शेयर गर्न सकिन्छ ।

स्टेप ५ : एक-अर्कालाई आफ्नो आलिंगनको महत्व दर्शाउनुपर्छ ।

स्टेप ६ केही समयसम्म आलिंगनबद्ध बसेपछि त्यस अवस्थामा महसुस भैरहेको कुरा शेयर गर्नु राम्रो हुन्छ ।

## भ्यालेन्टाइन डे (१४ फेब्रुअरी) गन्तव्य प्रेमको

प्रेम सप्ताहको अन्तिम दिन सबैभन्दा महत्वपूर्ण हुन्छ । यो दिनलाई एक-अर्काप्रति समर्पित गरेर यसको आनन्दको सागरमा डुब्नुपर्छ ।

स्टेप १ : यो दिन मनोरञ्जन गर्न श्रीमान्लाई छुट्टी लिने आग्रह गर्नुपर्छ ।

स्टेप २ : यो दिनलाई आफूमा सीमित राख्ने प्रयास गर्नुपर्छ ।

स्टेप ३ : लङ ड्राइभको आनन्द उठाउन सकिन्छ ।

स्टेप ४ : ग्रिटिङ कार्ड, प्रेम प्रतीक चिन्ह, सोपिस आदि गिफ्ट दिनुपर्छ ।

स्टेप ५ : चलचित्रको आनन्द लिन हल नै पुग्नु राम्रो हुन्छ ।

स्टेप ६ : पूरा दिनलाई तीन प्रहरमा बाँड्नुपर्छ । बिहानको समयमा मर्निङ वाकको आनन्द लिनुपर्छ । दिउँसो कुनै मनोरम स्थानमा समय बिताउनुपर्छ । राति क्यान्डल लाइट डिनरको रोमान्समा भुल्न सकिन्छ ।

स्टेप ७ : श्रीमान्लाई आफूले दिएको गिफ्ट लगाउन अनुरोध गर्नुपर्छ । आफूले पनि उनले दिएको पहिरन वा अन्य कुरा प्रयोग गर्नुपर्छ ।

यी केही शैली अंगालेर प्रेम सप्ताह वा लव विकलाई आनन्दमय रोमान्टिक र अविस्मरणीय बनाउन सकिन्छ । लव विकका सात दिनलाई जीवनभरिको सम्बन्ध सुधार गर्ने अवसरका रूपमा प्रयोग गर्नुपर्छ । सुखद् जीवनको मूल आधार सुदृढ प्रेममय वातावरण कायम राख्न सक्नु हो ।

# ५५ रोमान्टिक व्यवहार



१. आइ लभ यु र आइ निड यु भन्न नविर्सनुहोस् ।

२. पानी परेको समयमा हात समाएर हिड्नुहोस् ।

३. प्रेम कविताहरू लेख्नुहोस् ।

४. एफएम टेलिभिजनका विभिन्न कार्यक्रममा फोन गरी उनका लागि राम्रा गीतहरू डेडिकेट गर्नुहोस् ।

५. लिपिस्टिक, सेभिङ क्रिम, ऐना आदिमा आइ लभ यु लेख्नुहोस् ।

६. लभ नोटहरू लन्च बक्स, ब्रिफकेस अथवा पर्समा लुकाउनुहोस् ।

७. ब्रेक फास्ट खादा कहिलेकाहीं हार्टसेप ब्राण्ड भएका खाजा पनि प्रयोग गर्नुहोस् ।

८. पत्रपत्रिकाका विभिन्न स्तम्भहरूमा लभ नोट लेख्नुहोस् ।

९. शहरका विभिन्न भागमा साथै घुम्नुहोस् ।

१० कहिलेकाहीं अचानक नयाँ ठाउँमा पनि पुग्नुहोस् ।

११. साथीको घरमा पनि सँगै गएर रमाइलो गर्नुहोस् ।

१२ उनको डेटबुकमा भविष्यको मितिमा गरिने कार्य पनि लेख्नुहोस् ।

१३ मन पर्ने रेष्टुरेन्टमा आफ्नो सीट सुरक्षित गर्नुहोस् ।

१४. कुन चलचित्र हेर्ने उनैलाई छान्न दिनुहोस् ।

१५. फुट म्यासेज दिनुहोस् ।

१६. हार्ट आकारको बुक मार्क बनाएर पुस्तकको बाहिरतिर सजाइदिनुहोस् ।

१७. रोमान्टिक म्युजिक सीडी प्रयोग गरी हल्का डान्स गर्नुहोस् ।

१८. दुइ जनाका लागि मात्र सरप्राइज पार्टीको आयोजना गर्नुहोस् ।

१९. एक अर्काको राशीफल पढ्नुहोस् ।

२०. आफ्नो प्रेमी-प्रेमिकाका मन पर्ने टप १० बस्तुको लिस्ट बनाउनुहोस् ।

२१. उक्त लिस्टलाई उपयुक्त स्थानमा सजाएर राख्नुहोस् ।

२२. प्रेमीको नामबाट शरीरको कुनै भागमा टाटु बनाउनुहोस् ।

२३. दुवै साथै भएको समयमा नविर्सने क्षणहरूको एल्बम अथवा स्क्राप बुक बनाउनुहोस् ।

२४. मौका मिले साथै क्याम्पिङ जानुहोस् र एउटा मात्र स्लिपिङ ब्याग लानुहोस् ।

२५. पानीको बोतल, बेलुन अथवा स्यान्डवीचमा रमाइला म्यासेजहरू पठाउनुहोस् ।

२६. रमाइला लाग्ने खालका चुट्किलाहरू पत्रिकावाट काटेर एक अर्कालाई सुनाउनुहोस् ।

२७. पानीको फोहरामा एक साथ रमाउनुहोस् ।

२८. बत्तीको प्रकाश मधुरो बनाउनुहोस् र रमाइला गफ गर्दै रोमान्चित हुनुहोस् ।

२९. केही गल्ती भएमा आइ एम सरी भन्न कहिल्यै नबिर्सनुहोस् ।

३०. एक अर्कालाई सम्पुर्ण शरीरद्धारा सन्देश दिनुहोस् ।

३१. सम्भव भए दिनहुँ बढी भन्दा बढी चुम्बन गर्नुहोस् ।

३२. समय-समयमा विभिन्न सामग्रीका गिफ्ट बास्केट पठाउनुहोस् ।

३३. बाथरुममा रहेको ऐनामा आइ एम हट फर यु सन्देश लेख्नुहोस् ।

३४. प्रेमका मामलामा सधैं टिनएजरको जस्तो ब्यवहार देखाउनुहोस् ।

३५. पार्कमा पिकनिक जानुहोस् ।

३६. दुवै जनाको ठट्यौलो चित्र बनाएर फ्रेममा सजाउनुहोस् ।

३७. कुनै बिशेष समारोहमा आफ्नो प्रेमी वा प्रेमिकाका नामबाट दान गर्नुहोस् ।

३८. कहिलेकाहीं पुराना ब्ल्याक एण्ड ह्वाइट चलचित्र पनि हेर्नुहोस् । यसले सम्बन्धमा प्रगाढता ल्याउन मदत पुर्‍याउँछ ।

३९. भेट हुँदाको पहिलो दिन र अवस्थाका बारेमा समय समयमा चर्चा गर्नुहोस् ।

४०. कुनै विशेष समारोहका लागि टिकट खरीद गरेर सरप्राइज दिनुहोस् ।

४१. कहिलेकाहीं अचानक अंकमाल गर्दा पनि रमाइलो हुन्छ ।

४२. टाढा भए म तिमीलाई सम्झिरहेको छु भनेर इमेल गर्नुहोस् ।

४३. दुवै जनाको तस्बिर सहितको गहना बनाउनुहोस् ।

४४. बगैचामा साथै बिरुवा रोप्नुहोस् ।

४५. कहिलेकाहीं होटलमा पनि रात बिताउनुहोस् ।

४६. कहिलेकाहीं गाउँतिर पनि घुम्न जानुहोस् ।

४७. साँझको समयमा बाहिर घुम्नुहोस् ।

४८. कहिलेकाहीं घरैमा पनि पिकनिक मनाउनुहोस् ।

४९. एक अर्काको जन्मदिन रमाइलोसँग मनाउनुहोस् ।

५०. पर्समा दुवै जनाको तस्बिर राख्नुहोस् ।

५१. एक अर्कालाई मन पर्ने पुस्तक वा सीडी किन्नुहोस् ।

५२. मन पर्ने टेलिभिजन कार्यक्रम हेरेर त्यसका बारेमा छलफल गर्नुहोस् ।

५३. घरमा भाडा लगायत अन्य सामग्री मिलेर सफा गर्नुहोस् र अन्य कुरामा पनि एक अर्कालाई सहयोग गर्नुहोस् ।

५४. गोप्य कोड भाषाको छनौट गर्नुहोस् र धेरै मानिस भएको समयमा त्यसको प्रयोग गर्नुहोस् ।

५५. हप्ता अथवा महिनाका कुनै दिनमा साथै चलचित्र हेर्ने वा अन्य कुनै रमाइलो कार्यक्रममा सरिक हुनुहोस् ।

# उनलाई मनपर्ने कुरा थाहा पाउनुहोस्

प्रेम सफल पार्ने हो भने आफ्ना प्रेमी र प्रेमिकाको मनपर्ने कुरा थाहा पाउनु अति आवश्यक हुन्छ । यसले गर्दा सम्बन्ध बलियो हुन्छ भने एक-अर्कालाई राम्रोसँग बुझ्न पनि निकै सहयोग मिल्छ ।

बानेश्वरकी सलिनालाई आफ्ना ब्वायफ्रेन्ड अविनलाई मनपर्ने कुराहरूको जानकारी थिएन । सलिनाले जे-जे गर्‍यो अविनको इच्छाविपरीत हुँदै गयो । जसको फलस्वरुप उनीहरूको प्रेम प्रसंगको अन्त्य नै भयो । सलिना भन्छिन्- यदि मलाई उसको मनपर्ने र मन नपर्ने कुराहरू थाहा भएको भए यसरी हाम्रो प्रेम बीचैमा अन्त्य हुने थिएन ।

रुजुता र उनको ब्वायफ्रेन्ड सुजनको प्रेम प्रसंग निकै समझदारीपूर्ण तथा रमाइलोसँग बित्दैछ । उनीहरूको मनमुटाव नै भए पनि एकैछिनमै सकिन्छ । दुवैलाई दुवैका मनपर्ने र मन नपर्ने कुराहरूका सम्बन्धमा जानकारी भएकाले उनीहरूको प्रेम अझै प्रगाढ हुँदै गएको छ । त्यसैले आफूले पनि त्यही गर्नुपर्छ जुन उनलाई मनपर्छ । माया-प्रेममा त यस्तै हुन्छ 'तिमीलाई जे जे मन पर्छ भन म त्यही-त्यही गर्छु ।' हरेक समय आफ्नो ब्वायफ्रेन्डका मनपर्ने कुराहरू याद गर्नु आवश्यक छ । त्यसले आफूले सोचेजस्तो रंगीन एवं सुखमय जीवन बिताउन सहयोग पुर्‍याउँछ ।

**सधैं सम्झनुपर्ने कुराहरू**

- उनलाई मनपर्ने रंग
- उनको भाग्यशाली अंक
- उनको इच्छा
- मनपर्ने परफ्युम/बडी स्प्रे
- मनपर्ने ड्रेसअप
- मनपर्ने फूल
- उनी तपाईंबाट के सुन्न मन पराउँछन् ।
- मनपर्ने गीत, गायक
- मनपर्ने रेष्टुराँ, आइसक्रिम, खाना, स्न्याक्स आदि
- हिरो-हिरोइन



- पत्रपत्रिका - समय बिताउन चाहने ठाउँ - सफ्ट ड्रिंक्स, बियर, वाइन
- लेखक-साहित्यकार
- टेलिभिजन कार्यक्रम
- खेल र खेलाडी
- आराम गर्ने तरिका

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

ब्युटीसियन कोर्स
नि:शुल्क
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

If U Can Talk then
Earn 17000+ Per Month
Luxurious Office+ Vehicle
Work 1/2 Hours Only Per Day
Three Generation Royalty Income
A Step 2 Make UR Dream Come True
Flexible Working Hour + Huge Income
Own Ur Business Without Investment
Life Insurance + Academic Scholarship
Free luxurious Bunglow + Foreign Tour
Both Freshers + Highly Skilled Can join
Shaping Minds Group-Business Club
Putalisadak 2222605 4233478
New Baneshwor 4782162 4781431
Kumaripati 5008632 2292244

Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic..
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia .. Wide range of courses, Free counselling ..
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछ्रिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

सेक्स पावर
Male & Female Only Rs. 2999/-
Handsome Up
लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
शक्ति बर्द्धक नशा नशामा तागत, शरिरको स्वास्थ रक्षक, प्राण शक्ति बर्द्धक, एक स्वास्थ बर्द्धक, पावर दिने सेक्समा भरपुर आनन्द लिने र दिने, क्षमता बढाउने, Long Time पल पल उत्तेजना हुने, र बुढौयलीलाई कम गरी गुमेको जवानी फिर्ता महिला पुरुष दुवैलाई नयाँ उमङ्ग दिने, कडी सेप मात्र ३६९९/-
शारिरिक, मानसिक, रुपमा तयार गराउँदछ (सेक्सुयल पल) लामो समय सम्म उमङ्ग आउने शरीरमा इनर्जी, शक्ति प्रदान गर्ने यौन चाहाना गराउने, यौनमा सन्तुष्टी, यौन दोष भएको शिघ्र संधलन हुने, सेक्समा इच्छा नहुने, यौनमा आनन्द नपाएका (मेल फिमेल) दुवैको लागि अमृत समान - छिटो थकाई महसुस नहुने, बुढायौलीपन लाई कम गरी यौङ ब्यूटी, तन्नेरी बनाउछ । पातलो कमजोरी दुब्लो ब्यक्तिहरुले नियमित खाएमा मोटाउछ । तनाव बाट मुक्ती दिलाउछ, हरेक रोग संघ लड्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्दछ ।नियमित सेवन बाट क्यान्सरका रोगीहरुलाई पनि फाइदाजनक छ ।
99% Guarented No Side Effect 100% Natural
नोट: अधिक हाई ब्लड प्रेसर, सुगर रोगीले सेवनगर्ने औषधिहरु पनि पाईन्छ ।
यो कुनै औषधि हैन आहार परिपूरक मात्र कुनै साइड इफेक्ट नभएको
01-4354985 For Home Delivery
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
If u want Slim, Young, Beauty & Handsome Plz Contact
Fitness Club & Health Club

चायाँ पोतोको अचूक उपचार
Young
१० वर्ष उमेर कम देखाउने, चाउरीपन हटाउने
कोरियन स्प्रे र Rocky Jel मात्र रु. २१११।-जापनीज तेल ४११।-
लामो समय सम्म सेक्सको लागि शिघ्र शस्लन हुनेहरुका लागि स्वर्गिय आनन्द प्राप्त हुने, सेक्स पावर बढाउने भिटामिन पावर, Sexual समस्या, कमजोरी भएका महिलाहरुलाई
ASIAN SKY SHOP का सम्पूर्ण सामानहरु
१ महिनामा 50 cm देखि 180 cm सम्म Height बढाउन योको हाईट
मोटोपना घटाउने १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)
Mob.: 9806953188
तौल घटाउने, स्लीम बनाउने, उचाई बढाउने, स्तन, गुप्ताङ्ग टाईट गर्ने, अनुहारको चायाँ, पोतो, चाउरीपना हटाउने उज्यालो गोरो र कम उमेरको बनाउने, Young देखाउने, सुत्केरी पछि पेटमा देखिने चिरा चिरा मेटाउने, कपाल उम्रने तेल, चुरोटको लतबाट छुटकारा, साथमा अक्यूलाईफ बाट स्वास्थ परिक्षण । For counceling
99% Guarented No Side Effect 100% Natural
Slim Bealt, Japani Oil, Handsome Up, Bcm Machin, Roopamrit, Suna Bealt
01-4354985 For Home Delivery
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
हेल्दी होम
फिटनेश एण्ड ब्यूटी क्लब
गणेशस्थान रोड, गोंगब
हट लाइन
९८०३८०९१८०
९८४९०३०७३४

# रोमान्टिक मुडको फेसनशैली

भ्यालेन्टाइन-डेको रोमान्टिक वातावरणमा प्रेमीहरूबीचको सामीप्यतालाई अझ सुमधुर र रोमाञ्चकारी बनाउन व्यक्तिको आवरणीय सुन्दरता तथा आकर्षक एवं स्मार्ट फेसनले प्रभावकारी भूमिका खेल्छ। अतः यो रोमान्टिक वातावरणमा रोमान्सको मुडलाई उचाइमा पुऱ्याउन उपयुक्त शैली आगाल्नु सान्दर्भिक हुन्छ। भ्यालेन्टाइन-डेको ड्रेसकोडमा प्रेमको गहिराइ र आपसी अनुरागलाई व्यक्त गर्ने रातो रंगले सदावहार उपस्थिति दिएको पाइन्छ। अतः रेड ड्रेसको चयन यो वातावरणको पहिलो रोजाइ हुनुपर्छ। पावर ड्रेसिङ अन्तर्गत रेड, ब्ल्याक र ह्वाइट कलरको कम्बिनेसनलाई प्रेम दिवसको वातावरणमा अझ रोमान्टिक बनाउन प्रयोग गर्नु राम्रो हुन्छ। पिन्क र ब्लु जस्ता फ्रेस कलरका पहिरन लगाएर यो वातावरणमा यंग लुक पनि प्राप्त गर्न सकिन्छ। भ्यालेन्टाइन-डेलाई अझ रोमान्टिक बनाउन पोल्क डट्स, फ्रिल तथा प्रिन्टयुक्त फेसन आगाल्नु उपयुक्त हुन्छ। हाइ कोलर एवं डिपनेकयुक्त सेक्सी ड्रेसको प्रयोग पनि राम्रो हुन्छ।

फेसनविद्हरूका अनुसार फेसन स्टाइलको संसारमा रेट्रो लुकको पुनरआगमन भएकाले साठी, सत्तरी दशकताकाको फेसनशैली प्रेम दिवसको वातावरणमा उपयुक्त ड्रेस कोड बन्न सक्छ। जसअनुसार भ्यालेन्टाइन फेसन वातावरणमा सफ्ट ड्रेप्स, लङ कफ्तान, निलेन्थ ड्रेस, लुज फ्रि फ्लो ड्रेसहरू, एलाइन प्याटर्न, भोल्युम ड्रेस, प्यानल ड्रेस, पेन्सिल स्कर्ट, लङ स्कर्ट, मिनी ड्रेसहरू, स्किनी पाइन्ट, जम्प सुटहरू प्रयोग गर्नु उपयुक्त हुन्छ। यिनका साथै हाइराइज जिन्स, स्लिम फिट पाइन्ट, ह्यारेम ट्राउजर, प्लाजो पाइन्टको ट्रेन्ड पनि पछ्याउन सकिन्छ। फ्रिल्सयुक्त पिन्क प्रिन्टेड क्रस टपसित बिडेड ब्रासलेट, रिङ र इयर रिङको जोडा, रेड फ्लोरल ट्युब ड्रेससित पिन्क फ्लोरल रिङ र पिन्क रोज ब्रासलेटको जोडा, ब्लु प्रिन्टेड लाइक्रा ड्रेससित सिल्भर र पर्ल नेकपिस र टरक्वाइज रिङको कम्बिनेसन, रेड साटन टपसित ग्रिन ब्रासलेट, पिन्क वन सोल्डर ड्रेससित ब्ल्याक स्कार्फ र बिडेड नेकपिस, पिन्क सिफन प्रिन्टेड ड्रेससित ह्वाइट पर्ल नेकपिस, रेड एन्ड ब्ल्याक प्रिन्टेड ड्रेसित चंकी नेकपिस, पर्पल ड्रेससित मल्टी कलर्ड ब्याङ्गल, रेड एम्पायर ड्रेससित ब्राउन बेस्ट बेल्ट आदि यंग क्याजुयल र लुक-लुक कम्बिनेसन हुन सक्छन्।

क्याजुयल मुड बाहेक भ्यालेन्टाइन डेको रोमान्टिक वातावरणमा साडीको सुन्दरता, आकर्षण र सेक्सीपनलाई पनि आगाल्न सकिन्छ। साडीलाई भ्यालेन्टाइन वातावरणको ड्रेसकोडका रूपमा प्रयोग गर्ने हो भने ब्राइट कलरको साडी छनौट गर्नु उपयुक्त हुने फेसनविद्हरूको राय छ। किनारामा सिमर भएका साडीसित सिक्वेन्स वर्कयुक्त ब्लाउजको कम्बिनेसनबाट व्यक्तित्वमा यंग लुक प्राप्त हुन्छ। प्लेन सिफन साडीसित पछाडि 'बो' भएको कन्ट्रास्ट सेडको ब्लाउज प्रयोग गरी आफ्नो व्यक्तित्वमा यंग र सेक्सी लुक सञ्चार गर्न सकिन्छ। टिपिकल र ट्रेडिसनल ड्रेपिङमा साडीको साटो रेडिमेड प्लिटस भएका, स्टिच्ड टू पिस वा पपिङ प्लिटसयुक्त साडीको प्रयोग बढी उपयोगी हुन्छ। ट्रेन्डी लुकका लागि स्वरोस्की वर्कयुक्त साडी पनि ट्राइ गर्न सकिन्छ।



पुरुष फेसनशैलीमा कम्फर्ट मुडको प्रभाव रहेकाले प्रेम दिवसको अवसरमा पनि यसलाई प्रयोमगा ल्याउनु राम्रो हुन्छ। सिम्पल कट्स र स्लिम फिट भएका सर्ट, ट्राउजर, कोट आदिको प्रयोग गर्नु राम्रो हुन्छ। हातले बनाइएका फ्याब्रिकमा इम्ब्रोइडरी, प्याचवर्क, कलर ब्लुकिङ, जियोमेट्रिक डिजाइन, टेक्सचरिङ प्रयोग भएका पहिरन लगाउनु सान्दर्भिक हुन्छ। ग्राफिटी टिसर्ट, फुल स्लिभ सर्ट, नन प्लिटेड पाइन्ट पार्टी सुज, ग्रन्ज जिन्स, कार्डीगन, जम्पर, हुडेड ज्याकेट, मिलेटरी स्टाइल कोट, डिनर ज्याकेटका साथै पोलोनेक स्वीटर, स्टेट ज्याकेट, विभिन्न शैलीका लेदर ज्याकेटको उपयोगिता पनि उत्तिकै छ।

रोमान्सको वातावरणमा डेटिङ फर्मल वा क्याजुयल हुन सक्छ। जसअनुसार फेसनशैलीको चयनमा पनि विविधता ल्याउनुपर्छ। फर्मल डेटलाइ अविस्मरणीय बनाउन अलि बोल्ड, स्मार्ट एवं सेक्सी पहिरन प्रयोग गर्नु राम्रो हुन्छ तर धेरै ग्ल्यामरस भने हुनु हुँदैन। फर्मल वातावरणमा मूलतः निलेन्थ, काल्फ लेन्थ वा एङ्कल लेन्थ वन पिस ड्रेस, इच्छा अनुसार चुडीदार कुर्ता-सलबार र साडी छनौट गर्न सकिन्छ। पुरुषशैलीतर्फ फर्मल डेटका लागि ब्ल्याक सुट, ब्रान्ट कलरको प्लेन सर्ट र साथमा स्कार्फको कम्बिनेसन सुहाउँदो हुन्छ। डार्क कलरको सर्ट र पाइन्टसित ब्राइट कलरको वेस्ट कोटको जाडोमा टाई वा स्कार्फ प्रयोग गर्न सकिन्छ। फर्मल वातावरणमा शालीन र सोबर लुक आगाल्नु उचित भएझैं क्याजुयल मुडलाई भने चञ्चललता, रोमाञ्चता र ग्ल्यामरको कम्बिनेसनलाई पछ्याउनु ठीक हुन्छ। सिमरी एवं ग्ल्यामरस लुक आगाल्न ट्याङ्क टप र सिगरेट पाइन्टको जोडा, मिनी स्कर्ट वा प्लिटेड सर्टसित लेगिङको कम्बिनेसन चयन गर्न सकिन्छ। एथनिक स्कर्टसित ट्रेडिसनल टप आगाल्न सकिन्छ भने फ्युजन लुकमा एथनिक स्कर्टसित हल्टर टप र जिन्ससित ट्रेडिसनल टप प्रयोग गर्न सकिन्छ। लाइट सेडको फर्मल ट्राउजर एवं सर्टका साथमा मल्टी कलर्ड स्टोल प्रयोग गरी ट्रेन्डी देखिन सकिन्छ। ट्युनिकसित जिन्स वा लेगिङ पनि प्रयोग गर्न सकिन्छ। ह्यारेम पाइन्टसित कलरफुल टिसर्टको जोडा आगालेर स्टाइलिस देखिन सकिन्छ। क्याजुयल डेटमा पुरुषका लागि भने ब्ल्याक जिन्ससित मरुन वा वाइन कलरको टिसर्ट, डेनिमसित टर्टल टिज, कार्गो वा खाकीसित राउन्ड वा भिनेक टिसर्ट, बटन डाउन सर्ट, ग्राफिटी टिसर्ट आदि उपयुक्त हुन्छ।

रोमान्सको वातावरणलाई अझ उचाइमा पुऱ्याउन यो अवसरको मेकअपमा ध्यान दिनु आवश्यक छ। त्यसैले प्रणय दिवसको वातावरणमा रोमान्सको आकाशमा उड्नुपूर्व मुहारको क्लिन्जिङ टोनिङ एवं मोइस्चराइजिङका साथै हात-खुट्टाको मेनिक्योर, पेडिकयोर, अन्डर आर्म वाक्सिङ आदिलाई बिर्सनु हुन्न। स्मोकी आइज, नेल र लिप कलरमा नियोन कलर सेड्सको प्रयोग, पपस्टार लुक, बार्बी, गर्ल लुक आदिलाई पछ्याएर भ्यालेन्टाइन डेको अवसरमा आफ्नो व्यक्तित्वलाई थप रोमान्टिक मुडमा ढाल्न सकिन्छ।

**–रोजिन शाक्य**

# कलर अफ लभ



रंग व्यक्तित्वको ऐना हुन्छ। यसले उसको स्वभाव, बानी-व्यवहार, रुचि आदिका सम्बन्धमा धेरै कुरा अभिव्यक्त गर्छ। रंगको सकारात्मक प्रभावले व्यक्ति ऊर्जावान्, खुसी, शारीरिक एवं मानसिक रूपबाट स्वस्थ्य रहन्छ भने नकारातमक प्रभावले उसलाई उदासीन, तनावग्रस्त, कुण्ठित बनाउँछ। प्रणय दिवसको वातावरणमा रंगको आफ्नै छुट्टै महत्त्व हुन्छ। आपसी सम्बन्धमा प्रगाढता, सामीप्यताको मीठास, रोमान्सको सुमधुरतालाई थप ऊर्जा, गतिशील, रोमाञ्चकारी बनाउने रंगहरूलाई नै भ्यालेन्टाइन-डेको कलर कोडका रूपमा प्रयोग गर्नुपर्छ। रोमान्स एवं मादकताले भरिएको प्रणय दिवसको वातावरणमा रेड, ऱ्याभिसिङ, पिन्क, प्रीति तथा ब्ल्याक ब्युटिफुलको अवधारणालाई अँगालेर अझ आकर्षक एवं सुन्दर देखिन सकिन्छ। उत्साह, ऊर्जा, रोमाञ्चता एवं जोस-जाँगरको प्रतीकका साथ प्रणय दिवसको मुख्य रंग रातो रंगलाई मानिन्छ। अतः यो दिन रेड ड्रेसको विशेष महत्त्व हुन्छ। रेड ड्रेसप्रति मोह छैन भने पनि एक्सेसरिजकै रूपमा पनि रातो रंग प्रयोग गर्न सकिन्छ। रेड क्लच, ह्याण्ड ब्याग, रेड लिपस्टिक, रेड नेल पोलिस, रेड सल, रेड टाइ, रेड फुटवेयर, रेड नेकपिस, रेड इयरपिस आदि पियोर रेड ड्रेस बाहेक अन्य कलर कम्बिनेसन पनि ट्राइ गर्न सकिन्छ। जस्तै- रेड एन्ड ह्वाइट, रेड एन्ड ब्ल्याक, रेड एन्ड ग्रिन, रेड एन्ड एलो, रेड एन्ड ब्लु आदि। पियोर रेड बाहेक अन्य रेड कलर सेडहरू जस्तै- मरुन, चेरी, ब्रिक रेड, मजेन्टा, रानी, फुसिया रेड, सालमोन रोज, रुबी रेड आदि पनि उत्तिकै आकर्षक हुन्छन्।

प्रेममा विश्वास तथा पवित्रता झल्काउने सेतो रंग पनि भ्यालेन्टाइन-डेको महत्त्वपूर्ण रंग हो। यसले प्रेममा सुरक्षा, स्वच्छता र पवित्रता झल्काउँछ। पवित्र प्रेम विश्वसनीयता, युवापन र मस्ती प्रदर्शन गर्ने पिन्क कलर सेड मूलतः लेडिज फेभरेट कलर मानिन्छ। तथापि प्रणय वातावरणमा पुरुष फेसनशैलीभित्र पनि लाइट पिन्क कलरको प्रयोगले भ्यालेन्टाइन-डेको वातावरणमा आफ्नो विशेष उपस्थिति राख्छ। मूलतः रेड र ह्वाइटसित ब्ल्याक कलर सेडको कम्बिनेसनले पावर ड्रेसिङलाई अभिव्यक्त गर्छ।

ब्ल्याकसित रेड, पर्पल, पिन्क, ऐलो जस्ता वार्म कलर्सले क्लासिक लुक प्रदान गर्छ। ब्ल्याकसित एमराल्ड ग्रिन जस्तो कुल कलरले एलिगेन्ट लुक रिफ्लेक्ट गर्छ। नेवी ब्लु र ब्ल्याकको कम्बिनेसनले भने सोफिस्टिकेटेड लुक सञ्चार गर्छ। ब्ल्याकसित ब्राउन, बेज वा डार्क ब्लुको कम्बिनेसनले व्यक्तित्वलाई स्मार्ट र ड्यासिङ लुक प्रदान गर्छ। ब्ल्याकसित एमराल्ड ग्रिन जस्तो कुल कलरले एलिगेन्ट लुक रिफ्लेक्ट गर्छ। यी मुख्य रंगबाहेक सुख-समृद्धि सञ्चारगर्ने ओरेन्ज, प्रसन्नता मोज-मस्ती झल्काउने एलो, स्नेह, स्फुर्ती र स्थिरताको परिचायक ग्रिन, शान्ति, मित्रताको प्रतीक मानिने ब्लु जस्ता रंगहरूले पनि भ्यालेन्टाइन डेको वातावरणलाई प्रेममय बनाउँछन्। यिनका साथै पर्पल, मरुन, फुसिया, बरगन्डी, आइभरी, वाइन, लवेनडर जस्ता कलर सेड्स पनि प्रणय दिवसको वातावरणका लागि उपयुक्त हुन्छन्।

फर्मल डेटमा भने मूलतः पिन्क, क्रिम, बेज, ब्लु, एलो सेड्स बढी उपयुक्त मानिन्छ। डिनर डेटका लागि भने ब्ल्याक र रेडको कम्बिनेसन प्रयोग गरी वातावरणलाई रोमान्टिक बनाउन सकिन्छ। फर्मल डेटलाई अविस्मरणीय बनाउन ज्वेल टोन्स, मेटालिकका साथै ब्ल्याक, पर्पल, मरुन, डिप ब्लु, जस्ता ब्राइट पार्टी कलरबाट सुन्दरता अझ निखार्न सकिन्छ। पुरुष शैलीतर्फ भने लाइट ब्लु, क्रिम, ब्राउन, ग्रे जस्ता रंगहरू उचित हुन्छ। इभिनिङ फर्मल वेयरका लागि ब्ल्याक र ब्राइट कलरको कम्बिनेसन प्रयोग गर्नु राम्रो हुन्छ। क्याजुयल मुडका लागि भने मरुन, ब्लु, पिन्क, वाइन, ओरेन्ज, ऐलो आदि रंगलाई प्राथमिकता दिन सकिन्छ।

ज्वेलरीका सम्बन्धमा पनि कन्ट्रास्ट कलर कम्बिनेसन आगाल्न सकिन्छ। जस्तै- रेड ड्रेससित ग्रिन, सेडको ज्वेलरी वा टरक्वाइजसित ऐलो सेड। फुटवेयरमा पनि ब्राइट, साइनी र कलरफुल फुटवेयर प्रयोग गरी ट्रेन्डी लुक प्राप्त गर्न सकिन्छ। फर्मल लुकका लागि ब्ल्याक वा डल सिल्भरको फुटवेयर राम्रो हुन्छ भने मोनोक्रोम ड्रेससित कलरफुल फुटवेयरले स्टाइल थप्छ। मेकअपका सम्बन्धमा भने नियोन वा ब्राइट सेड्सले नेल पेन्ट गर्नु राम्रो हुन्छ। प्लेन आउट फिटसित ब्लु, ग्रिन, ऐलो, ब्ल्याक, एक्वा जस्ता रंगहरूबाट आफ्ना नङहरू सजाउनु उचित हुन्छ। ट्रेन्डी देखिन आई मेकअपमा पनि ओरेन्ज, ग्रिन, ऐलोका नियोन सेड्स ट्राइ गर्न सकिन्छ। पिंक ब्लस अन र पिंक लिप कलरको प्राथमिकता रहने बार्बी गर्ल लुक पनि प्रणय वातावरण सुहाउँदो हुन्छ।



# टिनएजर्स लभ

**शिव मुखिया**

'विवाहअघि सेक्स' प्रेम प्रसंगमा खुल्दै गएकी सविता श्रेष्ठले आफूलाई तत्कालै सम्हालिन् र भनिन्- 'मलाई चाहि ठीक लाग्दैन ।' एक युवासँग 'डिप लभ' गरिरहेकी सवितालाई कुराकानीको मध्यतिर सोधिएको थियो- 'अहिलेका किशोर-किशोरीले प्रेमलाई सेक्ससँग जोडेर हेर्ने गरेका छन् नि ?'

'प्रेममा सेक्स आवश्यक छ कि छैन भन्ने कुरा मलाई थाहा छैन' चार वर्षे प्रेमलाई वैवाहिक जीवनमा रूपान्तरण गर्ने योजनामा रहेकी सविताले थपिन्- 'तर मचाहि विवाहपछिको सेक्सलाई मात्र मान्यता दिन्छु ।' काठमाडौं नयाँबजारकी सवितालेसाप्ताहिकसँगको 'भ्यालेन्टाइन परिचर्चामा' उनले भनिन्- 'हामी दुवैले साँचो प्रेम गरेका छौं ।'

सविता जस्तै साँचो प्रेम नगरे पनि 'प्रेम-गफ' गर्न माहिर छन्- अर्जुन खत्री । अध्ययनका लागि विराटनगरबाट काठमाडौं छिरेका अर्जुनले कलेज जीवनमा तीन/चार जना युवतीसँग प्रेम गरे । ख्यालख्यालैमा जोडिएको प्रेम त्यसैगरी टुट्यो पनि । 'तर पनि कुनै गुनासो छैन' अर्जुनले भने-'प्रेम गर्नु र टुट्नु कुनै नौलो कुरा होइन ।' उनी फेरि पनि नयाँ प्रेम सम्बन्ध गाँस्ने सुरसारमा छन् ।

प्रेम सम्बन्धमा खासै गम्भीर नबने पनि उनलाई लाग्छ- प्रेमबिनाको जीवन रंगहीन हुन्छ । यही सन्दर्भमा उनले एउटा प्रसंग उप्काए । गत वर्षको क्यान इन्फोटेकमा भोलन्टियर गर्ने क्रममा उनको मित्रता एउटी युवतीसँग गाँसियो । सात दिनको इन्फोटेकमा उनीहरू यति नजिकिए कि मनको कुरा खुलस्त राख्न केहिले छेकेन । मनको कुरा खुलस्त भन्ने क्रममै युवतीले प्रेम प्रस्ताव राखिन् तर कथा यतिमै टुंगिएन । उनलाई नपाएपछि उदास बनेकी युवती अहिले ड्रगको कुलतमा फसिसकेको अर्जुनले बताए । अर्जुनका अनुसार 'उनले गाँजा तान्ने र ब्लेडले पाखुरा चिर्ने काम गरिन् ।' प्रेम नपाउँदा कतिपयले जीवनको लक्ष्य नै गुमाउने उनको यो भोगाइले प्रष्ट पार्छ ।

भोजपुरे दान तामाङको जीवन यतिबेला प्रेममय छ । एउटी केटी साथीसँगको घनिष्ठता प्रेममा बदलिएपछि उनले पहिलो प्रेमको स्वाद चाख्न पाएका हुन् । 'एकदमै रमाइलो अनुभूति भैरहेको छ' उनले हालैको दैनिकी सुनाए- 'सातामा कहिलेकाहीा भेट हुन्छ । अरू बेला फोन, च्याट वा एसएमएस गरिन्छ ।' दानले भनेजस्तै अहिलेका प्रेमी-प्रेमिकाका लागि सहज माध्यम बनेको छ प्रविधि । डेटिङ तय गर्ने, स्पट रोज्नेदेखि यतिबेला के गर्दैछौ, के खायौ, कतिबेला सुत्ने जस्ता सामान्य हालखबर बुझ्न पनि च्याट, एसएमएसको माध्यम अपनाउने गरेका छन् उनीहरूले । 'हामी मोबाइलमा कुराकानी गर्न थाल्यौं भने यति लठ्ठिन्छौं कि समय बितेको पत्तै हुादैन' सविताले भनिन्- 'लगातार १ घण्टा ४५ मिनेटसम्म फोनमा कुराकानी गरेर बिताएको छौं ।' कुराकानीको विषय खासै नभए पनि एक-अर्कालाई सम्झिरहेको देखाउन वा माया दर्शाउन फोनमा कुरकानी गर्ने गरेको गट्ठाघरका सञ्जीव कोइरालाले बताए ।

मोबाइल वा इन्टरनेटको सुविधा नभैदिएको भए के हुन्थ्यो होला ? 'त्यो त सोच्नै सकिंदैन, बोर भैहाल्छ नि' दानले भने । काम विशेषले प्रेमिकालाई भेट्न नपाउँदा मोबाइल वा च्याटको सहारा लिनुपर्ने उनले बताए । त्यसो त मन परेकालाई सामुन्नेमा गएर राख्न नसकेको प्रेम प्रस्ताव पनि एसएमएस, च्याट वा इमेल मार्फत सजिलै राख्न सकिने उनीहरूको अनुभव छ । प्रेम गर्नेहरूका लागि प्रविधि सधैं सकारात्मक पनि रहादैन । च्याट गर्ने क्रममा जोडिएका कतिपय प्रेमी-प्रेमिकाहरूको कथा दुःखद अन्त्य भएका घटना पनि छन् । त्यस्तै, एकतर्फी प्रेम गर्नेहरूले एकोहोरो फोन गरिरहने, एसएमएस गरिरहने कार्यले पनि बाधा पुऱ्याउने गरेको उनीहरू बताउँछन् ।

'प्रेममा प्राप्ति मात्र होइन त्याग पनि हो ।' यो आदर्श कतिपयका लागि उडन्ते गफ मात्र हुन सक्ला तर सविना थापाका लागि यथार्थ हो । पारिवारिक बाध्यताका कारण उनले आफ्नो तीन वर्षे प्रेम त्याग्दैछिन् त्यो पनि आपसी सहमतिमा । बस यात्राका क्रममा भेटिएका केटासाथीसँग उनको गहिरो प्रेम वस्यो । पारिवारिक एवं सामाजिक मान्यता अनुसार उनीहरूको विवाह सम्भव नहुने भएपछि दुवैले प्रेम यात्रालाई विसर्जन गर्दैछन् । 'सवै कुरा थाहा हुादाहुादै पनि हामीबीच गहिरो प्रेम बस्यो,' सविनाले भनिन्- 'तर, कतिपय बाध्यताका अघि हामीले झुक्न पनि सक्नुपर्छ ।'

अहिलेका कतिपय किशोर किशोरीहरूचाहि 'गहिरो प्रेम' रुचाउँदैनन् । साथीभाइको देखासिकी वा टाइम पासका लागि प्रेम गर्नेहरू पनि धेरै भेटिन्छन् । अझ कतिपयले त प्रेमलाई हल्का मनोरञ्जनका रूपमा पनि अर्थ्याए । कतै घुम्न, रेष्टुरेन्टमा खान, फिल्म हेर्नका लागि पनि कतिपयले केटा वा केटीलाई साथी बनाउने गरेका छन्, जसलाई उनीहरू 'लभ परेको' बताउँछन् । 'यस्तो लभमा उनीहरू न त भावनाको कुरा गर्छन् न त भविष्यको नै' सञ्जीव भन्छन्- 'हाँसो ठट्टामै समय बिताउँछन् ।' यसमा उनीहरूको शारीरिक आकर्षण पनि जोडिने गरेको उनले बताए । 'प्रेम अनि सेक्स' उनीहरूको गन्तव्य हो । त्यसपछि त्यो प्रेम कहिलेसम्म रहन्छ वा टुट्छ भन्ने कुनै टुंगो हुादैन । यस्तो प्रेम गर्नेहरूले एकसाथ एकभन्दा बढी केटा वा केटीसँग सम्बन्ध बढाइरहेका हुन्छन् । 'यो फेसनेबल लभ हो' अर्जुन भन्छन् ।

सेक्सलाई प्रेमकै एउटा पाटोका रूपमा लिइएको पनि पाइन्छ । 'प्रेमलाई प्रगाढ बनाउन सेक्स आवश्यक हुन्छ' अर्जुन भन्छन् । उनकै भनाइमा सहमत देखिए दान पनि । 'प्रेमलाई ताजापन दिन्छ सेक्सले' उनी भन्छन्- 'तर जवरजस्ती होइन, आपसी सहमति र समझदारीमा हुनुपर्छ ।' यता सविता चोखो प्रेमलाई सेक्सले धमिल्याउने बताउँछिन् । 'प्रेममा सेक्सको कुरा अगाडि आयो भने त्यसले प्रेमलाई बिथोल्छ' उनी भन्छिन् ।

अव थालौं भ्यालेनटाइन चर्चा । के प्रेम गर्नेहरू 'भ्यालेनटाइन डे' लाई विशेष महत्त्व दिन्छन् ? यसमा मिश्रित प्रतिक्रिया आए । कसैले भ्यालेनटाइन डे अपरिहार्य भएको बताए भने कतिपयले महत्त्वहीन । 'यो विशेष अवसर हो' सञ्जीव हुमागाईं भन्छन्- 'यो अवसरमा नयाँ प्रेम सुरुवात गर्न सकिन्छ ।' सिर्जना चौलागाईं पनि भ्यालेन्टाइन डेले प्रेममा ताजापन ल्याउने धारणा राख्छिन् । यता सविना भने प्रेम गर्नेहरूका लागि सधै नै भ्यालेन्टाइन डे भएको बताउँछिन् । उनी भन्छिन्- 'भ्यालेन्टाइन डे भनेर कुनै दिन पर्खिरहनु आवश्यक छैन ।'

अधिकांश किशोर-किशोरी यसै बेला प्रेममा डुब्छन् । यद्यपि प्रेमले आफ्नो क्यारियर निर्माणमा कुनै बाधा पुऱ्याएको कुरा स्वीकार गर्न तयार हुादैनन् उनीहरू । बरु भन्छन्- 'प्रेमकै कारण सही बाटो पहिल्याउन मद्धत मिल्छ ।'




## ● सन्देश ●

प्रिय मंगल, तिमीलाई थाहा छैन होला, म तिमीलाई कति माया गर्छु ? तिम्रो बोलीबाट म मोहित भएको छु। सायद तिमीले मेरो कुरालाई गफ एवं समान्य मान्छ्यौ होला तर वास्तविकता अर्कै छ। ह्याप्पी भ्यालेन्टाइन-डे। डु यु माई भ्यालेन्टाइन ? फोन गर ल।

**आर**

अञ्जु, मञ्जु, महेन्द्र, सन्ध्या, सुचिता, मंगल, गीता, रीता, शोभा, पूर्ण, इन्द्र, लक्ष्मी, निपेश, सजिता, ज्योति, राज्य, मीरा, विमला, पूण्य, कल्पना, विकास, गंगा, तुला, मैया, ऋतेश, राजन, नारायण, मनिता, बनिता, अनिता, सीता, सुलोचना, रञ्जना, विनु, रमेश, सुवास, अर्जुन, धर्म, रत्न, चन्द्र, फिरोज, मञ्चला, सर्मिष्ठा, मनीषा, रजनी, सजिना तथा निर्मलामा प्रणय दिवसको हार्दिक शुभकामना।

**राजन सुवाल**

विराज, प्रेमदिवसको उपलक्ष्यमा हार्दिक शुभकामना। हिजोआज कहाँ छौ ? तिम्रो अत्तोपत्तो केही छैन। कति प्रयास गरें तिमीसँग सम्पर्क गर्न, तर सफल भएन। कहाँ गए सँगै बिताएका दिनहरूमा गरेका वाचा-कसमहरू ?

**दुली**

चाँदनी, प्रणय दिवसका अवसरमा तिम्रो दीर्घायु एवं शैक्षिक प्रगतिको कामना अनि धेरै-धेरै सम्झना। सदैव सुख, शान्ति र समृद्धिको बाटोमा लम्कने प्रेरणा मिलोस्। प्रेम दुई मुटुबीचको अनि आवश्यक सहारा हो जहाँ प्रेमलाई पूजा गरिन्छ, प्रेम आफैंमा अनुभूति हो जसको अनुभव मीठो र अनौठो हुन्छ।

**क्विन रोज**

छामामार्फत पठाएका प्यारा शब्द गुच्छाहरू संलग्न गर्दैछु, प्रिय भिसा नाइ नभन ल...।

**डाइमण्ड**

आई लभ यू एन्ड ह्याप्पी भ्यालेन्टाइन डे, तिम्रो अपार मायालाई सँगाली जीवनका प्रत्येक पाइलामा साथ दिनेछु अनि जीवनको अन्तिम घडीसम्म पनि तिमीसँग जिउने प्रण गर्छु।

**सिजु**

प्रेमदिवसको अवसरमा संगीतालाई समयले टाढा गराए पनि प्रेम दिवसमा भेट्ने प्रयास गर भन्न चाहन्छु। लाखौंलाख शुभकामना केवल तिमीलाई।

**सुरेन**

माया, हामी सयौं माइल टाढा भए पनि जन्म-जन्मसम्म तिम्रै रहने वाचाका साथ यो प्रेमदिवस तिमीमै अर्पण गर्छु।

**लक्स**

प्रेम दिवसको सुअवसरमा ऋषि, प्रवल, प्रज्ञा, तृप्ति, सागर, श्वेता, सुनिललगायत सम्पूर्ण साथीहरूलाई हार्दिक शुभकामना।

**सन्तोष खड्का**

आत्मीय मित्रहरू कल्पना, पूजा, मधु, इन्दिरा, यशोदा, सिर्जना, सविना, अनुजा, अर्चना, संगीता, प्रतिमा, प्रदीप, तुलसी, सविता, प्रमिता, शिवा, सुदेश, तीर्थ, सुमन, एलिना, निर्मला, निरू, सचिन, कुसुम, रामा, सिर्जना, अञ्जली, डम्बर, मनि, पवित्रा, गोमा, नलिम, उषा, रेखा, गंगा, जिना, शर्मिला, सृष्टि, मुमताज, सुनिता, सुजना, विजया, पद्मा, उमेश, अजय, रचना, तारा, मोना, टीका, बोना, त्रिवेणी, सुजाता, आलाम, सिन्धु, वसन्त, प्यारी, युवराज, दिनेश, लक्ष्मी, शन्तोष, रमेश, उमेर, गोमा, दिलु, टिष्टा, आशा, रोशन, हेमन्त, विवस, प्रीति, प्रेम, दीपक, विराज, अतिषा, रञ्जिता, मुना, मुस्कान, समीक्षा, विमला, मुस्कान, विना, रामकुमारी, अञ्जुला, खेम, नरेश, रिना, रेणुका, नियति, निशान, प्रकाश, कृष्ण, जुनू, जेनी, प्रभा, जानुका, कमला, अञ्जु तथा ओजराजमा ह्याप्पी भ्यालेन्टाइन डे।

**कल्पना साम्पाङ**

साथीहरू तृप्ति, गौरव, आकाश, दीपा, सौरभ, राज तथा रेजिनामा मीठो सम्झानाका साथ प्रेमदिवसको हार्दिक शुभकामना।

**सागर खड्का**

जानु, असीम प्यारसहित लाखौंलाख सम्झना अनि प्रणय दिवसको शुभकामना।

**शुभचिन्तक मित्र**

प्रेम दिवसको अवसरमा सम्पूर्ण प्रेमी-प्रेमिकालाई मंगलमय शुभकामना।

**मोहन पौडेल**

मलाई चिन्ने सबै विशेष गरी इनरुवावासीहरूलाई प्रणय दिवसको शुभकामना।

**लोमश खतिवडा**

बाबुराम, विनोद, सन्तोष, कञ्चन (भाउजू), वन्दना भाञ्जी, संगीता, प्रशान्त, पूजा तथा नमुनामा ह्याप्पी भ्यालेन्टाइन डे।

**लोमश खतिवडा**

आत्मीय मित्रहरू, यहाँहरूको प्रेमले स्थायित्व कायम गरोस्। भ्यालेन्टाइन डेको शुभकामना।

**हेम सरोबर साउद**

प्रेम दिवसको सुअवसरमा ममी रञ्जु, सानीआमा रेनुका, सरिता, गंगा, मामामाइजु, देवकान्त/लक्ष्मी, विजय/अञ्जु, मामा सुरेश, अजय, दादाहरू उमाकान्त, प्रकाश, सुजित, सुनिल, गणोश, नवजीवन, शुशान्त, आदित्य, प्रदिप, जीवन, उत्सव, उज्वल, आनन्द, अजय, लक्की, विजय, सौरभ दिदीहरू उर्वसी, पूजा, लगायत सम्पूर्ण चिरपरिचित साथीमा हार्दिक शुभकामना।

**सन्दर्भ**

प्रेम जीवनको महत्त्वपूर्ण पक्ष हो। त्यसैले दुई दिनको जिन्दगीमा हामीले सबैलाई दिन सक्ने एक मात्र कुरा प्रेम हो। कसैको निश्चल प्रेमले कसैको जिन्दगीमा सकारात्मक परिवर्तन आउँछ भने हामीले आफ्नो प्रेम समर्पण गर्न कन्जुस्याइँ गर्ने ? नेपालीहरूले प्रेमको दियो बालुन्, हत्या, हिंसा र अशान्ति सदाका लागि त्यागून्, यही नै मेरो शुभकामना।

**सुसन्देश अधिकारी**

प्यारी कान्छु, प्रेम दिवसको शुअवसरमा हृदयभरिको माया अनि धेरै-धेरै शुभकामना। हाम्रो प्रेम अझ प्रगाढ होस्। जिन्दगी सोचे जस्तो सरल पक्कै छैन, तसर्थ जस्तोसुकै कठिनाइ पनि पार गरी जीवनभर तिमीलाई मुटुमाझ राख्नेछु। तिमीलाई कसैले दिन नसकेको माया दिनेछु..., यो मेरो प्रतिज्ञा हो।

**एन.आर.**

बुबाआमा, बहिनीहरू अनु, प्रतिमा, काली, ज्योति, रेनु, भाइहरू सुलभ, सुशान्त, नितेश, त्रिभुवनलाई भ्यालेन्टाइन डे मंगलमय शुभकामना।

**रञ्जित**

एलिसा, हाम्रो चोखो माया सँगै मर्ने, सँगै बाँच्न खाएका कसमहरूले मूर्तरूप पाऊन्, हाम्रो सम्बन्धले निरन्तरता पाओस् र हाम्रो मायामा कसैका लोभी आँखा नपरून्, ह्याप्पी भ्यालेन्टाइन डे।

**कुशल**

प्रेम दिवसको दिनदेखि मुहार सधै हाँसिरहोस्, शरीर मरेर गए पनि सम्झना सधै रहिरहोस्। विगत जे-जस्तो भए पनि मानवताको नाता-सम्बन्ध कायम गरौं, आम शान्तिप्रेमी नेपालीहरू, खोटाङ, रतन्छामा भएका घरपरिवार तथा खोटाङवासीहरूमा ह्याप्पी भ्यालेन्टाइन डे।

**शक्तिराज**

चित्रकारले रंग र आकारको संयोजन खोजे जस्तै संगीतकारले संगीत खोज्छ त्यस्तै एक प्रेमीले आफ्नो प्रेमिकाबाट सदैव माया र प्रेमको आशा गर्छ। जब एक रंग अर्को रंगसँग मिलेर नयाँ रंगको संरचना हुन्छ त्यस्तै मनसँगको मिलन मनसँगै हुन्छ। त्यहाँ सुन्दर प्रेमको संरचना हुन्छ। प्रणय दिवसको अवसरमा सम्पूर्ण नेपालीहरूमा शुभकामनाका साथै मेरा सम्पूर्ण साथीहरूमा प्रयण दिवसको शुभकामना।

**राजु राई**

प्यारी, सिरेटोको बीचमा न्यानोपनको आभास दिलाउन आइपुगेको प्रेमजोडीहरूको मायालु दिन प्रणय दिवसका अवसरमा अमूल्य उपहार टक्र्याउन असमर्थ भए पनि तिम्रो मीठो साथको अपेक्षासहित मुटुभरिको माया।

**पागल**

दुःखी नहोऊ रूपा, तिमीलाई लिन अवश्य आउनेछु, केही महिना पर्ख। तिमीबाट टाढा भए पनि मेरो मन भने तिमीतिरै छ। विश्वास गर, म तिमीलाई कहिल्यै धोका दिनेछैन। भ्यालेन्टाइन डे सँगै मनाउन नसके पनि म कामना गर्छु हाम्रो मायाले सफलता पाउनेछ।

**रमेश**

रमेश, राजन, राजु, विक्रम, हरि, मदन, राम, सोनाम, माधव, मनोज, दीपेश, माया, इन्दिरा, मेन्दु, निशा, सरु, सिर्जना, कैलाश, विकास तथा बुद्धमा भ्यालेन्टाइन डेको मीठो एवं सुधमधुर सम्झना।

**कृष्ण कुँवर**

रविना, शर्मिला, माया, रूपा, रविना, दुर्गा, जमुना, मेनुका, सीताराम, सरोज, सूर्य, अञ्जु, प्रेमप्रकाश, प्रवीण, बिएम, विकास, तिलक, निराश, सविन, पूर्ण, प्रेम, टीका, धर्म, रणमाया, दीपेश तथा बिएममा प्रेम दिवसको मंगलमय शुभकामना।

**अमर बिएम**

साप्ताहिकमार्फत मित्रता गाँसेका सम्पूर्ण साथीहरूमा सम्झना, साथसाथै प्रणय दिवसको मंगलमय शुभकामना। कृपया साथीहरूले गलत आईडी बनाई इमेल एड नगर्नुहुन र समय तथा श्रम बर्बाद नगर्न पनि हार्दिक अनुरोध छ।

**नारायण कुँवर**

साथीहरू शशी, यम, सुरेन्द्र, मानव जर्घा, सुनिता, विशेष गरी जी. एम. लाई ह्याप्पी भ्यालेन्टाइन डे।

**एन. बी.**

मसँग झूटो माया गरी उल्टै मलाई दोष लगाउने निकितालाई सम्झना। म तिमीलाई आज पनि त्यत्तिकै माया गर्छु जति यसभन्दा अघिका दिनमा गर्थें। आई लभ यू एन्ड ह्याप्पी भ्यालेन्टाइन डे।

**शशी**

ज्यो., म तिमीभन्दा कोसौं टाढा भए पनि हरपल तिमी मेरो यादमा छौ र मलाई लाग्छ, हामीबीच कुनै दूरी छैन। म तिमीलाई आफैंभित्र पाउँछु। तिमी सधैं-सधैं यसरी नै मेरो जीवनमा छाइरहनु।

**सौ.**

गोमा, तिमीले मलाई गर्ने माया र मैले तिमीलाई गर्ने माया कहिल्यै कम नहोस्। म तिमीलाई अन्तिम क्षणसम्म माया गरिरहनेछु– प्रणय दिवसको शुभकामना।

**किशोर**

मञ्जु, ह्याप्पी भ्यालेन्टाइन डे।

**पागल**

आत्मीय साथीहरू, प्रेमदिवसका अवसरमा तपाईंहरूको प्रेमसम्बन्धले सगरमाथाको शिखर चुमोस्, लाखौंलाख शुभकामना।

**केशव दर्लामी**

प्रिय आर, तिमी कता हरायौ अनि हाम्रो मायालाई भुल्यौ कि ? तिमी त जिन्दगीभर भुल्दिन भन्थ्यौ। जसरी भए पनि एकपटक फोन गर। याद गर, तिमीले भुल्यौ भने म पागल बन्छु।

**नवीन**

एस, मबाट टाढिएर राम्रो गर्‍यौ। मेरो जीवनले नयाँ मोड लिएको छ। सुनेको छु तिम्रो विवाह भयो रे ! तिम्रो जोडी सधैं अटल रहोस्।

**मुस्कान**

कान्छी, धरानमा कसरी दिन बिताइरहेकी छचौ ? मैले फोन गर्दा जहिले पनि रुन्छचौ। काठमाडौंमा मलाई तिम्रो आँसु र यादले पिरोल्छ।

**बुद्धिराज**

यो प्रेमदिवसका अवसरमा सम्पूर्ण जोडीलाई सफलताको शुभकामना।

**विनोद खतिवडा**

बी.जी., म तिमीलाई धेरै मन पराउँछु, तर व्यक्त गर्न सक्दिनँ। यदि तिमी पनि मलाई मन पराउँछचौ भने कलेजमा मेरो मोबाइल नम्बर मागेर मिस कल गर ल। ह्याप्पी भ्यालेन्टाइन डे।

**के.**

निरु, भावनात्मक रूपमा एकाकार भैसकेपछिको यो पहिलो प्रणय दिवसले हाम्रो अटुट प्रणययात्रालाई भौतिक मिलनको स्वर्णिम संसारमा पनि प्रवेश गराउने विश्वाससहित हार्दिक शुभकामना।

**मधु**

सवि., कहाँ छचौ ? म तिम्रो खोजी गर्दागर्दै थाकिसकेको छु। प्रेमदिवसका अवसरमा हार्दिक शुभकामना।

**विनोद**

सबैलाई प्रेमदिवसको शुभकामना साथै माया गर्ने मायालुहरूले आफ्नो मायालाई धोका नदिन पनि अनुरोध छ।

**ललित**

सबु, प्रेमदिवसको धेरै-धेरै शुभकामना छ।

**सागर**

पत्रपरिचित साथीहरू बिना, मुना, पुष्पा, विष्णु, सुष्मा, कविता, एञ्जली, गंगा, जानवी, अनामिका आदिमा प्रेमदिवसको मंगलमय शुभकामना।

**परदेशी साथी**

मधुमाया, दोष मेरै हो– तिम्रो मनको भावना बुझ्न नसक्नु अनि तिम्रो झूटो मायामा जीवन बिताउने सपना देख्नु। मलाई बीच बाटैमा छाडे पनि तिमीलाई कसैले नछाडोस्।

**love_rt14364@yahoo.com**

प्रेमदिवसको अवसरमा साथीहरू राकेश, मुकेश, चिन्तामणि, कौशल, सुनिल, सन्तोष, जयकान्त, श्याम, मनोज, निषेध, सुदर्शन, धर्मेन्द्र, सुरेन्द्र, सरु, मञ्जु, श्वेता,

**२५ पृष्ठमा जारी**



## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..........

उमेर : .......... उचाइ : ..........

पेसा : .......... शिक्षा : ..........

स्वभाव : .......... वैवाहिक स्थिति : ..........

अभिरुचि : .......... वर्ण : ..........

इमेल : ..........

ठेगाना : ..........

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........

..........

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

# सर्वेक्षणमा सहभागीहरूले के भने ?

'आकर्षक व्यक्तित्व' आफूलाई राजेश हमाल मन पर्नुको कारण स्पष्ट गर्दै चित्रकार रागिनी उपाध्यायले यस्तै जवाफ दिइन् । आकर्षक दस पुरुषको पहिलो पंक्तिमा नै उनले राजेश हमाललाई राखिन् । राजनीतिबाट मुक्त भएर व्यावसयिक जीवनमा सफल रहनु पनि राजेश उनको रोजाइमा पर्ने अर्को कारण थियो । व्यक्तित्व र अन्तर्वार्ता शैलीका कारण उनले त्यसपछि भूषण दहालको नाम लिइन् । बाबुराम भट्टराई, गिरिजाप्रसाद कोइराला, अभि सुवेदी, झलनाथ खनाल पनि उनको रोजाइभित्र परे । सौन्दर्य र बौद्धिकताको तालमेल मिलेकाले नायिका नम्रता श्रेष्ठलाई प्राथमिकतामा राखे निर्देशक आलोक नेम्वाङले । साथै, उनले झरना बज्राचार्य, आरजु देउवा, सपना मल्ल प्रधानको नाम पनि लिए । महिला हक हितका क्षेत्रमा ठोस योगदान पुऱ्याएकाले सपना मल्ल प्रधान पहिलो रोजाइमा परिन् मोडल प्रशान्त ताम्रकारको । ताम्राकारले साहाना प्रधानले राजनैतिक क्षेत्रमा गरेको संघर्षको सम्मान गर्दै नाम लिए । व्यक्तित्व र सफल व्यावसायिक जीवनका कारण अनिल शाह मन परेको बताइन् सञ्चारकर्मी वन्दना राणाले । उनले सिद्धार्थ राणा, कमल थापा, भोजराज पोखरेल, अभि सुवेदी आदिको पनि आकर्षक व्यक्तित्वका रूपमा चर्चा गरिन् ।

'ब्युटी र ब्रेनी' हेयर डिजाइनर नील डेभिड कटवालले भने- 'माल्भिका सुब्बा दुवैमा पर्फेक्ट छिन् ।' उनले आफ्नो रोजाइमा माल्भिकासहित सञ्चिता लुइँटेल, करिश्मा मानन्धर, रुवी राणा आदिको नाम लिए । त्यस्तै अर्का सहभागी कान्तिपुर टिभीका स्टेसन म्यानेजर प्रभात रिमालले उत्कृष्ट १० महिलाभित्र स्नेहा राणाको नाम लिए । उनको रोजाइभित्र रेखा थापा र कोहिनूर सिंह पनि परे । 'हट एन्ड सेक्सी भएको' उल्लेख गर्दै सभासद् सीता गुरुङको नाम उनले छुटाएनन् । फेसन डिजाइनर शैलजा अधिकारीले उत्कृष्ट पुरुषमा गगन थापाको नाम लिइन् । 'देशका लागि केही गर्न सक्ने क्षमताका युवा भएकाले' गगन थापा मन पर्नुको कारण स्पष्ट गर्दै उनले भनिन्- 'उनीमाथि भरोसा गर्न सकिन्छ ।'

## चिनीहरु पनि उल्लेख्य रहे

सर्वेक्षणका क्रममा केही आकर्षक व्यक्तित्व उत्कृष्ट १० को नजिक रहे । नेपाली समाजमा उनीहरूप्रतिको आकर्षण धेरै भए पनि सबैलाई उत्कृष्ट १० भित्र अटाउन सम्भव थिएन । मदनकृष्ण श्रेष्ठ यस्तै एक उदाहरण हुन् । नेपाली जनताका प्रिय कलाकार मदनकृष्णलाई सर्वेक्षणका क्रममा धेरैले सम्झिएका थिए । यस्तै मुटुरोगीहरूका लागि साँच्चैका भगवान् डा. भगवान कोइराला पनि आकर्षणको केन्द्रबिन्दुमा रहे । बैंकर्स रविना जोशीले गरिबहरूका निम्ति डा. कोइराला भगवान् भएकाले उनलाई आकर्षक १० पुरुषमा छनौट गरिन् । यस्तै समाजसेवी तथा गैरसरकारी संस्थामा कार्यरत प्रमदा शाहले डा. भगवान कोइरालाको विरामीहरूप्रतिको समर्पण उत्कृष्ट भएको बताइन् । सर्वेक्षणकै क्रममा सञ्चारकर्मी कुन्द दीक्षितको व्यक्तित्वबाट प्रभावित हुनेहरू पनि पाइए । उनीहरूले नेपाली सञ्चार क्षेत्रमा कुन्दको सक्रियताको खुलेर प्रशंसा गरेका थिए । उद्यमी-व्यवसायीहरूतर्फ सभासद राजेन्द्र खेतानलाई पनि धेरैले आकर्षक पुरुषको सूचीमा राखे । स्पष्टवक्ता राजेन्द्रमा युनिक पर्सनालिटी झल्कने कला सुब्बाले बताइन् । यस्तै कोरियोग्राफर रेनेसा राईले सफल व्यवसायीका अतिरिक्त बिजनेस आइकनका रूपमा खेतानलाई रोजेकी थिइन् । त्यस्तै युनिक पर्सनालिटीकै रूपमा निर्देशक आलोक नेम्वाङ पनि सर्वेक्षणमा धेरैको मत बटुल्न सफल भए । आलोकको कामगराइ र उनको व्यावहारिक पक्षका बारेमा आकर्षित भएको सहभागीहरूको भनाइ थियो । गायक रामकृष्ण ढकाल, मोडल प्रशान्त ताम्राकार, डा. भोला रिजाल, डा. अभि सुवेदी, नायक राजबल्लभ कोइराला पनि आकर्षक व्यक्तित्वको मनोनयनमा धेरै जनाले रोजेका व्यक्ति थिए ।

साप्ताहिकले आकर्षक १० महिलाको सर्वेक्षणका क्रममा थुप्रै आकर्षक व्यक्तित्वको नाम पाएको थियो, जो उत्कृष्ट १० को नजिक पुगे । वरिष्ठ पत्रकार किशोर नेपालले मनीषा कोइरालाको सौन्दर्य चर्चा गर्दै भने- 'नेपाली युवती बलिउडमा स्थापित हुनु पनि ठूलो कुरा हो नि, उनी वास्तवमै राम्री भएकीले पनि उनले निरन्तर सफल यात्रा गरिन् ।' 'अभिनयलाई निरन्तरता दिएर शिखरमा पुग्दा पनि उही शिष्टता, उही शालीनता र उही मृदुभाषी स्वभावको उदाहरण हुन् मिथिला शर्मा', गीतकार रमण घिमिरेले भने- 'रूप र पहिरनमा पनि सुन्दरताले भरिपूर्ण छिन् उनी ।' यसैगरी टेलिभिजन पत्रकारितामा लामो समय काम गरेकी बन्दनाको बौद्धिक व्यक्तित्व एवं सौन्दर्यको चर्चा कान्तिपुर एफएमका स्टेसन म्यानेजर प्रभात रिमाल, हास्यकलाकार हरिवंश आचार्य, वरिष्ठ पत्रकार किशोर नेपाल, गायक राजेशपायल राई आदिले खुलेर गरेका थिए । सभासद सीता गुरुङ, बैंकर्स वर्षा श्रेष्ठ, समाजसेवी प्रमदा शाह, नायिका सञ्चिता लुइँटेल, सलोनि राजभण्डारी, अश्मिना रञ्जित, करिश्मा कार्की आदि यो सूचीमा अग्रणी रहे ।

अधिकारीले उद्योगपति सभासद राजेन्द्र खेतान तथा ए. माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई पनि आकर्षक पुरुषमा राखिन् ।

'देशलाई चाहिएको नेताका रूपमा डा. बाबुराम भट्टराईलाई प्राथमिकतामा राखिन् गायिका मल्लिका कार्कीले । उनले कृष्ण पहाडीको पनि चर्चा गरिन् । 'सादा जीवन उच्च विचारको हुनुहुन्छ,' पहाडीका सम्बन्धमा कार्कीको भनाइ थियो- 'पद, पैसा र प्रतिष्ठाको लालसा नगर्ने भएकाले मनपर्छ ।'

'उहाँको सहृदयी मुटु छ', डा. भगवान् कोइरालालाई पहिलो रोजाइमा राखेकी बैंकर्स रविना जोशीले भनिन्- 'गरिबहरूका लागि उहाँ भगवान् नै हो ।' यसैगरी विजयकुमार पाण्डेको नाम पनि उनले छुटाइनन् । समाजसेवी प्रमादा शाहले मनोज गौतम, सिद्धार्थ राणा, उदय राणा आदिको नाम लिइन् । वरिष्ठ पत्रकार किशोर नेपालले सलोनी राजभण्डारी आदिको नाम लिए । 'प्रोगाम चलाउँदा आँखाले अपिलिङ गर्ने स्टायल मन पर्छ', सलोनीका बारेमा नेपालले भने ।

'अभिनयलाई निरन्तरता दिएर शिखरमा पुग्दा पनि उही शिष्टता, उही शालीनता र उही मृदुभाषी स्वभावको उदाहरणीय रूप हुन् उनी', मिथिला शर्मालाई आफ्नो पहिलो रोजाइमा राखेका गीतकार रमण घिमिरेले भने- 'उनी रूप र पहिरनमा नेपाली सांस्कृतिक सुन्दरताले भरिपूर्ण छिन् ।'

'स्मार्ट साथै परिस्थितिको मूल्यांकन गर्न सक्ने' भएकाले मोडल प्रसन्न स्याङ्देन नायिका नम्रता श्रेष्ठको नजरमा आकर्षक ठहरिए । रेमन श्रेष्ठ र प्रशान्त ताम्राकार पनि उनले रुचाएका व्यक्तित्व हुन् । सफल उद्यमीका रूपमा नम्रताले विनोद चौधरीको चर्चा गरिन् ।

फोटोग्राफर राजीव श्रेष्ठले करिश्मा मानन्धर, झरना बज्राचार्य, निरुता सिंह, संयुक्ता राणा आदिलाई आकर्षक महिलाका रूपमा व्याख्या गरे । अप्रत्याशित घटनाले शारीरिक रूपमा अशक्त बने पनि जुडोकी देवु थापाले साग खेलकुदमा गरेको योगदानलाई कम आँक्न नमिल्ने बताए नायक राजवल्लभ कोइरालाले । राजवल्लभले भने- 'आफ्नो देशका लागि केही गर्ने खोज्ने चेली हुन् उनी ।' उत्कृष्ट महिलाको सूचीमा उनले साहना प्रधान, रविना जोशी, रामकुमारी झाँक्री तथा शालिनी बाध्वाको नाम पनि लिए ।

फेसन डिजाइनर राजेश धाख्वाले पौडीकी करिश्मा कार्कीलाई उत्कृष्ट महिलाको सूचीमा राखे । बैंकर्स वर्षा श्रेष्ठ, नम्रता श्रेष्ठ, संगीता थापा, रामकुमारी झाँक्री उनको रोजाइभित्र परे । सिम्रिका शर्मा, वन्दना राणा, प्रमदा शाह तथा पम्फा भुषाललाई रुचाए समाचारवाचक विजय पौडेलले । आनि छोइङ डोल्मालाई उत्कृष्ट महिलामा रोजे हास्यअभिनेता हरिवंश आचार्यले । सामाजिक क्षेत्रमा गरेको योगदान, सुमधुर आवाज र शान्त स्वभावका कारण हरिवंशको रोजाइमा परेकी हुन् आनी । त्यसैगरी म्यागी शाह, अम्बिका श्रेष्ठ आदिलाई पनि उनले छुटाएनन् ।

'पुलिस अफिसर्समा हुनुपर्ने गुण भएको' उल्लेख गर्दै प्रहरी उपरिक्षक नवराज सिलवाललाई उत्कृष्ट मानिन् समाचारवाचिका सिम्रिका शर्माले । सिम्रिकाले साहित्यकार सञ्जीव उप्रेतीको बौद्धिकताको खुलेर प्रशंसा गरिन् । त्यस्तै पत्रकार कुन्द दीक्षित, पूर्व सेनापति रुक्माङ्गत कटवाल आदि उनको रोजाइमा परे ।

नायिका ऋचासिंह ठकुरीले नायकद्वय जीवन लुइँटेल, आर्यन सिग्देलका साथै मह एवं सुदीप गिरी आदिलाई उत्कृष्ट पुरुषको दर्जा दिइन् । राजेन्द्र खेतानलाई 'बिजनेस आइकन' का रूपमा चिनाइन् कोरियोग्राफर रेनेशा राईले । त्यस्तै, दिनेश डीसी, भुवन केसी, नीर शाह पनि उनको रोजाइमा परे ।


निर्वाण चौधरी, पुष्कर शाह, कनकमणि दीक्षित, सुवास नेम्वाङ आदिलाई आकर्षक पुरुषको पंक्तिमा राखिन् गायिका आगन्तुक खरेलले । त्यस्तै, पूर्व मिसनेपाल रुबी राणाले राजेश हमाल, अनिल शाह, कुश कुमार जोशी, अनुदानजंग राणा आदिको चर्चा गरिन् । हास्यअभिनेत्री दीपाश्री निरौलाको रोजाइमा परे दीपकराज गिरी । 'उसको लुक्स र लेखनशैली मन पर्छ, स्पष्टवक्ता हो दीपक,' दीपाश्रीले भनिन्- 'साथीभाइसँग गर्ने व्यवहार पनि सम्झनलायक पक्ष हो ।' कोरियोग्राफर/सञ्चारकर्मी कला सुब्बाले उत्कृष्ट पुरुषमा सुवास नेम्वाङ, नवीन के. भट्टराई आदिको नाम लिइन् । सबैसँग मित्रवत् व्यवहार गर्ने भएकाले न्ह्यू बज्राचार्य पनि उनको रोजाइमा परे । उद्योग वाणिज्य महासंघका अध्यक्ष कुश कुमार जोशीले उत्कृष्ट महिलाको पंक्तिमा अनुराधा कोइराला, साधना श्रेष्ठ, सपना मल्ल प्रधान, आश्मि राणा आदिको नाम लिए ।

## आकर्षक पुरुषको छनौटमा सहभागी महिलाहरू



दीपाश्री निरौला- हास्यअभिनेतृ
कला सुब्बा- कोरियोग्राफर/सञ्चारकर्मी
रुबी राणा- पूर्व मिसनेपाल, ब्युटिसियन
शैलजा अधिकारी- फेशन डिजाइनर
मल्लिका कार्की- गायिका
नम्रता श्रेष्ठ- नायिका
बन्दना राणा- सञ्चारकर्मी
सिम्रिका शर्मा- समाचारवाचिका
रागिनी उपाध्याय- चित्रकार
आगन्तुक खरेल- गायिका
ऋचासिंह ठकुरी- नायिका
रेनेशा राई- कोरियोग्राफर
प्रमदा शाह- समाजसेवी
रविना जोशी- बैंकर्स
सञ्चिता लुइँटेल- नायिका
माल्भिका सुब्बा- पूर्व मिसनेपाल

## आकर्षक महिलाको छनौटमा सहभागी पुरुषहरू



किशोर नेपाल- वरिष्ठ पत्रकार
दीपक थापा- इभेन्ट म्यानेजर
सुगम पोखरेल- गायक
राजीव श्रेष्ठ- फोटोग्राफर
राजवल्लभ कोइराला- नायक
प्रशान्त ताम्राकार- मोडल
राजेश धाख्वा- फेसन डिजाइनर
राजेशपायल राई- गायक
विजय पौडेल- समाचारवाचक
हरिवंश आचार्य- हास्यअभिनेता
रमण घिमिरे- पत्रकार, गीतकार
आलोक नेम्वाङ- निर्देशक
कुशकुमार जोशी- उवामहासंघ, अध्यक्ष
नील डेभिड कटवाल- हेयर डिजाइनर
दीपंकर कसजू- फोटोग्राफर/वेब डिजाइनर
प्रभात रिमाल- स्टेशन म्यानेजर, कान्तिपुर एफएम

## अनुराधा कोइराला



चेलिबेटी बेचबिखनविरुद्धको अभियानमा सक्रिय अनुराधा कोइराला अहिले पनि आफ्नो संस्था माइती नेपालमार्फत अतुलनिय योगदान दिइरहेकी छिन् । सर्वाधिक आकर्षक व्यक्तित्वको खोजीका क्रममा साप्ताहिकसँगको कुराकानी आधाजसोले अनुराधा कोइरालालाई सम्झिए । त्यसले पनि अनुराधाको योगदानलाई नेपाली समाजले मूल्यांकन गरेको रहेछ भन्ने पुष्टि हुन्छ ।

समाजसेवाका क्षेत्रमा वर्षौंदेखि कार्यरत अनुराधा कोइरालाले बेचबिखनमा परेका सयौं नेपाली युवतीको उद्धार मात्र गरिनन्, उनीहरूलाई भरपर्दो आश्रयस्थल पनि प्रदान गरिन् । 'उहाँको कार्यक्षेत्र भावना र संवेदनासँग सम्बन्धित छ,' नायक राजबल्लभ कोइरालाले भने- 'उहाँ सुन्दर मनको धनी हुनुहुन्छ, त्यसैले मैले उहाँको आकर्षक मनलाई लक्षित गरेर भोट गरेको हुँ । यस्तै निर्देशक आलोक नेम्वाङले कोइरालाले नेपाली समाजलाई दिएको योगदान सम्झिए । उनले भने- 'उहाँ हरेक दृष्टिकोणले आकर्षक हुनुहुन्छ ।'

## गिरिजाप्रसाद कोइराला

आकर्षक पुरुष खोज्ने साप्ताहिकको सर्वेक्षणका क्रममा गिरिजाप्रसाद कोइरालाको नाम पनि आएको थियो । अहिले पनि सफा पहिरनमा आकर्षक ढंगमा प्रस्तुत हुने भएकाले उनको व्यक्तित्वको प्रशंसा गर्दै धेरैले कोइरालालाई उत्कृष्ट १० भित्र राखेका थिए । सर्वेक्षणकै क्रममा कोरियोग्राफर कला सुब्बाले कोइरालाको छाला यो उमेरमा पनि १८-१९ वर्षे किशोरीको जस्तै चार्मिङ भएको बताइन् । 'सौन्दर्यका दृष्टिकोणले पनि मैले कोइरालालाई हेन्डसम पुरुष भनेकी हुँ,' कलाले भनिन्- 'यो उमेरमा पनि लोभलाग्दो फिटनेस उहाँमा छ ।'

'सानो छँदा मैले उहाँलाई जस्तो देखेकी थिए, अहिले पनि त्यस्तै देख्छु', कलाकार दीपाश्री निरौलाले भनिन्- 'देशलाई सही नेतृत्व दिन सक्ने एक मात्र व्यक्ति भएकाले पनि म उहाँप्रति आकर्षित छु ।' माओवादीलाई शान्ति-प्रक्रियामा ल्याएर हत्या-हिंसाको श्रृंखला रोक्न कोइरालाको योगदान अतुलनीय रहेको सहभागीहरूले बताएका थिए । उहाँ वास्तवमै नोबल पुरस्कारको हकदार हो, फेसन डिजाइनर शैलजा अधिकारीले भनिन्- 'नेपालको राजनीतिक इतिहासमा कोइरालाको योगदानलाई हेरेर पनि म उहाँको व्यक्तित्व प्रति आकर्षित भएकि हुँ ।' पोलिटिकल लिडरमा हुनुपर्ने अदम्य साहस र पर्सनालिटी दुवै गिरिजाप्रसाद कोइरालामा पाएको रागिनी उपाध्यायले बताइन् ।



# सर्वाधिक आकर्षक महिलाहरू

## सपना मल्ल प्रधान




सन् १९९० मा भारतबाट कानुनमा स्नातकोत्तर गरेर फर्किएकी सपना मल्ल प्रधानको आकर्षक व्यक्तित्वको प्रशंसा गर्ने पनि प्रशस्त छन्। साप्ताहिकले गरेको सर्वेक्षणमा सबैलाई पछाडि छोड्दै अत्यधिक मत पाउन सफल सपना ४७ वर्षे उमेरमा पनि सर्वाधिक आकर्षक महिलामा छनौट हुनुले उनका प्रशंसक धेरै छन् भन्ने देखाउँछ। 'सपना मल्ल प्रधान कानुनका क्षेत्रमा रोल मोडल हुन्' डाइरेक्सन नेपालका निर्देशक दीपक थापाले भने- 'उनको हल्का ब्लाक जाइन्ट स्ट्रक्चरले सफल व्यक्तित्वलाई अझ आकर्षक बनाएको छ। सपना बोल्ड त छादैछिन्, ब्युटिफुल पनि छिन्, दीपकले थपे। साडीमा सेक्सी देखिने सपना साडीमा आफूलाई सुहाउादो देखिने कुरा स्वीकार गर्छिन्।

गर्भपतनलाई कानुनी मान्यता दिलाएबापत अमेरिकाको मार्गेट सेनार पुरस्कारबाट सम्मानित सपनाले सन् २००८ मा लैंगिक समानताका लागि योगदान गरेबापत बहुचर्चित ग्रुबर अन्तर्राष्ट्रिय महिला पुरस्कार पनि पाइन्। बौद्धिक क्षमताका साथै सुन्दर शारीरिक बनावटकी धनी सपना आफ्नो शारीरिक व्यक्तित्वलाई आकर्षक राख्न सुहाउादो गेटअपमा देखिन्छिन्। उनको शारीरिक सुन्दरताको राज खोल्ने क्रममा सपनाले साप्ताहिकसँग भनिन्- आफ्नो शरीरलाई स्वस्थ राख्न दैनिक जिम गर्छु, सातामा एकपटक स्वीमिङ गर्छु, फिट एन्ड फाइन बस्छु, सकारात्मक विचारलाई महत्त्व दिन्छु यसले अनुहारमा कान्ति दिन्छ र राम्रो काम गर्ने जाँगर पनि मिल्छ।

## झरना बज्राचार्य




सन् १९९७ मा मिस वर्ल्ड नेपालको उपाधि हात पारे पछि झरना बज्राचार्य एकाएक चर्चित सेलिब्रेटीमा दरिइन्। सुहाउँदो डस्की छाला, आकर्षक शारीरिक बनावट, नसालु आँखा र ओंठकी झरनाको व्यक्तित्वको प्रशंसा गर्नेहरू प्रसस्त हुन थाले। भिन्न किसिमको नेपाली अनुहारका रूपमा झरनाको पदार्पण भएको थियो। उत्कृष्ट ढंगले आफ्नो कुरा व्यक्त गर्ने झरना बोल्दा पनि एक किसिमको अपिलिङ देखिन्छ। झरनाको यो मादकता अझै पनि उस्तै छ। मोडलिङको संसारबाट नेपाली रजतपट हुादै बलिउडसम्मको यात्रा तय गरेकी झरना साप्ताहिक सर्वेक्षणका क्रममा आकर्षक महिलाको दोस्रो स्थानमा पर्न सफल भइन्।

एकाएक ग्लामरको दुनियाँमा आएकी झरना मिस वर्ल्डमा प्रतिस्पर्धा गर्ने पहिलो नेपाली थिइन्। नेपाली चलचित्रका अतिरिक्त दर्जनौं म्युजिक भिडियो तथा विज्ञापनमा उनको अनुहार छाउने गरेको छ।

'झरनामा म भिन्नै प्रकारको व्यक्तित्व पाउँछु' निर्देशक आलोक नेम्बाङले पहिलो नम्बरमा झरनाको नाम लिंदै भने- 'उनको जीवन जिउने आफ्नै शैली छ।' क्यामेरामा उनी जस्तो सेक्सी कोही नदेखिने आलोकको तर्क थियो। यस्तै गायक राजेश पायल राईले भने-'उनी हट एन्ड सेक्सी छिन्।'

## स्नेहा राणा




वास्तविक उमेरको तुलनामा जवान देखिएकाले पनि स्नेहा राणाको सौन्दर्यमा लठ्ठिनेहरू प्रसस्त छन्। केही समयअघिको नारी मासिकको कभर पृष्ठमा उनको तस्बिर प्रकाशित भएपछि उनी एकाएक सेलिब्रेटीको सूचीमा थपिएकी थिइन्। फोटोजेनिक स्नेहाको छालाको रंग र सुहाउादो शारीरिक बनौटले पनि उनीप्रति धेरै मानिस आकर्षित छन्। एक सन्तानकी आमा स्नेहाको सौन्दर्यमा अझै निखार आइरहेको उनी निकटहरू बताउँछन्। साप्ताहिकको सर्वेक्षणमा आधाजसोले आकर्षक महिलाको सूचीमा स्नेहालाई सम्झिएका थिए। 'उनको सुन्दरताप्रति नलोभिनेहरू कमै भेटिएलान्, सुन्दरता के हो भन्ने कुरा उनमा झल्कन्छ' नायक राजवल्लभ कोइराला भन्छन्-' स्नेहाको जस्तो व्यक्तित्व छ, त्यो सुहाउादो पेसा पनि छ।'

केही अन्तर्राष्ट्रिय ब्रान्डका उत्पादनमा विज्ञापन गरेकी स्नेहा अभिनय तथा कला क्षेत्रमा पनि उत्तिकै रुचि राख्छिन्। पियानो बजाउन र नाटकमा अभिनय गर्न रुचाउने स्नेहाले गीत रेकर्ड समेत गरेकी छिन्। सर्वेक्षणको क्रममा शारीरिक सुन्दरतालाई मेन्टेन गरिराख्न सफल भएकाले पनि उनको प्रशंसा गरिएको थियो।

## रामकुमारी झाँक्री




नेकपा एमाले निकटस्थ विद्यार्थी संगठन अनेरास्ववियुकी अध्यक्ष रामकुमारी झााक्री पनि आकर्षक महिलाको सूचीमा पर्न सफल भइन्। अनेरास्ववियुको इतिहासमै उनी पहिलो महिला अध्यक्ष हुन्। २०३५ जेठ १० गते गुल्मी म्यालपोखरी-१ पुर्कोटमा जन्मिएकी रामकुमारी प्रतिगमन विरुद्धको जनआन्दोलनमा सक्रिय हुने क्रममा प्रहरीको कुटाइका कारण अस्पताल पुगेपछि अझ चर्चामा आएकी थिइन्। 'रामकुमारी झाँक्री एउटा गजबको फिजिकल अपिरियन्स हो' वरिष्ठ पत्रकार किशोर नेपालले झाँक्रीको खुलेर प्रशंसा गर्दै भने- 'नेतृत्वका निम्ति मात्र होइन् एग्रेसिभ नेचरका लागि पनि उनको फिजिकल अपिरियन्स सुहाउादो छ।' वरिष्ठ पत्रकार नेपालले झाँक्रीको शारीरिक बनावट पनि उत्तिकै आकर्षक भएको बताए। एसएलसीपछि उनी नर्स बन्न काठमाडौं आए पनि राजधानीको पद्मकन्या क्याम्पसमा भर्ना भएपछि उनले राजनैतिक जीवनमै क्यारियर विकास गर्ने निर्णय लिइन्। वरिष्ठ पत्रकार नेपालले राजनैतिक नेतृत्वका निम्ति उनलाई बलियो आत्मविश्वासले साथ दिएको बताए।

## नम्रता श्रेष्ठ

फरक धारका नेपाली चलचित्रका लागि नयाँ अनुहार चाहिरहेको बेला नम्रता श्रेष्ठ उदाएकी थिइन्। आलोक नेम्वाङ निर्देशित 'सानो संसार' तथा सुदर्शन थापा निर्देशित 'मेरो एउटा साथी छ'- दुवै चलचित्रमा नम्रताको सुन्दरतालाई नेपाली दर्शकले औधी मन पराए।

सानो कद भए पनि उनको लोभलाग्दो सौन्दर्य सबैका निम्ति चर्चायोग्य रह्यो। त्यसो त नम्रता मोडलिङबाटै सबैको आकर्षणमा परिसकेकी थिइन्।

सफा अनुहार, आकर्षक शारीरिक बनौट एवं मीठो मुस्कान नम्रताको सौन्दर्यका प्रमुख पक्ष हुन्। 'उनी राम्री भएकीले जस्तो पहिरनमा पनि आकर्षक देखिन्छिन्,' कोरियोग्राफर एवं मोडल प्रशान्त ताम्राकार भन्छन्- 'चलचित्रमा उनको उपस्थितिले भिन्न पहिचान दिएको छ, उनको अभिनय शैली पनि उत्कृष्ट छ।' फेसन डिजाइनर राजेश धाख्वाले नम्रतामा ग्लामरस लुक्स भएकाले उनी नेपाली चलचित्र उद्योगका निम्ति सधैं आवश्यक कलाकार भएको बताए।







सौन्दर्यका दृष्टिकोणले नम्रताको बयान गरेर साध्य नभएको सर्वेक्षणका सहभागीहरूले बताएका थिए। नम्रतामा कुनै पनि कुरा छिटो टिप्न सक्ने खुबी छ, जुन अन्य कलाकारमा छैन, निर्देशक आलोक नेम्वाङ भन्छन्- 'उनी ब्युटि मात्र होइन, ट्यालेन्ट पनि छिन्।'

पेसाले आरजे नम्रता हाल रेष्टुरेन्ट व्यवसायमा पनि संलग्न छिन्। उनी चाँडै नै लागूपदार्थ दुर्व्यसनीका विरुद्ध निर्माण हुन लागिरहेको एक चलचित्रमार्फत दर्शकमाझ आउने तयारी गरिरहेकी छिन्। विवादास्पद अश्लील भिडियो भने नम्रताको जीवनको अँध्यारो पाटोका रूपमा देखा पर्‍यो।

## माल्भिका सुब्बा

सन् २००२ को मिस नेपाल उपाधि जित्न सफल माल्भिका सुब्बा नेपाली मिडिया पर्सनालिटिहरूमध्ये सबैभन्दा रुचाइएकी व्यक्तित्व हुन्। मिस नेपालको उपाधि हात पारे पनि अन्य सुन्दरीहरू झैं अन्तर्राष्ट्रिय स्पर्धामा सहभागी हुन नपाएकी माल्भिकाको सौन्दर्यको प्रशंसा भने धेरैले गर्छन्। माल्भिका 'मिस नेपाल भनेर घमण्डसाथ चिनाउन सकिने व्यक्तित्व हुन्' निर्देशक आलोक नेम्बाङले भने- 'उनी शारीरिक रूपमा सुन्दर त छँदैछन्, उनको तेज दिमागले उनलाई बौद्धिक व्यक्तिको ट्याग पनि लगाइदिएको छ।'

लामो समय कान्तिपुर टेलिभिजनमा भिजेका रूपमा कार्यरत रहेकी माल्भिकालाई त्यसबेला पनि दर्शकले अत्यधिक मनपराएका थिए। उनको मिलेको शारीरिक बनावटमा लोभलाग्दो वाकपटुताको संयोग सबैभन्दा आकर्षक पक्ष मानिन्छ। विभिन्न विज्ञापन तथा प्रोमोमा प्रस्तुत हुने क्रममा दर्शक उनीप्रति अझ आकर्षित भए। माल्भिकामा एक प्रकारको अपिलिङ छ जुन अन्य सुन्दरीमा पाइँदैन। उनको पर्सनालिटी बोल्ड भएकाले कतिपय मानिसहरू टाढैबाट उनको सौन्दर्यको परख गर्छन्।

गायक राजेशपायल राई भन्छन्- 'उनी शारीरिक रूपमा मात्र सुन्दर छैनन् बौद्धिक रूपमा पनि उत्तिकै सुन्दर छिन्।'

## मञ्जुश्री थापा

नेपाली परिवेशलाई अंग्रेजी साहित्य मार्फत अन्तराष्ट्रिय जगतमा परिचित गराउन मञ्जुश्री थापाको ठूलो योगदान छ। कुशल लेखिका मञ्जुश्री थापाका द ट्युटर अफ हिस्ट्री, फर्गेट काठमाडौं र टिल्ड अर्थ जस्ता लोकप्रिय पुस्तक प्रकाशित छन्। आकर्षक शारीरिक बनावटकी मञ्जुश्री थापाको मीठो मुस्कान सबैभन्दा आकर्षक पक्ष मानिन्छ। जीवनमा कहिल्यै लेखक बन्ने सपना नदेखेकी मञ्जुश्री काठमाडौंमा




जन्मिएर क्यानाडामा हुर्किएकी थिइन्। राजा ज्ञानेन्द्रले राजसत्ता हातमा लिएको समयमा मन्त्री बनेका राजाका प्रियपात्र बुबा भेषबहादुर थापाभन्दा पृथक विचार राखेर प्रतिगमनका विरुद्ध लोकतन्त्रको पक्षमा उत्रनु पनि मन्जुश्रीको लोकप्रियता बढ्ने अर्को कारण थियो। प्रतिगमन विरुद्धको आन्दोलनमा उत्रने क्रममा प्रहरीले उनको गोरो शरीरमा नीलडाम बस्ने गरी लाठो बर्साएको थियो। त्यसपछि फर्गेट काठमाडौंकी सर्जक इस्केप काठमाडौं भन्दै निर्वासन हुने निर्णयमा समेत पुगेकी थिइन्। ठूला आँखा र गोलो अनुहारकी मञ्जुश्री धेरैका निम्ति आकर्षक व्यक्तित्व हुन्। 'उनलाई देख्नेहरू उनको प्राकृतिक सुन्दरताबाट मोहित हुन्छन्' गीतकार एवं सञ्चारकर्मी रमण घिमिरे भन्छन्- महिलाहरू श्रृंगारभन्दा सिर्जनाले बढी आकर्षक हुन्छन् भन्ने राम्रो उदाहरण हुन् मञ्जुश्री थापा।'

## करिश्मा मानन्धर

'पर्दामा देखिने करिश्माटिक छवि कलाकारको गहना हो। एउटी नायिकाले लामो समयसम्म यो छवि धान्न सक्छिन् भने उनी महान् कलाकार हुन्।' अंग्रेजी चलचित्रकी नायिकाको प्रसङ्गमा हलिउड निर्देशक स्टेफन स्टिलवर्गको यो भनाइ नेपाली नायिका करिश्मा मानन्धरमा पनि लागू हुन्छ। २५ वर्षअघि 'सन्तान' चलचित्रमा

पृष्ठ २९ मा जारी

पृष्ठ २८ बाट जारी




करिश्मा जुन सौन्दर्यका कारण छानिएकी थिइन्, आज पनि उनको सौन्दर्यमा त्यही मोहनी छ ।

राजनीतिका प्रख्यात नेतादेखि आमव्यक्तिले एउटा नेपाली अभिनेत्री सम्झनुपर्‍यो भने करिश्मालाई नै सम्झन्छन् । 'मायालु' चलचित्र सफल भएपछि लगातार पहिलो नम्बरकी कलाकार मानिइएकी करिश्माले २ सय चलचित्रमा काम गर्दा अभिनयमा जुन प्रौढता प्राप्त गरेकी छन्, त्यो प्रौढता अरू कलाकारमा पाउन कठिन छ ।

केही अघि कान्तिपुर पब्लिकेसन्सको नारी मासिकसँग करिश्माले भनेकी थिइन्, 'मेरो बाह्य सौन्दर्यको तुलनामा आत्मसम्मानको सौन्दर्य त्योभन्दा माथि छ ।' करिश्मा श्रीमान् विनोद मानन्धर र छोरी कवितासँग हात्तीवनस्थित चलचित्रको स्टुडियोझैं लाग्ने निवासमा बसोबास गर्छिन् । साप्ताहिकको सर्वेक्षणमा मत दिने अधिकांश व्यक्तिले करिश्माको सौन्दर्य र आत्मसम्मानको प्रशंसा गरे । वरिष्ठ पत्रकार किशोर नेपाल भन्छन्, 'करिश्माको पर्सनालिटी डिग्निफाइड छ, त्यो अन्य अभिनेत्रीमा पाउन मुस्किल छ ।'

## रविना जोशी

बैंकिङ्क क्षेत्रमा माथिल्लो पदमा पुग्ने थोरै महिलामध्येकी एक हुन्- रविना जोशी । हाल मेघा बैंकमा महाप्रबन्धकका रूपमा कार्यरत रविनाले बैंकिङ क्यारियरमा लामो अनुभव हासिल गरिसकेकी छिन् । बैंकको तल्लो तहदेखि माथिल्लो तहसम्मको यात्रा तय गर्ने रविनाले पुरुष सरह महिलाले पनि बैंकिङ नेतृत्व गर्न सक्छन् भन्ने प्रमाणित गरेकी छिन् ।

उत्कृष्ट शारीरिक सौन्दर्य उनको अर्को आकर्षक पक्ष हो । फेसन डिजाइनर राजेश धाख्वा, ग्लामर फोटोग्राफर राजीव श्रेष्ठ तथा नायक राजवल्लभ कोइरालाले उनको आकर्षक सौन्दर्यको खुलेर प्रशंसा गरे । साप्ताहिकको सर्वेक्षणका क्रममा राम्रो मत पाएकी रविना सबै दृष्टिकोणले पर्फेक्ट भएको सबैको प्रतिक्रिया थियो ।




खासमा रविना अल्टरनेटिभ हिलिङ प्राक्टिसेजकी ज्ञाता हुन् तर नेपालमा यस क्षेत्रमा अवसर नपाएपछि उनी बैंकिङ क्षेत्रमा तानिएकी थिइन् । 'रविना महिलाले पनि पुरुष सरह काम गर्न सक्छन् भन्ने बलियो उदाहरण हुन्' नायक राजवल्लभ कोइरालाले भने- 'उनी बैंकिङ प्रोमोसनका लागि उत्कृष्ट पोलिसीका लागि पनि पर्फेक्ट छिन् ।' व्यावसायिक रूपमा उनलाई निकै सफल मान्नेहरू पनि छन् । प्रभात रिमाल भन्छन्- 'उनी सफल बैंकर्स, ब्युटिफुल वुमन र राम्रो सिंगर समेत हुन् ।'

उनी गायन र नृत्यकलामा पनि पोख्त रविनाले यसलाई सौखका रूपमा लिएकी छिन् । सरल व्यवहारमा प्रस्तुत हुने भएकाले पनि उनी सबैमाझ प्रिय छिन् । १७ वर्षअघि वैवाहिक जीवनमा बाँधिएकी रविना दुई सन्तानकी आमा हुन् । सौन्दर्य र व्यासायिक जीवनलाई सन्तुलित ढंगले डोर्‍याउन सफल रविना अहिले पनि उत्तिकै आकर्षक देखिन्छिन् ।

## रेखा थापा

नायिका रेखा थापा विभिन्न कारणले चर्चामा आइरहन्छिन् । नेपालकी नम्बर वान नायिकाको छवि




बनाएकी रेखाको सामान्य क्रियाकलाप पनि चर्चायोग्य बन्छन् । नायिकाका रूपमा जम्ने क्रममा पुरानो पुस्ता सहजै किनारा लागेपछि रेखाको चर्चा बढ्दै गएको थियो । चलचित्रमा साडी लगाएका नायिकाको विकल्पमा रेखा थापा सुहाउँदो छोटो पहिरनमा बोल्ड-रोमान्टिक नायिकाका रूपमा भित्रिएकी थिइन् । 'सेक्सि देखिन नांगिनु पर्दैन भन्ने उदाहरण रेखा थापाले प्रस्तुत गरिन्', एक चलचित्रकर्मीले भने- 'समय सुहाउँदो ग्लामर दिएकै कारण उनी नम्बर वान नायिका भइन् ।'

८ वर्षअघि चलचित्र 'हिरो'बाट नेपाली रजतपटमा भित्रिएकी रेखाले अहिलेसम्म ६० भन्दा बढी चलचित्रमा नायिकाका रूपमा अभिनय गरिसकेकी छिन् । 'रेखा थापा आकर्षक त छँदैछिन्, उनले चलचित्रमा काम गरेर बाँच्न सकिन्छ भन्ने समेत पुष्टि गरिन्,' सर्वेक्षणका क्रममा गायक राजेश पायल राइले भने- 'नेपाली चलचित्र उद्योगमा हिम्मतिली नायिकाका रूपमा पनि उनको परिचय छ ।' त्यस्तै कान्तिपुर एफएमका स्टेसन म्यानेजर प्रभात रिमालले रेखालाई हट, बोल्ड एन्ड ब्युटिफुल एक्ट्रेस बताउँदै उनको आकर्षणको चर्चा गरे । 'उनी अहिलेसम्मकै सबैभन्दा सफल नायिका हुन्, उनी सेक्सी त छदैछन् ।' साप्ताहिकको लभगुरु बनेपछि उनको आकर्षणमा अझ वृद्धि भएको सर्वेक्षणका सहभागीहरूको कथन थियो ।

## सिम्रिका शर्मा मरासिनी

उनी आफूलाई सेलिब्रेटी मान्न तयार छैनन्, तर उनलाई 'सेलिब्रेटी' मान्नेहरू थुप्रै छन् । कान्तिपुर टेलिभिजनमा समाचार वाचन गर्ने क्रममै सिम्रिका शर्मा सुपरिचित भइन् । उनको सौन्दर्य र समाचारवाचनको शैलीप्रति आकर्षित नहुनेहरू सायदै होलान् ।

सुन्दा पत्यार नलाग्न सक्छ, सिम्रिकाको एक झल्को पाउन कान्तिपुर टेलिभिजन परिसरमा घण्टौं पर्खनेहरू पनि छन् । सिम्रिकालाई हेर्नकै लागि समाचार हेर्नेहरू पनि नभएका होइनन् । एक समय उनको फेसबुक फ्यान बन्नेहरूको लस्कर नै लागेको थियो । त्यसो त उनको 'डाइहार्ट फ्यान'हरू पनि उत्तिकै छन् । सुशान्त मरासिनीसँग वैवाहिक जीवनमा बाँधिएकी सिम्रिकाको नाममा अझै पनि भ्यालेन्टाइन कार्ड आउन रोकिएको छैन ।

सिम्रिकालाई सर्वेक्षणका क्रममा उत्कृष्ट वाचनशैली र मुस्कान भएकाले मन पराएको बताइएको थियो । 'सिम्रिका गुड लुकिङ एन्ड ग्लामरस' प्रभात रिमालले भने- 'उनी पनि अहिलेसम्मकै सफल न्युज एङ्कर हुन् ।' हेयरस्टाइलिस्ट नील डेविडले राम्रो फिगर तथा ग्लामर क्षेत्रभन्दा बाहिर रहेर पनि सेलिब्रेटीको पहिचान भएकाले सिम्रिकालाई मन पराएको बताए । यस्तै सञ्चारकर्मी विजय पौडेलले फोटोजेनिक भएकाले सिम्रिकालाई उत्कृष्ट १० भित्र राखेका थिए ।







राजेश हमाल

# सर्वाधिक आकर्षक पुरुषहरू




पाल्पा, तानसेनमा सन् १९६४ जुन ९ तारिखमा जन्मिएका राजेश हमालको आकर्षक व्यक्तित्वले उनको उचाइलाई बढाएको हो, त्यतिमात्र होइन उनको तर्कसंगत संवादले उनलाई बौद्धिक व्यक्तिको परिचय पनि दिएको छ । युगदेखि युगसम्म देखि हालसम्म हमालले २ सय ५० भन्दा बढि चलचित्रमा काम गरिसकेका छन् ।

नेपाली रजतपटमा सर्वाधिक लोकप्रिय छवि बनाउन सफल राजेश साप्ताहिकको सर्वेक्षणमा पनि सर्वाधिक आकर्षक पुरुषमा पर्न सफल भए । 'मैले आजसम्म राजेश हमाल अभिनीत चलचित्र हेरेकी छैन' सर्वेक्षणमा सहभागी समाचारवाचिका सिम्रिका शर्माले भनिन्-'तर उहाँको व्यक्तित्वबाट म प्रभावित छु ।'

## गगन थापा

धाराप्रवाह बोल्न सक्ने गगन थापा हाल नेपाली कांग्रेसका तर्फबाट सभासद छन् । गगन जनआन्दोलन भाग-२ मा युवा नेतृत्वका रूपमा सक्रिय थिए । त्यतिमात्र होइन राजा ज्ञानेन्द्रले राजनैतिक सत्ता लिने क्रममा आन्दोलनमा उत्रिएबापत उनलाई राजद्रोहको आरोपमा जेल चलान गरिएको थियो, यसले उनको अझ लोकप्रियता बढायो । सादा जीवन उच्च विचार राख्ने गगनलाई नेपाली युवा नेतृत्वमा सक्षम व्यक्तिका रूपमा हेरिएको छ । पूर्व मिस नेपाल सुन्दरी माल्भिका सुब्बाले भनिन्- 'सबल युवा नेतृत्वको रूपमा गगनको उपस्थितिले मलाई आकर्षित गरेको हो ।'




समाजशास्त्रमा स्नातकोत्तर गरेका गगनले भने राजनैतिक क्यारियरमा आफ्नो भविष्य खोजे । नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि तथा काठमाडौं क्षेत्र नम्बर-४ का सभापति गगनले कांग्रेसको नेतृत्व युवा पुस्ताले गर्नुपर्ने आवाज बुलन्द गर्दै आएका छन् । साप्ताहिकको सर्वेक्षणको क्रममा सर्वाधिक आकर्षक नेपालीमा पर्न सफल गगनले आफ्नो विवाह खर्च एक संस्थालाई सहयोग गरेपछि उनको चर्चा अझ बढेको थियो । संविधानसभाबाट आउने पारिश्रमिक पनि उनले विभिन्न सहयोगमूलक कार्यमा खर्चिंदै आएका छन् ।

## भूषण दाहाल

हाल कान्तिपुर टेलिभिजनका प्रमुख कार्यकारी निर्माताको पदमा कार्यरत दाहालको परिचय टेलिभिजनकर्मीका रूपमा मात्र सीमित छैन । म्युजिक भिडियो, डकुमेन्ट्री, फिल्म र टक-सो सबै विधामा उनको प्रस्तुति अब्बल मानिन्छ । पछिल्ला वर्षहरूमा सबैभन्दा लोकप्रिय टक सो 'फायर साइड' का प्रस्तोता दाहाल म्युजिक भिडियो निर्देशनका लागि बादशाह मानिन्छन् । बहुप्रतिभाशाली व्यक्तित्वका रूपमा सर्वेक्षणमा दोस्रो स्थानमा परेका भूषणले त्रिचन्द्र




क्याम्पसबाट समाजशास्त्रमा एमए गरेका छन् ।

'भूषण दाहालको सुहाउँदो पहिरनले सबैको मनलाई आकर्षित गर्छ' फेसन डिजाइनिङ इन्स्टिच्युट आइइसीकी प्रमुख कार्यकारी शैलजा अधिकारीले भनिन्-'आकर्षक व्यक्तित्वका अतिरिक्त सानो कुरामा पनि गहिराइमा पुगेर पर्याप्त गृहकार्यका साथ कार्यक्रम सञ्चालन गर्ने उहाँको शैली मलाई अत्यन्तै मनपर्छ ।'

## सुवासचन्द्र नेम्वाङ

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ आकर्षक पुरुष व्यक्तित्वको सूचीमा तेस्रो स्थानमा पर्न सफल भए । मीठो बोल्ने शैली उनको आकर्षक पक्ष मानिन्छ, त्यस्तै सुहाउँदो पहिरनमा चिटिक्क परेको बाटुले अनुहारप्रति मोहित भएर उनको व्यक्तित्वको प्रशंसक भएको सर्वेक्षणका सहभागीहरूले बताए ।

कलेज-जीवनदेखि नै धेरै युवतीको आकर्षणमा परेका नेम्वाङ पाँच दशक लामो जीवनयात्रापछि पनि उत्तिकै आकर्षक देखिन्छन् । राजनीतिलाई पेसा बनाएका नेम्वाङ विद्यार्थीकालमा पनि मेधावी छात्र थिए । उनले कानुनमा स्नातकोत्तर गरेका छन् । पछिल्ला दिनमा असन्तुलित राजनैतिक घटनाक्रममा मध्यस्थकर्ताका रूपमा सन्तुलित भूमिकामा रहेर काम गरेबापत पनि




उनको प्रशंसा गरिएको छ । 'उहाँको शान्त स्वभावले हरेक प्रतिकुल परिस्थितिमा पनि सहज निकास खोज्छ', कोरियोग्राफर तथा सञ्चारकर्मी कला सुब्बा भन्छिन्- 'हेर्दा पनि त्यत्तिकै राम्रो हुनुहुन्छ ।'

सरल मिजासका उनी सानो विषयलाई पनि उत्तिकै महत्व दिने नेता भएकाले आफ्नो रोजाइमा परेको नम्रता श्रेष्ठले बताइन् । प्रस्ट वक्ता नेम्वाङ संविधानसभाका ६ सय १ जनाको जम्बो टोलीलाई लिएर मुलुकको नयाँ संविधान कोर्ने बाटोमा अग्रसर छन् ।

## निमा रुम्बा

निमा रुम्बालाई नेपाली




पपसंगीतमा सर्वाधिक आकर्षक गायक मानिन्छ । उनको वेस्टर्न शैलीको गेटअप र रक-पप प्याटर्नका म्युजिकले पनि उनी नेपाली युवामनका ढुकढुकी बन्न पुगे । 'मिस क्याटवाक' गीतबाट जमेका निमाले केही समय हङकङमा बिताएर नेपाल फर्किएपछि निरन्तर सफलताको यात्रा तय गरिरहेका छन् । पर्सा सुवर्णपुरमा जन्मिएका निमा सानैदेखि गीत-

पृष्ठ ३१ मा जारी




पृष्ठ ३० बाट जारी

संगीतमा अभिरुचि राख्थे ।

निमाको सबैभन्दा आकर्षक पक्ष भनेकै उनको गीत परफर्मेन्सको छुट्टै शैली हो । 'जतिबेला निमा स्टेजमा चकलेटी शैलीमा उत्रिएर मर्किंदै गीत प्रस्तुत गर्न थाल्छन्, त्यसबेला युवतीहरू भुतुक्कै हुन्छन् ।' फेसन डिजाइनर शैलजा अधिकारीले भनिन्- 'उनीसँग सबैलाई आकर्षित गर्ने क्षमता छ, व्यक्तित्व पनि त्यत्तिकै आकर्षक छ ।' 'निमाले क्राउडअनुसार परफर्मेन्स गर्न जानेका छन्, उनको गीत गाउने शैलीले मेरो मन जितेको छ,' नम्रताले भनिन् ।

## हरिवंश आचार्य

हास्यअभिनेता मात्र होइन बहुप्रतिभाशाली कलाकारका रूपमा हरिवंश आचार्यको परिचय छ । नेपाली कलाजगतमा हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठलाई सम्मानित व्यक्तिका रूपमा लिइन्छ । साप्ताहिकको सर्वेक्षणको क्रममा हरिवंश आचार्यलाई छुट्टै भोटिङ आएको हुनाले यसमा मदनकृष्ण श्रेष्ठलाई सामेल नगरिएको भए पनि महजोडीका रूपमा दुवैलाई नेपाली जनताले स्नेह गर्दै आएका छन् ।




हरिवंश आचार्यलाई व्यक्तित्व र बहुभूमिकामा स्मरणयोग्य अभिनय गरेको भनेर सर्वेक्षणमा सहभागीहरूले बताएका थिए । चलचित्रको नायक, खलनायक, संवाद लेखन, निर्देशन, गायन सबै विधामा उत्तिकै अब्बल दरिएका हरिवंश विगत तीन दशकदेखि निरन्तर कलाकारिता क्षेत्रमा छाइरहेका छन् ।

वि.सं. २०१४ साल कात्तिक १७ गते काठमाडौंको टंगाल, गैह्रीधारामा जन्मिएका हरिवंशले सानो उमेरमै आमाबुबाको मायाबाट वञ्चित हुनुपरेको थियो । वि.सं. २०३५ सालमा एसएलसी उत्तीर्ण गरेका आचार्यले जीविकोपार्जनका लागि कलिलै उमेरमा कामको खोजीमा भौंतारिनुपरेको थियो ।

आकर्षक शारीरिक बनावटका आचार्यको शारीरिक सौन्दर्य अहिले पनि धेरैका निम्ति लोभलाग्दो छ । 'उहाँको आकर्षक शारीरिक व्यक्तित्वले अभिनय कलालाई साथ दिएको छ' हास्यकलाकार दीपाश्री निरौलाले भनिन्- 'त्यसैले सबैप्रकारको गेटअपमा उहाँ आकर्षक देखिनुहुन्छ ।'

## सुरजसिंह ठकुरी

सुरजसिंह ठकुरीको नाम लिदा पनि भुतुक्क भैहाल्ने युवतीहरू थुप्रै होलान् । 'कल कान्तिपुर' का यी हिरोका फ्यानको संख्या धेरै भएकाले नै हुनसक्छ, पाँचौं वर्षपछि पनि कलकान्तिपुर र सुरजको आकर्षण बढ्दो क्रममै छ । 'मेरो विचारमा सुरज प्रत्येक नेपाली युवतीले मन पराएको ह्यान्डसम पुरुष हो', हास्यकलाकार दीपाश्री निरौलाले भनिन्- 'कार्यक्रम चलाउने उनको पृथक् तर उत्कृष्ट शैलीका कारण पनि उनीप्रतिको क्रेज कायमै छ ।'

गत वर्ष विवाह गरे पनि अहिले पनि सुरजसँग एकपटक गफ गर्न र भेट्न हत्ते हाल्ने युवतीको संख्या हजारौं भएको सर्वेक्षणमा सहभागी नायिका ऋचासिंह ठकुरीले बताइन् । ३० वर्षीय सुरज जस्तोसुकै गेटअपमा पनि आकर्षक देखिने




भएकाले उनीप्रति युवतीहरू मोहित हुने गरेको उनको तर्क थियो ।

हजारौं नेपाली मनमा बस्न सफल सुरजकी मनकी रानी भने एन्जेलिना जोली हुन् । सुरज आफूलाई हेन्डसम मान्न तयार छैनन्, उनी भन्छन्- 'म त्यति राम्रो छैन, तर दर्शकले मलाई मन पराइदिनुभएको छ, त्यसमा म आभारी छु ।' सर्वेक्षणका क्रममा कतिपयले सुरजको आँखा राम्रो भने, कतिले दाह्री, ओठ र आकर्षक फिगरको चर्चा गरे ।

सुरज त आफुलाई राम्रो छैन भन्छन् नि ? भन्ने प्रश्नमा गायिका मल्लिका कार्कीले भनिन्- 'कस्तूरीलाई विना (सुगन्ध) थाहा हुँदैन भन्छन् भनेजस्तै हो ।'

## अनिल शाह




आकर्षक व्यक्तित्वका अनिल शाह सर्वाधिक सफल नेपाली बैंकर्सका रूपमा परिचित छन् । नेपालका विभिन्न वित्तीय संस्थामा सफल अनुभव सँगालेका शाहलाई ग्राउन्डबाट उठेको व्यक्तिका रूपमा चिनिन्छ । बैंकर्स अफ दि इयरको पुरस्कार प्राप्त गरिसकेका अनिल अत्यधिक तलब लिने नेपाली बैंकर्समा पर्नुले पनि उनको चर्चा चुलिएको थियो ।

साप्ताहिकको सर्वेक्षणका क्रममा फिट एन्ड फाइन ड्रेसमा प्रस्तुत हुने अनिलको हिस्सी परेको अनुहारको प्रशंसा धेरैले गरे । हाल मेगा बैंकको प्रमुख कार्यकारी अधिकृत अनिलको व्यक्तित्वले धेरैलाई प्रभावित तुल्याउँछ, सञ्चारकर्मी बन्दना राणाले भनिन्- 'उत्कृष्ट व्यवस्थापकीय नेतृत्वको राम्रो उदाहरण हुन् उनी ।' अनिल साहसी व्यक्ति भएको उनीसँगै कार्यरत रविना जोशीले बताइन् ।

## डा. बाबुराम भट्टराई

संविधानसभामा सबैभन्दा बढी मत र मतअन्तरले जित्ने माओवादी सभासद हुन्- डा. बाबुराम भट्टराई । विद्यालयदेखि विश्वविद्यालयसम्मको अध्ययनका क्रममा कहिल्यै दोस्रो नभएका डा. बाबुराम राजनैतिक जीवनमा भने पहिलो हुन सकेका छैनन् । १० वर्षे माओवादी जनयुद्धको समयमा डा. बाबुराम भट्टराई पनि सहभागी हुनुले जनयुद्धको महत्त्व बढेको विश्लेषकहरू बताउछन् । उच्च तार्किक क्षमता भएका भट्टराई नेपाली राजनीतिका 'सादा र बौद्धिक' नेताका रूपमा परिचित छन् ।

पछिल्लो समयमा अर्थमन्त्री रहादा उनको लोकप्रियता अझ बढेको थियो । इतिहासमै रेकर्ड कायम हुने गरी राजश्व संकलन गर्न सफल डा. भट्टराई देश विकासका निम्ति सही व्यक्ति भएको सर्वेक्षणका सहभागीहरूको ठहर थियो । ५ दशकको जीवनयात्रापछि पनि उनको




शारीरिक फिटनेस अर्को आकर्षक पक्ष हो । साधारण तर सफा पहिरनमा देखिने बाबुराम अक्सर देश विकास निम्ति चिन्तित हुने गरेको निकटस्थ स्रोतहरू बताउँछन् । उनको शारीरिक व्यक्तित्वमा बौद्धिकताको ट्यागले पनि साथ दिएको छ ।

'डा. बाबुराम भट्टराई यो देशलाई चाहिएको व्यक्ति जस्तो लाग्छ,' साप्ताहिकसँगको कुराकानीको क्रममा कलाकार रागिनी उपाध्यायले भनिन्- उहाँको पर्सनालिटी राम्रो त छादैछ, उहाँको ठिक्क बोल्ने शैली मलाई राम्रो लाग्छ ।

## विनोद चौधरी

पायोनियर उद्योगपतिको परिचय बनाइसकेपछि विनोद चौधरीमा यतिखेर राजनीतिको रस बसेको छ । एमालेको कोटाबाट सभासद बनेका विनोद छोरा निर्वाणलाई व्यवसाय जिम्मा लगाएर संविधान कोर्ने बाटोमा छन् । राजनीतिको यो रसले उनलाई २०२९ सालमै छोएको हो, स्ववियु निर्वाचनमा सभापति पदमा प्रत्याशी बनेका उनी त्यसबेला हारेका थिए ।

चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरी सफल उद्यमीका रूपमा परिचित छन् । उमेर छँदा डिस्कोबारसमेत सञ्चालन गर्न भ्याएका विनोद रोमान्टिक स्वभावका छन् । जीवनलाई मस्तीका रूपमा लिनुपर्छ भन्ने मान्यता राख्ने चौधरीको स्वभावलाई चिन्नेहरू उनलाई सरल व्यक्तिका रूपमा पनि व्याख्या गर्छन् । उनी 'एकै नजरमा माया बस्यो है, लुकिछिपि हेरिदिनाले' गीतका गायक पनि हुन् ।




अन्तर्राष्ट्रिय पत्रिका 'फोर्ब्स' को कभरपृष्ठमा छापिएका विनोदको व्यापार सञ्जाल अहिले सिंगापुर, दुबई र अमेरिकामा सम्म फैलिएको छ । फोर्ब्सले ३५ अर्ब सम्पत्ति भएको समूह भनेर विनोदको परिचय दिएको थियो । चौधरी ग्रुप नेपालकै अग्रणी व्यापारिक घरानाका रूपमा परिचित छ ।

बिजनेस टाइकुनको परिचय बनाएका विनोदका सम्बन्धमा नायिका सञ्चिता लुइँटेलले भनिन्- 'उहाँ पोलाइट हुनुहुन्छ, साधारण रूपमा कुरा गर्न रुचाउनुहुन्छ, उहाँको व्यक्तित्वबाट म प्रभावित छु । यस्तै फेसन डिजाइनर शैलजा अधिकारीले अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनलाई निर्यात गरेर नेपालको प्रतिनिधित्व गरेकाले तथा सिर्जनशील उद्यमी भएकाले विनोद चौधरी आफूलाई मन पर्ने बताइन् ।

## सुगम पोखरेल

'फेरि त्यो दिन सम्झन चाहन्न'- गायक सुगम पोखरेलको पहिलो गीतिसंग्रह 'वानएमबी' मा समावेश यो गीतले चकलेटी अनुहारका सुगम पोखरेललाई एकाएक सेलिब्रेटी बनाइसकेको थियो । अर्को कुरा एल्बममा समावेश मेरो संसारदेखि प्रायः सबै गीत श्रोताले गुनगुनाउन थालेपछि उनी अझ लोकप्रिय भए ।

बान्की परेको अनुहार सुगम नेपाली युवतीहरूका लागि हिरो बनेर सांगीतिक फाँटमा उत्रिएका थिए । हँसिलो अनुहारका सुगमका सबै रोमान्टिक र ट्र्याजिक सङ्ले उनलाई युवा मन जित्न सहज बनाइदिएको थियो । 'मलाई सुगमका सबै गीत राम्रा लाग्छन्, उहाँ एकदमै उत्कृष्ट संगीतकर्मी हो जस्तो लाग्छ', सुगमको प्रशंसा गर्दै समाचारवाचिका सिम्रिका शर्माले भनिन्- 'उहाँ राम्रो त हुँदै हुनुहुन्छ, स्वर पनि त्यत्तिकै मीठो छ ।'

'सुगम मृदुभाषी हुनुहुन्छ, उहाँमा आकर्षण गर्ने शक्ति छ,' हास्यकलाकार दिपाश्री निरौलाले




भनिन् । त्यस्तै नायिका ऋचासिंह ठकुरीले गुड लुकिङ र हेन्डसम भएकाले सुगम असाध्यै मनपर्ने बताइन् । सुगम रेडियो सगरमाथामा आरजेका रूपमा कार्यरत छन् ।



# समलिंगीहरूको प्रेम



पोखराका तेस्रो लिंगीहरू मोडलिङ पोज दिँदै ।

अमेरिकाको क्यालिफोर्निया राज्यमा 'गे' र 'लेस्बियन' विवाहलाई अनुमति दिएसँगै त्यहाँ समलिङ्गी विवाह गर्नेहरूको ताँती नै लाग्यो । छिमेकी मुलुक भारतमा पनि गत वर्षको २ जुलाईका दिन १ सय ६० वर्ष पुरानो कानुनलाई तोडेर समलिङ्गीलाई साथै बस्न र विवाह गर्ने मञ्जुरी अदालतले दिएको छ । विश्वका १ सय २६ देशमा यस्तो सम्बन्धलाई मान्यता प्रदान गरिएको छ भने विश्वभरि ४० लाख 'गे' तथा २५ लाखजति 'लेस्बियन' छन् ।

आखिर समलैङ्गिकता के हो ? 'गे' र 'लेस्बियन' के हो ? समलैङ्गिकताअन्तर्गत काम-वासना वा यौनसन्तुष्टि समान लिङ्गको पुरुष वा महिलाहरूले लिन्छन् । मनोवैज्ञानिकहरू भन्छन्- यो क्रिया अनुवांशिक गुणका कारण पुस्तौंपुस्तादेखि चलिआएको छ भने केहीले यसलाई विकृत मानसिकताको द्योतक मान्छन् । यद्यपि समलैङ्गिकता नयाँ विषय होइन तर पनि यो विषय उपेक्षाको सिकार बनेको छ । मानिसहरू भन्छन्- समलैङ्गिक सम्बन्ध असामान्य सम्बन्ध हो । जुन विषय असामान्य हुन्छ, त्यो विषय समाजको उपेक्षा र अपहेलनाको कारण बन्छ ।

हाम्रो समाजमा कतिपय समलिङ्गीले चुपचाप आफ्नो सम्बन्ध बनाएका छन् । धेरै अभिभावकलाई थाहा छ, उनीहरूका छोराछोरी यस्तो कार्यमा संलग्न छन् तर पनि उनीहरू विवश छन्, किनभने जब यस्तो सम्बन्ध हुन्छ तब यो पनि एउटा नशाजस्तो रोगका रूपमा विकास हुन्छ । पहिले-पहिले विवाहको कुरा चल्दा आमाबुबा आफ्ना छोराछोरीका लागि योग्य र संस्कारवान् बधू तथा ज्वाइँ खोज्थे । पछि गएर छोराछोरी आफ्नो खुसीले प्रेमविवाह गर्न थाले । पछिपछि कतिपय 'गे' र 'लेस्बियन' बन्न थाले । अबका आमाबुबाले यस्ता छोराछोरीसँग के भन्नेछन् भने, 'बाबु तिमीहरू विवाह गर, बढी उमेरकी केटी भए पनि हुन्छ, विधवा-विदुर हुन सक्छन्, अर्को जातको पनि चल्छ तर प्लिज केटा-केटीसँग नै विवाह गर ।'

यस्तो लतमा परेका व्यक्तिका अभिभावकहरूले कहिलेकाहीं घर-समाजको डर देखाएर आफ्नो हैसियत मिल्ने युवक-युवतीसँग विवाह गर्न जबर्जस्ती पनि गर्छन् तर यस्तो जबर्जस्ती विवाह सफल हुँदैन । दुवैको जीवन असफल हुनसक्छ । यस्तो स्थितिमा पीडितका आमाबुबालाई पनि 'काउन्सिलिङ' आवश्यक हुन्छ ।

जुनसुकै मानिसले समाजभन्दा बेग्लै केही गर्न खोज्छ भने त्यसले समाजको वक्रदृष्टिको सामना गर्नुपर्छ । धर्मका ठेकेदारहरू सोच्छन्– समाज जुन स्थितिमा छ, त्यो त्यस्तै रहोस् तर समयको निरन्तर प्रवाहका कारण व्यक्तिको सोचमा परिवर्तन आउँछ । त्यसकारण १ सय वर्षपहिले हाम्रो समाज जस्तो थियो आज त्यस्तै छैन, अर्को १ सय वर्षपछि पनि समाजको अवस्था अर्कै हुन्छ ।

समलैङ्गिकताको विषयमा बहस र उपेक्षाको अर्को कारण के पनि हो भने हाम्रो समाजमा मानिसहरू यौनजस्तो विषयमा खुलेर छलफल गर्दैनन् । हाम्रो समाजमा यस्ता विषयलाई गोप्य मानिन्छ र जुन विषय गोप्य हुन्छ, त्यो विषयमा धेरै कौतूहलता हुन्छ । सेक्स हरेक व्यक्तिको शरीरको माग हो तर पनि यो विषय गौणजस्तो मानेर, लाज सम्झेर, वर्जित कुरा मानी हामी यसलाई टाढा राख्छौं । यस विषयमा कुरा गर्नेलाई हामी नकारात्मक दृष्टिले हेर्छौं । यसकारण सेक्ससँगै समलैङ्गिकतालाई पनि नकारात्मक रूपमा हेर्न थालियो ।

समाजका सबै धर्मले यो विषयमा असहमति जनाएका छैनन् तर हरेक धर्मका धर्मगुरुले यस्ता सम्बन्धलाई पाप भनेका छन् । समलैङ्गिकता समाज व्यवस्थाको विरुद्ध छ, यो पाप र अनैतिक कार्य हो । इसाई धर्ममा यस्तो सम्बन्धलाई पापका रूपमा लिइएको छ । हिन्दू धर्ममा अलिकति फराकिलो सोच छ तर धर्मगुरुहरूले यसलाई विकृत मानसिकताका रूपमा लिएका छन् । आजको आर्थिक मन्दीको चापमा धेरै युवावर्ग उच्च शिक्षा र रोजगारीका लागि घरबाट टाढा गएर बस्नुपर्छ । परदेशमा कुनै आफन्त नातेदार हुँदैनन् । पैसा बचाउने सुरमा साथीसँग एउटै कोठामा बस्नुपर्छ । यस्तै सुख र दुःखको बेला कुनै समय यस्तो सम्बन्धको सुरुवात हुन थाल्छ । पछि-पछि गएर यस्तो सम्बन्ध अझ प्रगाढ हुन्छ तर अरूले चाल पाउँदैनन् । यस्तो सम्बन्ध कहिलेकाहीं आपसी सहमतिले बन्छ भने कहिलेकाहीं डर, धम्की देखाएर पनि हुन्छ ।

हरेक युवाले प्रेमको परिणति विवाहलाई मान्छन् । विवाहको उद्देश्य गृहस्थीसँगै सन्तान प्राप्ति पनि हुन्छ तर सन्तानका लागि महिला र पुरुष दुवैको आवश्यकता हुन्छ । अहिलेसम्म प्रकृतिले जन्म दिने अधिकार महिलालाई मात्र दिएको छ । समलिङ्गी सम्बन्धमा प्रेम त बढी हुनसक्छ तर सन्तान प्राप्ति असम्भव हुन्छ । संसारका प्रत्येक व्यक्तिले सन्तानको चाहना गर्छन् तर यस्तो समलिङ्गी सम्बन्धको उपहारस्वरूप सन्तान प्राप्ति हुँदैन । यसको जवाफमा समलिङ्गीहरू भन्छन्, 'यो संसारमा धेरै अनाथ शिशु छन्, हामी कुनै अनाथ शिशुलाई माया दिएर आफ्नो सन्तानको कमी र रहरलाई पूर्ण गर्न सक्छौं' तर विचार गर्नुस्- के आमा-बाबुको जस्तो निश्चल प्रेम यस्तो जोडीले दिन सक्छ ? आमाजस्तो मन कसैको हुँदैन । आउँदा दिनमा समलिङ्गीहरूको समस्या यसरी नै बढ्दै गयो भने मनुष्य जाति नष्ट हुने, संहारसम्म पुग्न सक्छ ।

लोकतान्त्रिक समाजमा हरेक व्यक्तिलाई आफ्नो विचार राख्ने, जीवन आफ्नै तरिकाबाट बाँच्ने अधिकार छ । कुन व्यक्ति आफ्नो बेडरुममा के गरिरहेको छ, यो उसको निजी कुरा हो । अरूलाई केही हानि-नोक्सानी नपुर्‍याई स्वतन्त्रतापूर्वक बाँच्ने अधिकार सबैले पाएका हुन्छन् । समलैङ्गिकता पनि एउटा भावना हो जसभित्र पनि माया हुन्छ । मनोवैज्ञानिकहरू भन्छन्, 'समलिङ्गीहरूको मस्तिष्क अन्य सामान्य मानिसको भन्दा फरक हुन्छ ।' वैज्ञानिकहरूले के पत्ता लगाएका छन् भने महिला समलिङ्गीहरूको मस्तिष्कमा 'गे' कोशको कमी हुन्छ । जुन कारणले ऊ सामान्य महिलाको अपेक्षा आफूलाई पुरुषका रूपमा बुझ्छन् । यस्तै पुरुष 'गे' को मस्तिष्क सामान्य महिलाको मस्तिष्कको वरिपरि हुन्छ, यस्ता पुरुषको यौन आकर्षण सामान्य महिलाजस्तो हुन्छ ।

यस विषयमा भारत र अन्य देशमा पनि धेरै चलचित्र बनेका छन् जसमध्ये केहीले त समस्याको खिल्ली उडाएका छन् । अहिले संसारभरका समलिङ्गीहरू खुलेर बाहिर आएका छन् । उनीहरू नारा, जुलुसद्वारा आफ्नो एकजुटता प्रदर्शित गर्छन् । समलिङ्गीहरूका अगुवाहरू भन्छन्, 'अब समलिङ्गीसँग सम्बन्धित विषयमा पर्दा हालेर काम चल्दैन । किनभने यो व्यक्तिगत स्वतन्त्रतामाथि हमला र कुठराघात हो । विश्वका धेरै देशमा यस्तो सम्बन्धले मान्यता प्राप्त गरिसकेको छ भने अरू देशमा किन यसलाई अछुतो मान्ने ? समलिङ्गीहरूलाई आफ्नो अभिव्यक्ति दिने पूर्ण अधिकार छ । यस्तो सम्बन्धको एउटा फाइदा के छ भने यिनीहरूबीच धेरै कलह, झैझगडा अनि एक-अर्कासँग बढी अपेक्षा हुँदैन । यिनीहरू आफ्नै दुनियाँमा रमाउँछन् ।

यति हुदाहुँदै पनि समाज मन खोलेर यस्तो सम्बन्धलाई स्वीकृति दिन तयार छैन । योग गुरु बाबा रामदेवले यस्ता व्यक्तिलाई योग र संयमसँगै काउन्सिलिङद्वारा सुधार्न सकिन्छ भनेका छन् । जे होस्, हरेक व्यक्तिलाई आफ्नो जीवन आफूखुसी बिताउने अधिकार हुन्छ तर पनि समाजको नियममा बाँच्न सक्नु राम्रो ।

–संगीता रौनियार


ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना खुल्यो

बिगत १३ बर्ष देखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा Basic, Advance, Diploma, Beautician Teachers Trainining, Hair Dressing र Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

********************************

नोट: यू. के., अमेरिका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेन्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१५०२१८, ठमेल चोक २१५०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८



Language/Computer

TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)

Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others

बिशेष व्यवस्था: बिदेश जाँने र जान्दै नजान्नेहरुका लागि

Computer: Hardware & Networking

Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)

Osish Language & Computer Center (OLC)

New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414 | New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226 | Adwait Marg (Bagbazar): Tel: 4232866 | Lagankhel (Bus Park): Tel: 5004018



यौन शक्ति

जस्तो सुकै यौन दुर्वलता र कमजोरीका लागि

Herbal Levitra प्रेसर र सुगर हुनेलाई पनि उपयुक्त

A Quality Product of Germany

जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि

शीघ्रपतनका लागि Dr. Power Gel

जाँड-रक्सीको कुलत छुटाउन

मोटोपना घटाउन/तौल बढाउन

(३ मिनेटमा ५ ईन्च सम्म पेट, हिप र थाई घटाउन)

कपाल सम्बन्धि सम्पूर्ण उपचार

स्तन बढाउन घटाउन र टाईट गर्न

Cash Guaranteed Result

Helpline: 4672065, 2084130, 9851034690



Real-Life

SPOKEN ENGLISH

Real Life Accent | Fluency | Accuracy

अंग्रेजी भाषा प्रशिक्षणमा लामो अनुभवि शिक्षकशिक्षिकाद्वारा तयार पारिएको Course Syllabus जसमा वास्तविक जीवनमा प्रयोग हुने बोलीचालीको भाषालाई बढि प्राथमिकता दिइएको छ । यो कोर्ष ४८ घण्टाको हुनेछ ।

(Free: Books, CDs, Handouts. Audio-Visual and Internet facility)

STUDY ABROAD

UK, USA, Canada, Australia, Cyprus, New Zealand, Switzerland, Japan, Malaysia, Singapore & More

TESTS PREPARATION

IELTS, TOEFL, SAT, GRE, GMAT

(Free: Books, CDs, and Internet facility)

Attractive Discount Scheme

FOCUS Education & Consultants

Focused on students success

Putalisadak (Way to Dillibazar), Kathmandu

Tel: 4421637, 4421868

E-mail: info@focusedu.com.np, focusedu@wlink.com.np

www.focusedu.com.np



हरेक महिलाले जान्नै पर्ने

बेकरी/कूकिङ्

अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम फागुन २ गते देखि शुरू हुँदैछ । भर्ना खुल्यो ।

| | |
|---|---|
| • कण्टिनेण्टल कूकिङ् | बिहान ११:०० बजे |
| • बेकरी | दिउँसो १२:३० बजे |
| • चाईनिज कूकिङ् | दिउँसो २:०० बजे |

जमलेश्वर इन्स्टिच्यूट

(first & the foremost)

जमल– रानीपोखरी कर्नर, कमलाक्षी टोल

फोन नं. ४२४२६७१ / ९७४११९४५८५



के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?

युवा स्वरोजगारमा आश्चर्यजनक सफलता

नेपालमा पहिलो

उद्यमशीलता तालिम तथा रोजगारी विकास

फोटोग्राफी

भिडियोग्राफी

नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)

महिला तथा विद्यार्थीहरुका लागि ५०% छुट

KANTIPUR PHOTOGRAPHY

पुतलीसडक चोक, काठमाडौं

४४४३३१९, ९८४१-३२२७७७



होटल तालिम

(१००% रोजगारी मुलक)

कुक (इण्डियन, चाईनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, वारमेन, होटल सुपरभाइजर, क्याप्टेन, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।

*५ तारे होटलमा कार्यरत अनुभवी प्रशिक्षक बाट तालिम दिइने ।

*टाढाबाट आएका र बिदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था ।

*Ex-practical को लागि होटलहरुमा पठाईने ।

अन्तराष्ट्रिय पर्यटन विकास तथा होटल व्यावस्थापन तालिम प्रा.लि.

बालाजु चोक, काठमाडौं

फोन: 01-4384548



होटल तालीम

छुट (%)

*Cook *Waiter *Bakery
*Housekeeping *Front Office
*Bartender *Coffee making *Hotel Mgmt
*F & B Mgmt *Airlines Ticketing
*Tour & Travel Mgmt *Care giver

International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)

ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.

नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)

फोन नं: ४४९३८०१, २०८२७३१

(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।